परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **आहुतिको उपन्यासकारिता** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागमा एम ए. दोस्रो वर्षको  दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषयपरिचय

आहुति (२०२३) नेपाली साहित्यको प्रगतिवादी धारका सशक्त प्रतिभा हुन् । आधुनिक नेपाली साहित्यको विविध विधामा कलम चलाए पनि उनको कविता र उपन्यास विधा उर्वर देखिन्छ । उनी वि.सं. २०४३ मा काठमाडौँबाट प्रकाशित 'दियो' पत्रिकामा **शिलापत्रको हकदार** एकाङ्की प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका हुन् । साहित्य र राजनीति दुबैमा सक्रिय आहुति मार्क्सवादी चिन्तनबाट प्रभावित छन् । उनका **तपस्वीका गीतहरू** (कवितासङ्ग्रह, २०४९), **नयाँ घर** (उपन्यास, २०५०), **स्खलन** (उपन्यास, २०५९), **हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न** (२०६०) र **धुवाँ, आगो र मानिस** (अनुवाद उपन्यास, २०६१) प्रकाशित पुस्तकाकार कृतिहरू हुन् । विभिन्न पत्रपत्रिकामा यिनका विविध विधाका थुप्रै लेख/रचनाहरू प्रकाशित छन् । खासगरी राजनीतिक विषयलाई अँगालेर लेखिएका यिनका उपन्यासहरूले समकालीन यथार्थको चित्रण, अन्याय र शोषणका विरुद्ध विद्रोह, वामपन्थी राजनैतिक उतारचढाव, स्खलित वामपन्थी चरित्रको अङ्कन सर्वहारावादी दृष्टिकोण, मानवतावाद, नारीचेतनाजस्ता तथ्यहरूलाई अगाडि सारेका छन् । आहुतिका कृतिहरूको छिटपुट अध्ययन र चर्चाहरू भए पनि समग्र

उपन्यासकारिताको अध्ययन हुन सकेको छैन । यस शोधकार्यमा उनका औपन्यासिक कृतिहरूको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

नेपाली साहित्यका विभिन्न विधा र टेलिचलचित्रको पटकथा लेखनमा समेत कलम चलाउने आहुति मूलतः उपन्यासकार हुन् । हालसम्म उनको समग्र उपन्यासकारिताको अध्ययन हुन सकेको छैन । यस शोधपत्रमा उनको उपन्यासकारितामा केन्द्रित भई निम्नअनुसारका समस्याहरू उठाइएको छ :

१. आहुतिको जीवनी र उपन्यासलेखनका बीच के-कस्तो सम्बन्ध रहेको छ ?

२. औपन्यासिक तत्त्वका आधारमा आहुतिका उपन्यासहरू के-कस्ता रहेका छन् ?

३. समाजपरक समालोचनाका आधारमा आहुतिका उपन्यासहरू के-कस्ता रहेका छन् ?

## १.५ शोधपत्रको उद्देश्य

आहुतिको उपन्यासकारितालाई मूल समस्या मानी अध्ययन गरिएको प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नअनुसारका रहेका छन् :

१. आहुतिको जीवनी र उपन्यासलेखनका बीचमा रहेको सम्बन्धको उल्लेख गर्ने ।

२. औपन्यासिक तत्त्वका आधारमा आहुतिका उपन्यासहरूको विश्लेषण गर्ने ।

३. समाजपरक समालोचनाका आधारमा आहुतिका उपन्यासहरूको विश्लेषण गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

आहुतिका बारेमा विभिन्न पत्रपत्रिका र समालोचनात्मक कृतिमा विभिन्न साहित्यकार र समालोचकहरूले फाटफुट रूपमा चर्चा गरेका छन् जसलाई कालक्रमिक ढङ्गले निम्नअनुसार प्रस्तुत गरिएको छ :

पारिजात (२०४९) ले 'हत्केलाका फोकाहरू, एक जोडा आँखाहरू, आहुतिका कविताहरू' शीर्षकको **तपस्वीका गीतहरू** कवितासङ्ग्रहको भूमिकामा आहुतिलाई मानसिकता बिथोलिदिएर मान्छेको जातलाई समाजमा ऐना हेर्न बाध्य तुल्याउन सक्षम सर्जकको रूपमा चित्रण गरेकी छन् ।

न्यायिक मञ्च प्रकाशन प्रा.लि. (२०५०) ले **नयाँ घर** उपन्यासको प्रकाशकीय भूमिकामा यसलाई नेपाली कम्युनिस्ट आन्दोलनलाई केन्द्रबिन्दुमा राखेर लेखिएको पहिलो उपन्यासका रूपमा उल्लेख गरेको छ ।

मोहनविक्रम सिंह (२०५०) ले 'एउटा नयाँ र साहसिलो प्रयोग' शीर्षकको भूमिकामा **नयाँ घर** उपन्यासले राजनीतिलाई मात्र आफ्नो विषयवस्तु नबनाई सिधै कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टीको कथालाई अगाडि बढाएको छ भनेका छन् ।

चैतन्य (२०५०) ले '**नयाँ घर** एक नयाँ आयाम' शीर्षकको भूमिकामा **नयाँ घर**ले वर्गसङ्घर्षको हरियो धर्तीमा खडा सजीव तथा सक्रिय मान्छेहरूका, कम्युनिस्ट आन्दोलनका क्रियाशील तथा सचेत योद्धाहरूका मनोभावहरूलाई सङ्घर्षको गतिमा समेटेर तिनलाई नयाँ उचाइ प्रदान गर्दै एक नयाँ आकारमा अभिव्यक्ति दिने प्रयास गरेको कुरा उल्लेख गरेका छन् ।

खगेन्द्र सङ्ग्रौला (२०५१) ले **वेदना** पत्रिकामा 'आहुतिको **नयाँ घर** एक पाठकको दृष्टिमा' शीर्षकको लेखमा आहुति शोषित र पददलित नेपाली जीवनको पींधबाट ब्युँझेर आफ्नो वर्गको मुक्तिका निम्त वर्गसङ्घर्षको बौद्धिक र व्यावहारिक दुबै मोर्चामा डटेका प्रतिभाशाली र लडाकु युवक हुन् भनेका छन् ।

राजेन्द्र सुवेदी (२०५३) ले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** नामक कृतिमा **नयाँ घर**मा निम्नवर्गीय समाजको उपज सर्वहाराकरणको अभियान एकातिर उपन्यासको उद्देश्य रहेको छ भने नेपालको कम्युनिस्ट पार्टीको स्वरूप, संस्कार र संरचनामा दिनप्रतिदिन बढ्दै गएको पुँजीवादी, नवधनिकवादी विकृतियुक्त संस्कारलाई सचेततापूर्वक स्थापित गरेको कुरा बताएका छन् ।

ताराकान्त पाण्डेय (२०५३) ले **कला साहित्य भूमिका र मूल्याङ्कन** नामक पुस्तकमा आहुतिलाई सङ्घर्षको निरन्तरता र आमूल परिवर्तनको गणतन्त्रवादी चेत बोकेका साहित्यकारका रूपमा चिनाएका छन् ।

घटराज भट्टराई (२०५६) ले **नेपाली लेखक कोश**मा आहुतिलाई राजनीतिक र सामाजिक चिन्तनमा रमाउने तथा आफ्ना विचार समाजकै लागि आहुति दिने साहित्यकारका रूपमा चिनाएका छन् ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६) ले **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास** नामक कृतिमा **नयाँ घर** नेपाली उपन्यासका क्षेत्रमा देखिएको बृहत् कायको प्रगतिवादी उपन्यास हो भनेका छन् ।

गोपीन्द्र पौडेल (२०५९) ले **सौन्दर्यबोध र समीक्षा विविध** भन्ने पुस्तकमा आहुतिलाई मानवीय मूल्य अपहरण भएको वर्तमानको सामाजिक संरचनाप्रति वितृष्णा तथा मानवीय स्वतन्त्रता र स्वाधीनताको पक्षमा आवाज उठाउने सर्जक भनी चिनाएका छन् ।

खगेन्द्र सङ्ग्रौला (२०५९) ले **स्खलन** उपन्यासको आवरणमा रहेको भूमिकामा क्रान्तिकारी त्यागको आदर्शबाट यथास्थितिवादी भोगको दलदलमा स्खलित भई आदर्शलाई ढोँग र भोगलिप्सालाई आदर्श ठान्ने हदसम्म क्षयीकृत हुन पुगेको पात्र ग्रीष्मराज पौड्यालको खिचातानियुक्त मनोदशाको मिहिन प्रस्तुति हो भनेका छन् ।

ताराकान्त पाण्डेय (२०६०) ले **जनएकता** साप्ताहिकमा 'सिर्जना एक : मूल्याङ्कन अनेक' शीर्षकको समीक्षामा **स्खलन** उपन्यासले चालीसको दशकयता नपाली कम्युनिस्ट आन्दोलनको एउटा कित्तामा देखा परेको वैचारिक विघटन, मूल्यविघटन, नैतिक विचलनलाई कथावस्तु बनाएको उपन्यास हो भनेका छन् ।

डी.पी. अधिकारी (२०६०) ले **जनएकता** साप्ताहिकमा 'सिर्जना एक : मूल्याङ्कन अनेक' शीर्षकको समीक्षामा राजनीतिमा लागेका व्यक्तिहरूको वैचारिक **स्खलन**का कारण क्रान्ति कसरी तुहिएर जान्छ र त्यसको नकारात्मक असर समाजमा कसरी हुर्कदै जान्छ भन्ने कुरालाई **स्खलन**ले आफ्नो विषयवस्तु बनाएको कुरा उल्लेख गरेका छन् ।

नारायण ढकाल (२०६०) ले **जनएकता** साप्ताहिकमा 'सिर्जना एक : मूल्याङ्कन अनेक' शीर्षकको समीक्षामा **स्खलन** उपन्यासले २०४६ सालपछि वामपन्थी आन्दोलनभित्र हुर्कदै गएको व्यक्तिवाद स्वार्थ नैतिक विघटनलाई उजागर गर्दछ भनेका छन् ।

जगदीशचन्द्र भण्डारी (२०६०) ले **जनएकता** साप्ताहिकमा 'सिर्जना एक : मूल्याङ्कन अनेक' शीर्षकको समीक्षामा **स्खलन**ले डेढ दशक यता नेपाली वामपन्थी आन्दोलनभित्र हुर्कदै गएको वैचारिक विचलन र व्यक्तिवादी चरित्रवारे जानकारीमात्र

दिएको छैन, निम्नपुँजीवादी एवं रोमान्सकारी क्रान्तिकारीहरूको चरित्रबाट सजग रहन सन्देश दिएको कुरा उल्लेख गरेका छन् ।

ध्रुवबहादुर भण्डारी (२०६१) ले 'आहुतिको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षकको अप्रकाशित शोधपत्रमा आहुतिका उपन्यासहरूको औपन्यासिक तत्त्वहरूको आधारमा विश्लेषण गरेका छन् ।

राजेन्द्र सुवेदी (२०६२) ले 'प्रगतिशील नेपाली उपन्यास : परम्परा र प्रवृत्ति' शीर्षकको कार्यपत्रमा प्रगतिशीलताको दृष्टिले आहुतिका उपनयास सफल रहेको भन्दै **स्खलन**मा नेतृत्ववर्गको कुकर्मण्यताले  नेपाली समाज समग्रकोणबाट ध्वस्त बन्दै गरेको सन्दर्भ आएको कुरा उल्लेख गरेका छन् ।

रमेशप्रसाद भट्टराई (२०६२) ले प्रलेसद्वारा आयोजित गोष्ठीमा 'दलित परिप्रेक्ष्य: प्रगतिवादी नेपाली आख्यानका सन्दर्भमा' शीर्षकको कार्यपत्रमा आहुतिको **स्खलन** उपन्यासमा दलित सन्दर्भ भए पनि त्यो दलितकेन्द्री नभई ब्राह्मण चरित्रकेन्द्री उपन्यास भएको कुरा बताएका छन् । उनले यसमा कान्छी सर्किनीको छोरो राजाराम रम्तेलका माध्यमबाट राजनीतिमा दलितहरूमाथि परेको राजनीतिक आर्थिक पीडालाई प्रस्तुत गर्न खोजे पनि उपन्यासको मूल सन्देश दलितको पीडा र तिनको सङ्घर्षलाई प्रस्तुत गर्नु नभई कम्युनिस्ट पार्टी र यसको नेता, कार्यकर्ता र तिनको सङ्घर्षलाई विसङ्गति र भ्रष्टाचारले पारेको असर चित्रण गर्नु हो भनेका छन् ।

यसप्रकार केही चर्चापरिचर्चा भएको देखिए पनि आहुतिको उपन्यासकारिताको समग्र अध्ययन भने कसैले गरेका छैनन् । त्यसैले यस शोधपत्रमा आहुतिका प्रकाशित दुई उपन्यासहरूको विश्लेषण गरी उनको उपन्यासकारिता पहिल्याउने काम गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्त्व

नेपाली साहित्यका  बहुमुखी प्रतिभा आहुति नेपाली प्रगतिवादी उपन्यासका क्षेत्रमा ख्यातिप्राप्त छन् । आहुतिका बारेमा विभिन्न लेखक तथा समालोचकहरूको विभिन्न पक्षबाट समीक्षा गरे तापनि उनको उपन्यासकारिताको अध्ययन हुन नसकेका सन्दर्भमा प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ । यसका साथै आहुतिको

उपन्यासकारिताका बारेमा अध्ययन विश्लेषण गर्न चाहने जोसुकै व्यक्ति र अध्येताहरूलाई पनि यस शोधकार्यले थप जानकारी र सहयोग पुऱ्याउने हुँदा यस शोधकार्यको उल्लेख्य महत्त्व रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

आहुतिले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । प्रस्तुत शोधकार्यमा समग्र आहुतिको लेखनविधाको अध्ययन नगरी वि.सं. २०६३ सम्ममा प्रकाशित मौलिक उपन्यासहरूलाई आधार बनाई उनको उपन्यासकारिताको मात्र अध्ययन गरिएको छ । यही प्रस्तुत शोधकार्यको सीमाङ्कन हो ।

## १.९ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधकार्यको तयारी गर्दा पुस्तक र पत्रपत्रिकाको अध्ययन बढी गरिने हुँदा सामग्री सङ्कलनमा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । आफूभन्दा पूर्वका शोधकर्ताले आहुतिका बारेमा गरेका शोधपत्रलाई पनि सामग्रीको आधार बनाइएको छ । यसका साथै शोधशीर्षकसँग सम्बन्धित व्यक्ति तथा विशेषज्ञ, प्राध्यापक, समालोचक आदिबाट पनि आवश्यकताअनुसार अन्तर्वार्ताहरू लिई यथोचित सन्दर्भमा प्रयोग गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यमा जीवनीपरक, प्रभावपरक, कृतिपरक आदि विभिन्न समालोचनापद्धतिको यथोचित प्रयोग गरी सङ्कलित सामग्रीहरूको अध्ययन व्याख्यात्मक, विश्लेषणात्मक र विवरणात्मक ढङ्गले गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्नअनुसार परिच्छेद र शीर्षकमा तयार पारिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : आहुतिको साहित्यिक रचनाधर्मिता

परिच्छेद तीन : औपन्यासिक तत्त्वका आधारमा आहुतिका उपन्यासहरूको विश्लेषण

परिच्छेद चार : आहुतिका उपन्यासहरूको समाजपरक विश्लेषण

परिच्छेद पाँच : शोधनिष्कर्ष

प्रस्तुत शोधकार्यमा उपर्युक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी आहुतिको उपन्यासकारिताको अध्ययन गरिएको छ । अन्त्यमा शोधकार्यमा प्रयोग भएका पुस्तक, पत्रपत्रिका, शोधपत्रहरूको सूची र परिशिष्टसमेत प्रस्तुत गरिएको छ ।

परिच्छेद दुई

# आहुतिको साहित्यिक रचनाधर्मिता

## २.१ आहुतिको जीवनी र व्यक्तित्व

आहुतिको जन्म वि.सं. २०२३ चैत १ गते मङ्गलबारका दिन बागमती अञ्चल काठमाडौं जिल्लाअन्तर्गत नयाँ नैकाप गा.वि.स. वडा नं. ९ भ्कोलेटोलमा भएको हो । उनको नागरिकतामा उल्लिखित जन्ममिति भने वि.सं. २०२४ साल चैत १ गते रहेको छ (हेर्नू; परिशिष्ट १) । आहुति हर्षबहादुर दुलालको नाति तथा राधाकृष्ण दुलाल र कान्छी दुलालको कान्छो सन्तान हुन् । आर्थिक स्थिति एकदमै कमजोर भएको दलित सार्की जातको परिवारमा जन्मिएका आहुतिको न्वारनको नाम रामभक्त दुलाल हो भने बोलाउने नाम विश्वभक्त दुलाल हो । यसैगरी साहित्य सिर्जनामा उनलाई आहुति, अमलेख, अरूणकुमार सिंह, आयुष्मान श्रेष्ठ, अमर सिन्धुलीय, आकाश, आशा लामा उपनामले चिनिन्छ (हेर्नू; परिशिष्ट १) । यति धेरै छद्‌मनामबाट लेखन कार्य गरे तापनि आहुति नामले नै सबैतिर चिनिने गरेका छन् । आहुतिका दुई दाजुहरू र दिदीहरू रहेका छन् ।

### २.१.१ बाल्यकाल

आहुतिको जन्मपूर्व नै उनका बुबाको क्षयरोगका कारण मृत्यु भएको थियो । त्यसैले उनको बाल्यकाल कष्टपूर्ण ढङ्गले बितेको थियो । घरमा भएको चलअचल सम्पत्ति बुबा र फुपूको उपचार गर्दा नै सकिएकाले यिनको पारिवारिक आर्थिक स्थिति सङ्कटमय रहेको पाइन्छ । जीवनयापनका क्रममा यिनले बाल्यकालमा पुर्ख्यौली पेसालाई केही समय अवलम्बन गरेका थिए । आफ्नो स्कुलको फिस तिर्न र परिवारमा बिहानबेलुकी छाक टार्न सङ्कट परेपछि हजुरबा र दिदीसँगै छालाको जुत्ता बनाउने, बनेको जुत्ता सहरका पेटीपेटीमा लगेर बेच्ने जस्ता कामहरू गरेका थिए । त्यसैगरी उनले दिदीसँग तानमा बसेर कपडा बुन्ने काम पनि गरेका थिए (हेर्नू,परिशिष्ट १) ।

### २.१.२ शिक्षा

आफू दलित भए पनि तत्कालीन समयमा नै आहुतिको हजुरबा साक्षर थिए । आहुतिका पिता राधाकृष्ण दुलालले पनि दस कक्षासम्मको औपचारिक अध्ययन गरेका थिए । हजुरबा तथा बुबा दुबै शिक्षित हुनुको प्रत्यक्ष प्रभाव आहुतिमा पनि परेको थियो । आहुतिका दाजु तथा दिदीहरूलाई पनि स्कुल पठाइए तापनि चर्को आर्थिक पीडाका कारण ४ कक्षासम्म मात्र पढ्न पाएका थिए । वि.सं. २०३१ देखि आहुतिको औपचारिक शिक्षा स्थानीय विद्यामन्दिर माध्यमिक विद्यालयबाट प्रारम्भ भएको थियो । विद्यालयमा उनी मेधावी छात्रका रूपमा चिनिन्थे । दलित छात्र भएकै कारण स्कुलमा पेन्सिल खोसिदिने, शिक्षकद्वारा भेदभाव गर्ने जस्ता घटनाबाट पीडित देखिन्छन् । यसैगरी कक्षा-४ को परीक्षाफल प्रकाशित गर्दा उनी प्रथम भएको भए तापनि दलित भएकै नाताले तेस्रोसम्म मात्र बनाइए (हेर्नू,परिशिष्ट १) । कक्षा ६ देखि भने प्रथम हुने विद्यार्थीलाई निःशुल्क पढाउने भनिएपछि आहुतिले निःशुल्क शिक्षा लिन पाएका थिए । उनले वि.सं. २०४० मा प्रवेशिका (एस्.एल्.सी.) उत्तीर्ण गरेका थिए (हेर्नू,परिशिष्ट १) । कलेजमा आफ्नो चिकित्साशास्त्र पढ्ने रहर हुँदाहुँदै पनि छिट्टै जागिर खानुपर्ने बाध्यताले उनी दुईवर्षे सिभिल ओभरसियर पढ्न काठमाडौँस्थित पुलचोक इन्जिनियरिङ क्याम्पसमा भर्ना भए । क्याम्पस जीवनको प्रारम्भसँगै तत्कालीन **सर्वहारावादी श्रमिक सङ्गठन नेपाल** नामक भूमिगत कम्युनिस्ट पार्टीको सम्पर्कले उनको पढाइ अधुरै राखेर राजनीतिमा प्रवेश गरायो । वि.सं. २०४६ को राजनैतिक परिवर्तनपछि एकजना मित्रको इच्छापूर्ति गर्न आई.ए.को परीक्षा उत्तीर्ण गरे । यसरी आई.ए. सम्मको प्रमाणपत्र भए तापनि आहुति आफ्नो औपचारिक शिक्षा १० कक्षा मात्र बताउँछन् (हेर्नू परिशिष्ट १) ।

### २.१.३ पारिवारिक आर्थिक पृष्ठभूमि

आर्थिक दृष्टिले आहुतिको परिवार एकदमै कमजोर थियो । उनको हजुरबा र बुबा दुबैले पुर्ख्यौली पेसालाई अवलम्बन गरेका थिए । बुबा र फुपूको उपचारमा भएभरको जायजेथा सकिएपछि हजुरबाको जुत्ता सिउने पेसा र दिदीको तानले परिवार धानेको थियो । आर्थिक अभावकै कारणले उनका दाजु तथा दिदीहरूले पढाइ छोडेका थिए । आहुति आफू पनि जुत्ता बनाउने र सहरका विभिन्न ठाउँहरूमा लगेर

बेच्ने गर्दथे । यतिमात्र होइन, आफ्नो पढाइ र बिहानबेलुकीको छाक टार्ने समस्याको समाधानार्थ उनी राति २:०० बजेसम्म दिदीसँगै तानमा बस्थे (हेर्नू,परिशिष्ट १) । सानैदेखि आर्थिक सङ्कट खेपेका आहुति हाल मानभवनमा डेरा गरी बसोबास गर्दछन् ।

### २.१.४ विवाह र दाम्पत्य जीवन

आहुतिको विवाह वि.सं. २०४८ मा अञ्जना विशङ्खेसँग परम्परागत ढङ्गले भएको थियो । आन्तरिक मनमुटावका कारण अञ्जना विशङ्खेसँग उनले २०५९ मा सम्बन्ध विच्छेद गरे । त्यसपछि उनको दोस्रो विवाह वि.सं. २०६० मा बुद्धलक्ष्मी महर्जनसँग भयो (भण्डारी,२०६१: ९)। दुईवटै श्रीमतीहरूबाट एक/एकजना छोरी गरी हाल उनका दुई छोरीहरू छन् । अहिले आहुतिको परिवारमा आमा, दिदी, श्रीमती र दुई छोरीहरू रहेका छन् ।

### २.१.५ जीवनदर्शन

आहुतिको वैचारिक धरातल मार्क्सवादबाट प्रभावित छ । उनी द्वन्द्वात्मक भौतिकवादलाई मूल दर्शनका रूपमा अङ्गीकार गर्छन् (हेर्नू,परिशिष्ट १) उनको जीवनप्रतिको दृष्टिकोण पलायनवादी नभई आशावादी रहेको छ । उनको विचारमा मानवजीवन आफैँमा सार्वभौम गतिशील तथा प्रगतिउन्मुख छ, भौतिकवादी द्वन्द्ववादको दृष्टिकोणबाट विश्लेषण गरियो भने मात्र महानतम् मानव जीवनको सही व्याख्या गर्न र त्यसको अग्रगामी यात्रालाई बुझ्न सकिन्छ । आहुति पूर्णतः मार्क्सवादबाट प्रभावित भएको पुष्टि उनको लेखनबाट पनि हुन्छ । उनी हरेक कुरालाई द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तअनुरूप हेर्छन् ।

### २.१.६ साहित्यमा रुचि र प्रेरणा

साहित्यकर्म आहुतिको रुचिको विषय हो । यसैगरी निम्नवर्गीय समाजको उत्थानका लागि जीवन व्यतीत गर्नु नै उनको प्रमुख रुचि हो (भण्डारी,२०६१: १२) । आहुतिको साहित्यिक प्रेरणाको स्रोतका रूपमा तत्कालीन सामाजिक वातावरण, परिवेश, आर्थिक तथा जातीय विषमतालाई लिनुपर्छ । खासगरी लेखनमा प्रेरणाको

सिद्धान्तमाथि विश्वास नगर्ने आहुति नदी कुनै प्रेरणाले बग्दैन बरु वस्तुगत समग्र परिस्थितिले ऊ बग्न बाध्य हुन्छ भन्दै वातावरणलाई मुख्य प्रेरणास्रोतका रूपमा लिन्छन् (हेर्नू,परिशिष्ट १) । काठमाडौँमा नेवार जातिले देखाउने डबली नाटकहरू तथा राल्फ, फक्स, गोर्की हार्वड फास्टजस्ता व्यक्तिहरू पनि आहुतिको लेखनको प्रेरणा स्रोत हुन् (भट्टराई, २०६३:२२) ।

### २.१.७ **लेखन र प्रकाशनको प्रारम्भ**

आहुतिको लेखन तेरबर्से विद्यार्थी जीवनबाट नै प्रारम्भ भएको हो । विद्यार्थी जीवनमा नै उनले कविता, कथा आदि विधामा कलम चलाएका थिए । स्कुले जीवनदेखि नै लेखनकार्य गरे तापनि उनका कृतिहरूले प्रकाशनको अवसर भने वि.सं. २०४३ देखि मात्र प्राप्त गर्‍यो । वि.सं.२०४३ मा **शिलापत्रको हकदार** शीर्षकको एकाङ्की काठमाडौंबाट ‘दियो’ पत्रिकामा प्रकाशित गरी आहुतिले आफ्नो सार्वजनिक यात्रा प्रारम्भ गरेका हुन् (हेर्नू, परिशिष्ट १) । विधागत विविधताका आधारमा हेर्दा कविता अन्तर्गत **साँच्चै गर्छौं र तिमी** (दियो, २०४४), कथामा **पिँजडा र सुगा** ( उत्साह त्रैमासिक, २०४३), उपन्यासमा **नयाँ घर** (२०५०) उनका प्रकाशित प्रथम कृतिहरू हुन् । यसरी उनको प्रकाशन प्रारम्भ भने वि.सं. २०४३ देखि मात्र भएको पाइन्छ ।

### २.१.८ **सम्मान र पुरस्कार**

आहुतिलाई स्रष्टा प्रकाशनद्वारा प्रदान गरिने नेपाली प्रगतिशील साहित्यका क्षेत्रमा स्थापित पहिलो पुरस्कार ‘कृष्णमणि सिर्जनशील साहित्य पुरस्कार’ वि.सं. २०५० मा **तपस्वीका गीतहरू** (२०४९) कवितासङ्ग्रहलाई प्रदान गरिएको छ ।

## २.२ आहुतिको व्यक्तित्वका विभिन्न पक्षहरू

### २.२.१ **निजी व्यक्तित्व र स्वभाव**

आहुतिको शारीरिक व्यक्तित्व मझौलो कदको देखिन्छ । उनी ५’ ४” उचाइ, गहुँगोरो वर्ण तथा सदैव हसिलो अनुहारका देखिन्छन् । अध्ययनशील र सिर्जनशील

देखिने आहुति अन्तर्मुखी स्वभावका छन् । सानैदेखि कसैसित नडराउने, साथीहरूसँग मिलेर बस्ने, सहयोगी स्वभाव भएका आहुति मिलनसार र तार्किक छन् । उनी दलित परिवारबाट उठेको क्रान्तिकारी, जोधाहा, कर्तव्यनिष्ठ र स्पष्ट दृष्टि बोकेका जुझारु युवक हुन् (भण्डारी,२०६१: १२) । अन्यायका विरुद्धमा सदैव स्पष्ट धारणा राख्ने आहुति शोषित र पददलित नेपाली जीवनको पीँधबाट ब्युँझेर आफ्नो वर्गका मुक्तिका निम्ति वर्गसङ्घर्षको बौद्धिक र व्यावहारिक दुबै मोर्चामा डटेका प्रतिभाशाली र लडाकु युवक हुन् (सङग्रौला, २०५१: ११) । उनलाई स्पष्टवक्ता, अन्याय दमन र शोषणका विरुद्धमा सदैव आवाज बुलन्द गरिरहने तर्कशील र निर्भिक व्यक्तिका रूपमा देख्न सकिन्छ ।

### २.२.२ **साहित्यिक व्यक्तित्व**

आहुति नेपाली साहित्य जगत्का  उज्जवल नक्षत्र हुन् । उनले नेपाली साहित्यमा कविता, कथा, निबन्ध, एकाङ्की, उपन्यास, समालोचना र सामाजिक तथा राजनैतिक लेखहरू समेत लेखेका छन् । आहुतिले विविध विधामा कलम चलाए तापनि कविता र उपन्यास विधा बढी उर्वर देखिन्छ । उनलाई साहित्यिक व्यक्तित्वका रूपमा चिनाउने प्रकाशित अप्रकाशित कृतिहरूको सूची यसप्रकार छ :

| **शीर्षक** | **विधा** | **प्रकाशन मिति** |
|---|---|---|
| – तपस्वीका गीतहरू | कवितासङ्ग्रह | वि.सं. २०४९ |
| – **नयाँ घर** | उपन्यास | वि.सं. २०५० |
| – **स्खलन** | उपन्यास | वि.सं. २०५९ |
| – हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न | समाजशास्त्रीय राजनीतिक लेख | वि.सं.२०६० |
| – धुवाँ, आगो र मानिस | अनुवाद उपन्यास | वि.सं. २०६१ |
| – सामना | टेलिशृङ्खला | |

**अप्रकाशित कृतिहरूको सूची :**

| | |
|---|---|
| – नयाँ दिशा | उपन्यास |
| – एक प्रेम कथा | उपन्यास |
| – गहुँगोरो अफ्रिका | कवितासङ्ग्रह |
| – नाटक सङ्ग्रह | |
| – क्रान्तिकारीको मृत्यु | अनूदित कवितासङ्ग्रह |
| – दलित आन्दोलन सम्बन्धी लेख | |
| – प्रेम, विवाह र घरपरिवारबारे रचनासङ्ग्रह | |
| – नारीसम्बन्धी लेख | |
| – 'दलन' निर्माणाधीन टेलिशृङ्खला | |

आहुतिको साहित्यिक व्यक्तित्वका विविध पाटाहरूलाई यहाँ छुट्टाछुट्टै प्रस्तुत गरिन्छ :

### २.२.२.१ **कवि तथा गीतकार व्यक्तित्व**

आहुतिको साहित्यिक व्यक्तित्वको विविध पाटाहरूमध्ये कवि तथा गीतकार व्यक्तित्व मुख्य रूपमा देखिन्छ । यिनले तेरबर्से विद्यार्थी कालदेखि नै कविताको सिर्जना गरेका थिए । उनको पहिलो प्रकाशित फुटकर कविता 'साँच्चै गर्छौ र तिमी ?' (दियो, २०४४) हो । हालसम्म विभिन्न पत्रपत्रिकाहरूमा यिनका तीन दर्जन जति फुटकर कविताहरू प्रकाशित भएका छन् । उनको प्रकाशित कवितासङ्ग्रह भने **तपस्वीका गीतहरू** (२०४९) हो, जसमा पच्चीसओटा फुटकर कविताहरू सङ्गृहीत छन् ।

आहुति प्रगतिवादी कवि हुन् । यिनको कवितामा सामाजिक जीवनको यथार्थ चित्रण, नारीका विविध समस्याहरूको उठान, क्रान्तिकारी चेतना, साम्राज्यवादी राज्यसंरचनाप्रति विद्रोह, जातीय उत्पीडनको विरोध, सामन्त तथा जमिन्दार वर्गद्वारा किसानमाथि गरिएको शोषणको चित्रण आदि मुख्य विशेषताहरू पाउन सकिन्छ । आहुतिका कवितामा मानवीय मूल्य अपहरण भएको वर्तमानको सामाजिक

संरचनाप्रति वितृष्णा तथा मानवीय स्वतन्त्रता र स्वाधीनताको पक्षमा मृदुगीत गाइएका छन् (पौडेल,२०५९: २१) । **तपस्वीका गीतहरू** (२०४९) बाहेक पत्रपत्रिकामा प्रकाशित प्रमुख कविताहरू यसप्रकार छन् : 'गहुँगोरो अफ्रिका' (मूल्याङ्कन ११:१४,२०५०), 'आजादहरू' (विपुल; २०५१) 'के लेख्ने ?' (कलम २:४, २०५१), 'सेतो आतङ्ककारीलाई रातो आतङ्ककारीको जवाफ' (जनादेश १०:२८,२०५८), 'श्रीपेच बम बोकेको आतङ्ककारी' (शब्द संयोजन: २०५१), 'गणतन्त्रको क्षेत्रफल' ( वेदना: २०६१), 'मैले घाँस खान सकिनँ' (मूल्याङ्कन, २०६२) आदि । यी पत्रपत्रिकाहरूमा प्रकाशित र अप्रकाशित केही फुटकर कविताहरूको सँगालो गहुँगोरो अफ्रिका तथा क्रान्तिकारीको मृत्यु प्रकाशोन्मुख अवस्थामा रहेका छन् (हेर्नू,परिशिष्ट १) ।

आहुतिले कविताका साथसाथै केही गीतहरूको पनि रचना गरेका छन् । उनले सामन्तवादप्रतिको जनआक्रोशलाई गीतमार्फत प्रस्तुत गरेका छन् । उनीद्वारा रचित गीतहरू स्वरबद्धसमेत भइसकेका छन् । उनका प्रमुख गीतहरूको विवरण यसप्रकार छ :

| **गीतशीर्षक** | **एल्वम** | **गायन** | **सङ्गीत** |
|---|---|---|---|
| गो इन्डिया गो | इन्कलाब जिन्दावाद | सुमन, कुस्मिता | वदन शर्मा |
| चीसो मुढा .... | इन्कलाब जिन्दावाद | कुस्मिता, नारायण | हिसन समाल |
| आँखाको विच्छ्याउनीमा | राप | भगीरथ | भगीरथ |
| यो अँध्यारो रात | सामना | पवित्रा | रत्नबहादुर |
| यो कारखाना हो कि ... | पसिनाको थोपा | विकास, सुमन | सुमन |

आहुतिका गीत तथा कविताहरूले पीडित, शोषित, पददलित किसान तथा गरिबवर्गको आवाजहरूलाई मुखरित गरिदिएका छन् । उनका कविताले सङ्घर्षको निरन्तरता र आमूल परिवर्तनको गणतन्त्रवादी चेत बोकेको छ (पाण्डे, २०५३: १९) ।

### २.२.२.२ कथाकार व्यक्तित्व

आहुतिको अर्को साहित्यिक व्यक्तित्व कथाकार व्यक्तित्व हो । अरू विधाजति यो विधा उर्वर देखिदैन । उनले वि.सं. २०४३ मा लेखेको 'पिंजडा र सुगा' नै अहिलेसम्मको उनको एक मात्र कथा हो ।

### २.२.२.३ उपन्यासकार व्यक्तित्व

आहुतिको अर्को साहित्यिक व्यक्तित्व उपन्यासकार व्यक्तित्व हो । कविता विधा जत्तिकै उर्वर यो विधामा आहुतिले वि.सं. २०५० मा **नयाँ घर** उपन्यासको प्रकाशन गरी प्रवेश गरेका हुन् । आहुतिको हालसम्ममा दुईओटा मौलिक र एकओटा अनूदित समेत गरी तीनओटा उपन्यासहरू प्रकाशित छन् । ती हुन् :

– **नयाँ घर** (२०५०)

– **स्खलन** (२०५९)

– **धुवाँ आगो र मानिस** (२०६१, अनूदित) ।

यो प्रकाशित उपन्यासका अतिरिक्त आहुतिको **नयाँ दिशा** र **एक प्रेमकथा** शीर्षकका उपन्यासहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

आहुति प्रगतिवादी उपन्यासकार हुन् । उनका उपन्यासहरूमा सामाजिक विकृतिको चित्रण, आर्थिक शोषण र यसविरुद्ध वर्गीयचेतना, सामन्त तथा जमिन्दार वर्गद्वारा गरिब तथा किसानवर्गप्रति गरेको शोषण, पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य, सामन्तवाद तथा विस्तारवाद विरोधी राजनीतिक चेतना, सत्तामोहमा लिप्त कथित वामपन्थीहरूप्रति व्यङ्ग्य आदि जस्ता विशेषताहरू पाउन सकिन्छ । मार्क्सवादी दर्शनबाट प्रेरित आहुतिको **नयाँ घर** (२०५०) उपन्यासमा व्यक्तिगत स्वार्थबाट उठेर सामुहिक स्वार्थ प्राप्तिका लागि समाजमा भइरहेका अन्याय, शोषणप्रति क्रान्ति गर्न आह्वान गरिएको छ । **नयाँ घर** उपन्यासमा पञ्चायतकालीन सामाजिक यथार्थको चीत्रण गरिएको छ । यसैगरी **स्खलन** (२०५९) उपन्यासमा बहुदलीय व्यवस्थाको स्थापना भइसकेपछि नेताहरूमा देखिएको व्यक्तिगत स्वार्थ र सत्तामोह तथा सैद्धान्तिक पतन देखाइएको छ । पञ्चायतकालमा भूमिगत जीवन बिताएर क्रान्ति गरेका नेताहरू सत्तामा पुगेपछि आमजनभावना विरुद्ध गई निजी स्वार्थमा लिप्त

भएका र क्रुप्सकाया बन्ने लक्ष्य बोकेर वैवाहिक सम्बन्धमा बाँधिएका नारीहरू तिनका कथित क्रान्तिकारी लोग्नेहरूबाट घरमा मात्र सीमित पारिएपछि तिनमा उत्पन्न मानसिक विक्षिप्तताको चित्रण **स्खलन** उपन्यासमा गरिएको छ । भारतीय उपन्यासकार शिवनारायण श्रीवास्तवद्वारा लिखित **धुँवा, आगो र मानिस** उपन्यासको अनुवाद आहुतिले गरेका छन् । यो उपन्यासमा पनि मजदुरमाथि गरिएको दमन र शोषणको चित्रण छ ।

### २.२.२.४ निबन्धकार व्यक्तित्व

आहुतिको निबन्धकार व्यक्तित्व उतिसारो उर्वर देखिदैन । वि.सं. २०५२ असार २२ गते 'जनएकता' साप्ताहिकमा प्रकाशित 'तिमीलाई थाहा छ, एकादेशमा बेइजिङ भन्ने देश छ' शीर्षकको निबन्ध आहुतिको प्रथम प्रकाशित निबन्ध हो । निबन्ध नै भनेर नलेखिए तापनि 'जनएकता' साप्ताहिकमा प्रकाशित उनका नारीस्तम्भ र संस्कृतिचिन्तन स्तम्भमा लेखिएका लेखहरू निबन्धको कोटिमा पर्दछन् । यी लेखहरूमा नारीका समस्या र सांस्कृतिक कुराहरूलाई मुख्य विषयवस्तु बनाइएको छ ।

### २.२.२.५ एकाङ्कीकार व्यक्तित्व

आहुतिमा साहित्य यात्रा एकाङ्कीको लेखन तथा प्रकाशनबाट नै प्रारम्भ भएकाले पनि उनको एकाङ्कीकार व्यक्तित्व निकै महत्त्वपूर्ण छ । कविता र उपन्यास पछिको उनको यो उर्वर विधा हो । आफ्नो तेरबर्से विद्यार्थी कालमा नै यिनले **ईर्ष्या** नामक एकाङ्की लेखेर गाउँकै डबलीमा मञ्चनसमेत गराएका थिए । यसैगरी यिनको पहिलो प्रकाशित एकाङ्की 'शिलापत्रको हकदार' (दियो, २०४३: काठमाडौं) हो । यस एकाङ्कीमा मजदुरहरूको निम्ति अधिकारको माग गरिएको छ । आहुतिको 'पहरा ब्युँझदै छ' (२०४४) र 'झुक्न मान्दैन हिमाल' (२०५६) शीर्षकका अन्य दुई एकाङ्कीहरू पनि प्रकाशित छन् । यी एकाङ्कीहरूमा शोषित, पीडित, मजदुर गरिब तथा किसानको समस्याको उजागर र अधिकारको माग गरिएको छ ।

उनका केही पत्रपत्रिकामा प्रकशित र केही अप्रकाशित एकाङ्कीहरूको सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ ।

## २.२.२.६ अनुवादक व्यक्तित्व

आहुति मौलिक लेखनका साथै अनुवाद पनि गर्दछन् । उनले संसारका विभिन्न भाषाका विविध विधाका कृतिहरू अनुवाद गरेका छन् । उनीद्वारा अनुदित पहिलो कृति जनएकता साप्ताहिकमा वि.सं. २०५२ मा प्रकाशित नाजिम हिक्मतको 'तिम्रो हात' शीर्षकको कविता हो । उनले पाब्लो नेरुदा, बर्टोल्ड ब्रेख्त, सेली आदि विश्वप्रसिद्ध कविहरूका कविताहरूको नेपाली भाषामा अनुवाद गरेका छन् । यी अनूदित कविताहरूको सङ्ग्रह 'क्रान्तिकारीको मृत्यु' प्रकाशोन्मुख अवस्थामा रहेको छ (हेर्नु,परिशिष्ट १) । आहुतिले भारतीय उपन्यासकार शिवनारायण श्रीवास्तवद्वारा लिखित **धुवाँ, आगो र मानिस**को नेपाली भाषामा अनुवाद गरी वि.सं. २०६१ मा प्रकाशन पनि गरेका छन् । यस उपन्यासमा भारतीय गरिब किसानहरूमाथि जमिन्दार वर्गले गरेको शोषणको चित्रण छ ।

यो एउटा मजदुरको जीवनभोगाइ र सङ्घर्षलाई लिएर लेखिएको उपन्यास हो । यसको प्रमुख पात्र शफरी हो । शफरीको बाबु ग्रामीण इलाकामा बस्ने किसान हो । सामन्तको अत्याचारका कारण बाबुको मृत्यु हुन्छ । त्यसपछि आमा रामीले विभिन्न ठाउँहरूमा विविधखाले हन्डरहरू खाँदै शफरीलाई हुर्काउछे । जब शफरी अन्य मजदुरहरूसँग काम गर्न जानथाल्यो तब उसले मजदुरहरूलाई सामन्तहरूले शोषण गरेको थाहा पायो । यो देखेर उसभित्रको युवा शक्ति जागृत हुँदै आयो । यसै क्रममा रातो झन्डावालहरूको संसर्गमा ऊ समाहित हुन्छ । बाबुआमाबाट एक्लिएकी राधा एक मजदुरसँग बिहे गर्नपुग्छे तर उसको लोग्ने दुर्घटनामा परी मर्छ । यही राधासँग शफरीको बिहे हुन्छ । मजदुर  हितको पक्षमा विविध समस्याहरूलाई उठाएर कारखाना हड्तालजस्ता कार्यक्रमहरू गरेर अगाडि बढिरहेको शफरीलाई एकदिन ओछ्यानबाटै गिरफ्तार गरिन्छ । उसलाई आफूले गरेको कार्यप्रति माफी मगाउन पुँजीपतिवर्गका हिमायतीहरू तल्लीन रहे पनि ऊ माफी माग्दैन ।

यस उपन्यासमा गरिब तथा मजदुरमाथि सामन्तहरूले गरेको शोषणको यथार्थ र कारुणिक प्रस्तुति छ । पुँजीपतिवर्गकाहरूको हृदयहीनताको पराकाष्ठा यो उपन्यासमा भेटिन्छ । यसमा वर्गसङ्घर्षको राम्ररी चित्रण गरिएको छ । आफू कम्युनिस्ट हुनुको प्रभाव आहुतिको यो उपन्यास अनुवादमा देखापरेको छ । उपन्यासलाई छायानुवाद गर्ने क्रममा आहुतिले निकै होस पुऱ्याएको देखिन्छ । यसको अनुवादमा भावलाई खज्मजिन नदिन भाषामा ज्यादै मेहनत गरेका छन् । यति हुँदाहुँदै पनि यस उपन्यासका केही ठाउँमा हिन्दी भाषाका लवजको प्रत्यक्ष प्रभाव देखिन्छ । उपसंहारसहित छब्बीस खण्डमा संरचित यस उपन्यासले सामान्य मजदुरको कथालाई विषय बनाएर पुँजीपति वर्गविरुद्ध सङ्घर्ष गर्न आह्वान् गरेको छ । यो उपन्यास औपन्यासिक शिल्पका दृष्टिले भन्दा भावका दृष्टिले उच्चकोटिको ठहर्न पुग्छ ।

### २.२.२.७ भूमिका लेखक, समीक्षक र समालोचक व्यक्तित्व

आहुतिमा स्रष्टा व्यक्तित्वका साथै द्रष्टा व्यक्तित्व पनि रहेको छ । उनले शरद पौडेलद्वारा लिखित 'गुमा' गीतिनाटकको भूमिका लेखेका छन् । यसैगरी उनले 'जनएकता' साप्ताहिकका विभिन्न अङ्कहरूमा गीत, एल्बम, क्यासेट तथा चलचित्रहरूको समीक्षा छद्मनामबाट गर्ने गर्दथे (हेर्नू,परिशिष्ट १) । आहुतिले लेखेको 'ओझेलमा परेको संस्कार उजागर गर्ने प्रयत्न -गुमा' शीर्षकको समालोचना 'जनएकता' (२०६०, ९:१६) साप्ताहिकमा प्रकाशित छ । त्यस्तै 'कीरा नलागेको बन्दागोभीः पल्पसा क्याफे' शीर्षकको समालोचनात्मक लेख मूल्याङ्कन (२०६२: २२:१३४) मासिक पत्रिकामा प्रकाशित भएको छ ।

### २.२.२.८ टेलिचलचित्रको पटकथा लेखक व्यक्तित्व

आहुतिको योगदान पाठ्यविधामा मात्र नभई श्रव्यदृश्य विधामा पनि रहेको छ । उनले हालसम्ममा दुईओटा टेलिचलचित्रहरूको पटकथा लेखन कार्य गरेका छन् । ती टेलिचलचित्रहरूमा जीवेश योञ्जनको निर्माण तथा निर्देशनमा निर्मित 'सामना' र जागरण मिडिया सेन्टरद्वारा निर्मित 'दलन' रहेका छन् । हाल यी दुबै

टेलिचलचित्र निर्माणाधीन अवस्थामा रहेका छन् । यी टेलिचलचित्रहरूमा महिलाहरूको समस्या र दलितहरूको समस्याहरूलाई उठान गरिएको छ ।

### २.२.३ **साहित्येतर व्यक्तित्व**

आहुतिको व्यक्तित्व साहित्यिक क्षेत्रमा सीमित नरही साहित्येतर क्षेत्रमा पनि उर्वर देखिन्छ । यिनी राजनीति, समाजसेवा, सङ्घसंस्था आदि विभिन्न क्षेत्रहरूमा संलग्न रहेका छन् । साहित्येतर व्यक्तित्वका विविध पाटाहरूमध्ये यिनको राजनीतिक व्यक्तित्व सबल देखिन्छ । आहुतिका साहित्येतर व्यक्तित्वका विविध पक्षहरूलाई यसप्रकार देखाइएको छ :

#### २.२.३.१ **सामाजिक तथा सांस्कृतिक व्यक्तित्व**

स्वभावैले मन्छे सामाजिक प्राणी हो । ऊ समाजनिरपेक्ष रहन सक्दैन । आहुतिलाई पनि आफ्नो समाज प्यारो लाग्छ । उनी समाजका विभिन्न सङ्घसंस्थामा आबद्ध छन् । उनी वि.सं. २०४७-२०४९ सम्म स्थानीय विद्यामन्दिर मा.वि.को सञ्चालक समितिको सदस्य भएर काम गरेका थिए । आहुतिको संलग्नता दलित मुक्ति आन्दोलनमा पनि सशक्त रूपमा रहेको छ । वि.सं. २०४७ देखि ‘नेपाल राष्ट्रिय दलित जनविकास परिषद’ को केन्द्रीय सदस्य तथा वि.सं. २०४९ मा ‘नेपाल राष्ट्रिय दलित जनविकास परिषद’ र ‘नेपाल उत्पीडित जातीय उत्थान मञ्च’ बीच एकता भई बनेको एकीकृत दलित मोर्चा सङ्गठन ‘नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज’ को संस्थापक महासचिव भई कार्य गरे । यस्तै उनी वर्तमानमा ‘नेपाल राष्ट्रिय दलित मुक्ति सङ्गठनको’ महासचिव र ‘संयुक्त गणतान्त्रिक दलित मोर्चा नेपाल’को केन्द्रीय सदस्य पदमा क्रियाशील छन् । आहुति वि.सं. २०४५-२०५१ सम्म ‘प्रतिभा प्रवाह’ साहित्यिक अभियानको सञ्चालक समितिको सदस्य भएर कार्य गरे । यसैगरी उनको संलग्नता वि.सं. २०५२ र २०६३ मा दुईपटकसम्म निर्वाचित भई ‘प्रगतिशील लेखक सङ्घ’ को केन्द्रीय सदस्यका रूपमा समेत रहेको छ ।

आहुतिको संलग्नता साँस्कृतिक उन्नयनका क्षेत्रमा पनि महत्त्वपूर्ण रहेको छ । यिनी वि.सं. २०४३-२०४७ सम्म वामपन्थी साँस्कृतिक समूह ‘रोदन साँस्कृतिक परिवार’ को केन्द्रीय अध्यक्ष भएर कार्य गरेका थिए । उनी वि.सं. २०४७-२०५१

सम्म अखिल नेपाल जनसाँस्कृतिक सङ्घको केन्द्रीय सदस्य रहेका थिए । यस्तै, आहुति वि.सं. २०५१-२०५६ सम्म इन्द्रेणी साँस्कृतिक समाजको केन्द्रीय सचिव भई साँस्कृतिक क्षेत्रमा योगदान पुऱ्याएका थिए ।

### २.२.३.२ **राजनीतिक व्यक्तित्व**

आहुतिको साहित्यतर व्यक्तित्वमध्ये राजनीतिक व्यक्तित्व सफल र सबल देखिन्छ । आहुति राजनीतिलाई आफूले बोध गरेको कर्तव्यका रूपमा लिने गर्दछन् । उनको राजनीतिक यात्राको प्रारम्भ अठार बर्से विद्यार्थीकालदेखि नै (वि.सं. २०४१) भएको हो । वि.सं. २०४१ मा तत्कालीन 'सर्वहारावादी श्रमिक सङ्गठन' नामक कम्युनिस्ट पार्टीबाट उनले राजनीति प्रारम्भ गरेका हुन् । कुनै बेला किताबको गाता हाल्न हजुरबाले चीन सचित्र नामक पत्रिका ल्याइदिएको र त्यसैमा माओत्सेतुङ्को फोटो देखाई कम्युनिस्टले धनीगरिब जातभात समान बनाउँछ भन्ने हजुरबाको प्रेरणाबाट उनले कम्युनिस्ट राजनीति आरम्भ गरेका थिए (हेर्नु,परिशिष्ट १) । स्कुले जीवनदेखि नै राजनीतिप्रति सचेत उनी वि.सं. २०३७ मा भएको जनमत सङ्ग्रहको प्रचारप्रसारका लागि गाउँ आएका गणेशमानलाई कसैको टाङ्मुनिबाट छिरेर छोएको आत्म स्वीकार गर्छन् । वि.सं. २०४६ पश्चात नेपाली कम्युनिस्ट पार्टीहरू मिल्ने सिलसिलामा विभिन्न कम्युनिस्ट पार्टी मिली बनेको नेकपा (एकता केन्द्र) को वि.सं. २०४७ मा सम्पन्न राष्ट्रिय एकता महाधिवेशनबाट आहुति केन्द्रीय सल्लाहकारमा निर्वाचित भए । पुनः सोही पार्टीको वि.सं २०५४ मा सम्पन्न विशेष राष्ट्रिय अधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भई नेपाली पीडित, गरिब, शोषित जनताका मुक्तिको खातिर आजपर्यन्त लडिरहेका छन् ।

### २.२.३.३ **पत्रकार तथा सम्पादक व्यक्तित्व**

आहुतिको साहित्येतर व्यक्तित्वको अर्को पक्ष पत्रकार र सम्पादक व्यक्तित्व हो । उनी आफ्नो साहित्ययात्राको प्रारम्भदेखि नै पत्रकारितासँग आबद्ध थिए । उनले वि.सं. २०४३- २०४५ सम्म 'दियो' त्रैमासिक पत्रिकाको सम्पादन गरेका थिए । वि.सं. २०४६ मा उनले आन्दोलनमूलक साहित्यिक पत्रिका 'वर्तमान साहित्य' को

सम्पादन गरेका थिए । आहुति 'नेपाली मञ्च' र 'रक्तिम किरण' पत्रिकाका सल्लाहकार पनि हुन् । उनले विभिन्न रचनाहरूको सँगालो 'सम्झनाको तरेलीमा निर्मल लामा' (२०५८) र 'निर्मल लामाका केही रचनाहरू' (२०५९) को सम्पादन गरेका छन् ।

### २.२.३.४ शिक्षक व्यक्तित्व

आहुतिको जागिरे जीवन पार्टीको कार्यलाई अगाडि बढाउने क्रममा सुरु भएको पाइन्छ । यिनले २०४० सालमा तीन महिना 'नेपाल टेन्ट एन्ड टारपोलियम कम्पनी'मा कारखाना मजदुरको रूपमा काम गरे भने वि.सं. २०४३ देखि २०४४ सम्म करिव १३ महिना सिन्धुपाल्चोकको  भोटेचौरको सरस्वती मा.वि.मा शिक्षकका रूपमा पनि काम गरे । वि.सं. २०४४-२०४५ बीचको आठ महिना मजदुर संगठनको काम अघि बढाउन क्षेत्रपाटीको लु:ज प्रेसमा मजदुरको रूपमा काम गरेको देखिन्छ । उनको जागिरे जीवनले आर्थिक सुधारभन्दा पनि साङ्गठनिक सुधारको उद्देश्य राखेको देखिन्छ । मूलतः उनको पेसागत संलग्नता राजनीति र साहित्यकर्म नै देखिन आउँछ ।

### २.२.३.५ साहित्येतर लेखक व्यक्तित्व

आहुतिले साहित्येतर लेखन पनि गरेका छन् । मुख्यगरी राजनीतिक, सामाजिक, नारीसम्बन्धी लेखहरू, घरपरिवारबारेका लेखहरू आहुतिका साहित्येतर लेखहरू हुन् । वि.सं. २०५२ मा जनएकतामा प्रकाशित 'पोस्टर चोर्ने महान् यात्रीको सम्झनामा' शीर्षकको लेख आहुतिको पहिलो प्रकाशित साहित्येतर लेख हो । उनको 'हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न' (२०६०) शीर्षकको शोधमूलक ग्रन्थ प्रकाशित भएको छ । नारीसम्बन्धी विषयवस्तु भएका ५६ ओटा लेखहरूको सङ्कलन प्रकाशोन्मुख अवस्थामा रहेको छ । जनएकता साप्ताहिकको विभिन्न अङ्कहरूमा प्रकाशित प्रेम, विवाह र घरपरिवारबारेका लेखहरू पनि प्रकाशनको अवसर पर्खिरहेका छन् । यसरी आहुति साहित्य र राजनीतिमा मात्र नभई साहित्येतर लेखनमा पनि उत्तिकै सक्रिय देखिन्छन् ।

#### २.२.३.६ अभिनेता व्यक्तित्व

अभिनय नाटक/एकाङ्कीसँग सम्बद्ध विषय हो । आहुतिको गाउँमा हरेक वर्ष नेवार जातिले चाडपर्वहरूमा डबली नाटक देखाउने गर्दथे । यस्ता नाटकहरूमा दलितलाई रोक लगाइन्थ्यो । आहुतिले १३ बर्से विद्यार्थी कालमा 'ईर्ष्या' शीर्षकको नाटक लेखी साथीहरूको मिलेमतोमा स्थानीय डबलीमा मञ्चन गराएका थिए । यहाँबाट उनको अभिनय यात्रा प्रारम्भ भएको हो । उनको यस यात्राले निरन्तरता भने पाउन सकेन । उनको यो लेखन र अभिनयबाट नै आहुतिको साहित्य सिर्जनाको आरम्भ भएको हो ।

## २.३ आहुतिको जीवनी र उपन्यास लेखनका बीच अन्तःसम्बन्ध

कुनै पनि लेखनमा स्रष्टाका आफ्ना अनुभवहरू रहने गर्दछन् । आहुतिको पनि जीवनभोगाइका अनुभवहरू उनका कृतिमा छरपस्ट रूपमा रहेको पाइन्छ । उनका जीवनमा घटेका घटनाहरूको प्रत्यक्ष उपस्थिति कतिपय कृतिहरूमा रहेका छन् । शिक्षित परिवार मै जन्मिएकाले पनि लेखनमा केही प्रभाव पारेको छ । कतिपय उपन्यासका पात्र र उनको जीवनघटना एकै देखिनुले पनि आहुतिको जीवनी र उपन्यासका बीच निकट सम्बन्ध रहेको पुष्टि हुन्छ । तत्कालीन परिवेश र उनका भोगाइहरूको यथार्थ विवरण उपन्यासमा आएका छन् । आहुतिको **नयाँ घर** उपन्यासभित्रको पात्र सूर्यबहादुर र लेखक आहुतिको जीवनवृत्त धेरै हदसम्म मिल्ने भएकाले सूर्यबहादुर नै आहुति हुन् भन्न सकिने आधार फेला पर्दछ । बुबा तथा फुपूको अल्पायुको मृत्यु, खर्च अभावमा हजुरबाको मृत्यु, अविवाहिता दिदी र आमा, राजनीतिमा प्रवेश, राजनीतिका कारण छोडिएको पढाइ, जीवीकोपार्जनका निम्ति अपनाइएको पेसा आदिजस्ता मुख्य घटनाहरू सूर्यबहादुर र आहुतिको एकै देखिन्छ ।

मान्छे बाँचेको युगको प्रत्यक्ष असर उसको कृतिमा पनि पर्दछ । आहुतिले भोग्नुपरेका कष्टमय दिनहरूको वर्णन सूर्यबहादुरले सुनाएको छ । पहिलो प्रेम असफल भई दोस्रो विवाह गर्नुपरेको सूर्यबहादुर र दुई विवाह स्वीकार्नु परेका आहुतिका बीचमा निकै नजिकको सम्बन्ध देखिन्छ । तत्कालीन परिवेशमा न्यूनतम मानवीय मूल्यहरूको अपहरण गरिएको थियो, गरिब तथा किसान वर्गका मान्छेहरू

जमिन्दार तथा पुँजीपतिवर्गबाट शोषित थिए । सोही घटनालाई आधार बनाएर साम्यवादको आदर्श कल्पना गर्दै सर्वहारा वर्गको मुक्तिका निम्ति **नयाँ घर** उपन्यासको लेखन गरिएको हो ।

वि.सं. २०४६ पछि कथित कम्युनिस्ट नेताहरूमा आएको पतनको वास्तविक चित्रण **स्खलन**मा गरिएको छ । आहुतिको मगजले महसुस गरेको यो पतनले साँच्चै नै वि.सं. २०४६ पछि कम्युनिस्ट नेताहरूलाई सत्तामोहमा लिप्त, निजीस्वार्थ पूर्तिका निम्ति कुनै कसर बाँकी नराख्ने र सिद्धान्तविहीन नै तुल्याएको छ । आफू राजनीतिक व्यक्ति हुनुको प्रत्यक्ष प्रभाव पनि आहुतिका उपन्यासहरूमा परेकै छ । दुबै उपन्यास राजनीतिक विषयलाई लिएर लेखिनु यसको पुष्टि हो । आहुति बाँचेको पर्यावरण, समय तथा उनले भोगको जातीय छुवाछुतको असीम पीडा, गरिब हुनुको पीडा, सर्वहारावर्गको मुक्तिका खातिर गरिएको आन्दोलन, सत्तामोही कम्युनिस्टको स्खलित चरित्र आदिजस्ता घटनाहरूको प्रत्यक्षपरोक्ष उल्लेख उनका औपन्यासिक कृतिहरूमा पाइने हुँदा आहुतिको जीवनी र उपन्यास लेखनका बीचमा निकट सम्बन्ध छ भन्न सकिन्छ ।

## २.४ आहुतिको साहित्यिक यात्राको चरणविभाजन

आहुति बाल्यकालदेखि नै साहित्यमा रुचि राख्दथे । उनी विद्यार्थी हुँदा खेरि नै नाटकहरू लेख्ने र खेल्ने गर्दथे । चर्को जातीय छुवाछुतको चपेटामा हुर्केका उनले तेर वर्षको उमेरमा 'ईर्ष्या' शीर्षकको नाटकको लेखन कार्य गरी स्थानीय डबलीमा मञ्चन समेत गराएका थिए । तेरवर्षको उमेरबाट प्रारम्भ भएको उनको लेखनकार्यले हालसम्म नेपाली साहित्यलाई आधा दर्जनजति कृतिहरू प्रदान गरिसकेको छ । वि.सं. २०३९ सालतिर 'आक्रोश' शीर्षकको एकाङ्कीको लेखन गरी स्थानीय डबलीम नै मञ्चन समेत गराए । यस्तै क्रान्तिकारी भावले युक्त 'सिन्दुरपोते' शीर्षकको पूर्णाङ्की नाटक वि.सं. २०४० मा लेखन तथा गाउँमा नै मञ्चन पनि गरे । यो नाटक लेखेर खेलेबापत उनलाई गिरफ्तार गरियो (आहुति सँगको कुराकानीमा आधारित) । आहुतिका कृतिहरूले प्रकाशनको वातावरण पाउनु पूर्वको पृष्ठभूमिका रूपमा माथिका तथ्यहरू रहेका छन् । वि.सं. २०४३ मा 'शिलापत्रको हकदार' शीर्षकको एकाङ्की

दियो पत्रिकामा प्रकाशित गरी उनले आफ्नो सार्वजनिक साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् ।

आहुतिका प्रकाशित कृतिहरूलाई आाधार मानेर उनको साहित्यिक यात्राको चरणविभाजन गरिएको छ । उनको साहित्य यात्रालाई दुई चरणमा विभाजन गर्नु सान्दर्भिक ठहर्छ ।

१) प्रथम चरण (वि.सं. २०४३-२०४९ सम्म)

२) द्वितीय चरण (वि.सं. २०५०-२०६३ सम्म)

उपर्युक्त चरणविभाजन उनको लेखन र प्रकाशनलाई आधार बनाएर गरिएको हो । खासगरी प्रथम चरण कविता विधाका निम्ति उर्वर देखिन्छ भने द्वितीय चरण उपन्यास विधाका निम्ति समृद्धशाली देखापर्छ ।

### २.४.१ **प्रथम चरण (वि.सं. २०४३– वि.सं. २०४९ सम्म)**

आहुतिले वि.सं. २०४३ भन्दा अगाडिदेखि नै लेखनकार्य गर्दै आएका थिए । प्रकाशनलाई आधार मानेर चरणविभाजन गरिएकाले वि.सं. २०४३-२०४९ को समयावधिलाई यिनको साहित्य यात्राको प्रथम चरण मान्नुपर्दछ । यस चरणको सुरुआत 'दियो' पत्रिकामा प्रकाशित **शिलापत्रको हकदार** एकाङ्कीबाट भएको हो । यस चरणमा उनले धेरैजसो कविताहरूको रचना गरेका छन् । उनले यस अवधिमा कथा एकाङ्कीको रचना गरेका छन् ।  यस अवधिका उनका सिर्जनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । पुस्तकाकार रूपमा भने **तपस्वीका गीतहरू** ( कवितासङ्ग्रह,२०४९) प्रकाशित छ । यस चरणका उनका प्रकाशित रचनाहरूले पञ्चायती व्यवस्थाप्रति घृणा, सामाजिक विषयवस्तुको अवलम्बन तथा तत्कालीन राज्यव्यवस्थाप्रति विद्रोहको स्वर उरालेका छन् । **शिलापत्रको हकदार** (दियो,२०४३; ८: १), **बाली घर** (दियो, २०४३; ९:१ ) र **पहरा ब्युँझदैछ** (दियो) एकाङ्कीहरू यस चरणका प्रकाशित एकाङ्कीअन्तर्गत पर्दछन् । वि.सं. २०४३ मा 'उत्साह' मा प्रकाशित **पिंजडा र सुगा** उनको एकमात्र प्रकाशित कथा हो । यी पत्रिकामा प्रकाशित फुटकर रचनाहरूले आहुतिको साहित्यिक यात्रालाई गति प्रदान गर्ने काम गरेका छन् भने तपस्वीका गीतहरूले स्थापित गर्ने काम गरेको छ । यसमा पच्चीसओटा

कविताहरू सङ्गृहीत छन् । उनले नेपाली भोका, नाङ्गा, पीडित, शोषित जनताको आवाजलाई कवितामार्फत व्यक्त गरेका छन् । बहुदलको स्थापना भइसके तापनि त्यसबाट उत्पन्न समस्या र तनावका बारेमा कवितामा राम्रैसँग प्रस्तुति गरिएको छ । 'कृष्णमणि साहित्य पुरस्कार' प्राप्त गर्न सफल **तपस्वीका गीतहरू** आहुतिको प्रथम चरणको उत्कृष्ट कृति र उपलब्धि पनि हो ।

### २.४.२ **द्वितीय चरण (वि.सं. २०५०- वि.सं. २०६३ सम्म)**

वि.सं. २०५० देखि वर्तमानसम्मको समयावधिलाई आहुतिको साहित्य यात्राको दोस्रो चरणका रूपमा लिनुपर्दछ । जसरी पहिलो चरणमा कविता विधाले फस्टाउने अवसर पाएको थियो त्यसैगरी यो अवधिमा उनको गद्यलेखनले उर्वर हुने अवसर प्राप्त गऱ्यो । मुख्यगरी उपन्यास विधा यो चरणको समृद्धशाली विधा हो । यो चरणको सुरुआत वि.सं. २०५० सालमा प्रकाशित **नयाँ घर** उपन्यासबाट भएको हो । यस चरणमा पनि विभिन्न पत्रपत्रिकाहरूमार्फत् कविता, गीत, एकाङ्की, निबन्धहरूको प्रकाशन भएको पाइन्छ । यस अवधिमा प्रकाशित पुस्तकाकार कृतिहरूको सूची यसप्रकार रहेको छ :

**-नयाँ घर** (उपन्यास, २०५०)

**-स्खलन** (उपन्यास, २०५९)

**-हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न** (समाजशास्त्रीय राजनैतिक लेख, २०६०)

**-धुवाँ, आगो र मानिस** (अनूदित उपन्यास, २०६१)

यस चरणका लेखनमा अनुवाद साहित्यले पनि स्थान प्राप्त गरेको छ । निबन्धमूलक सामाजिक/राजनैतिक लेखहरू यस समयमा प्रकाशित छन् करिब तीनदर्जनजति फुटकर कविताहरू, 'झुक्न मान्दैन हिमाल' (वेदना, २०५६: ६२) एकाङ्की र अन्य थुप्रै विविध विषयलाई अँगालिएका निबन्धात्मक लेखहरू यस अवधिमा प्रकाशित आहुतिका फुटकर रचनाहरू हुन् ।

उनको यस चरणमा प्रकाशित उपन्यासहरूमा राजनैतिक विषयवस्तुहरूलाई उठाइएको छ । उपन्यासमा दलित, गरिब तथा सर्वहारावर्गका जनताको मुक्तिको

निम्ति क्रान्तिको आह्वान गरिएको छ । नेपालमा बहुदलीय प्रजातन्त्रको स्थापना भइसकेको भए तापनि नेपाली जनताले मुक्तिको सास फेर्न पाएका छैनन् । भूमिगत कष्टकर जीवन बिताएर प्रजातन्त्रको पुनर्प्राप्ति गरेका कथित कम्युनिस्ट नेताहरू निजी स्वार्थमा भुलिएर आमजनता र सर्वहारावर्गका मागहरू भुलेका यथार्थलाई उपन्यासको विषयवस्तु बनाइएको छ । यस चरणमा आहुतिको 'कीरा नलागेको बन्दागोभीः पल्पसा क्याफे' -मूल्याङ्कन, २०६२) शीर्षकको समालोचना पनि प्रकाशित छ । मुख्यतया यस चरणका लेखनमा सामान्य तथा जमिनदार वर्गबाट गरिब तथा किसानवर्गलाई गरेको शोषण, नारीस्वतन्त्रताको आवाज, तत्कालीन राज्यव्यवस्थाप्रतिको व्यङ्ग्य, वामपन्थी नेताहरूप्रति असन्तुष्टि, मार्क्सवादी लेखन आदिजस्ता विशेषताहरू पाउन सकिन्छ ।

## २.५ साहित्यकार आहुतिको समग्र मूल्याङ्कन

आहुति प्रगतिवादी लेखक र वामपन्थी नेता हुन् । उनको लेखन र राजनीति दुबै मार्क्सवादबाट प्रभावित छ । साहित्यले जनताको मुक्तिको आवाज बोकेको हुनुपर्छ भन्ने आहुति नेपाली साहित्यमा **शिलापत्रको हकदार** एकाङ्की 'दियो' पत्रिकामा प्रकाशित गरी वि.सं. २०४३ बाट प्रवेश गरेका हुन् । नेपाली, हिन्दी, अङ्ग्रेजी आदि भाषाको समेत राम्रो ज्ञान भएका आहुतिले नेपाली साहित्यमा दुईओटा मौलिक, एकओटा अनूदित गरी तीनओटा उपन्यास प्रदान गरेका छन् । ती हुन् : **नयाँ घर** (२०५०), **स्खलन** (२०५९) र **धुवाँ, आगो र मानिस** (२०६१) । यी उपन्यासहरूमा सर्वहारावर्गको मुक्तिको निम्ति क्रान्तिको आह्वान गरिएको छ । दर्जनौ कविताहरू पत्रपत्रिकामा प्रकाशित भए तापनि **तपस्वीका गीतहरू** (२०४९) यिनको एकमात्र कवितासङ्ग्रह हो । एकाङ्की, कथा र समालोचना फुटकर रूपमा मात्र प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकाहरूमा यिनले निबन्धात्मक लेखहरूको समेत लेखनकार्य गरेका छन् ।  साहित्येतर लेखन पनि यिनको उर्वर नै देखिन्छ । समाजशास्त्रीय राजनैतिक लेखहरूको सँगालो **हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न** (२०६०) पनि प्रकाशित भएको छ । दृश्यविधामा पनि उत्तिकै सक्रिय आहुतिले

महिला तथा दलितहरूको विषयलाई लिएर बनाइएको 'सामना' र 'दलन' टेलिचलचित्रको कथानक/पटकथा समेत लेखेका छन् ।

मार्क्सवादी दर्शनको राम्रो अध्ययन गरेका आहुतिको साहित्यिक तथा राजनीतिक दुबै व्यक्तित्व प्रखर देखापर्दछ । आहुतिको लेखन मार्क्सवादबाट प्रभावित समाजवादी यथार्थवादी धारामा आबद्ध छ । आफ्ना उपन्यासका पात्रहरूलाई सर्वहारावर्गको प्रतिनिधित्व गराई क्रान्ति गर्न प्रेरित गराउने आहुतिको औपन्यासिक शैली भने शिथिल देखिन्छ । उनको उपन्यास औपन्यासिक शिल्पका हिसाबले केही खस्किएको र उपन्यासभन्दा कम्युनिस्ट पार्टीको घोषणापत्र जस्तै लाग्दछ तथा उपन्यासले वैचारिकताको उत्कृष्ट प्रस्तुति दिन खोजेको भए तापनि कथानकको पट्ट्यारलाग्दो प्रस्तुति भएकोले यो त्यति रोचक र पठनीय भने हुन सकेको छैन (बराल र एटम, २०५८: १६१) । कलात्मक आँखाहरूद्वारा हेऱ्यो भने त्यतिबेलाको मेरो सीमा उपन्यासका पानाहरूमा जतातते भेटिन्छ (आहुति, **नयाँ घर**को भूमिका : २०६२) भन्ने आहुतिको आत्मस्वीकृतिबाट उपन्यासको शिल्पपक्ष कमजोर रहेको प्रस्ट हुन्छ । आहुतिको कृतिले दिने वैचारिकताका तुलनामा शैली केही कमजोर छ ।

परिच्छेद तीन

# औपन्यासिक तत्त्वका आधारमा आहुतिका उपन्यासहरूको विश्लेषण

## ३.१ *नयाँ घर* उपन्यास लेखनको प्रेरणा र पृष्ठभूमि

आहुति आधुनिक नेपाली उपन्यासको सामाजिक यथार्थवादी धाराका सशक्त प्रतिभा हुन् । आर्थिक सङ्कट, पितृवियोग जस्ता घटनाहरूले उनको बाल्यकाल सुखमय बितेन । बिहानबेलुका हातमुख जोर्न तथा स्कुलको फिस तिर्नका लागि पुर्ख्यौली पेसा र रातभर तानमा बस्ने गर्दथे । सानैदेखि भोग्नु परेका कष्टमय दिनहरू, कथित माथिल्ला जातिकाहरूले आफूप्रति गरेको व्यवहार, सामन्त तथा पुँजीपतिवर्गले गरेको शोषण, तत्कालीन राज्यव्यवस्था तथा आहुति बाँचेको परिवेशले उनलाई यो उपन्यास लेख्न प्रेरित गरेको पाइन्छ । निकै लामो कम्युनिस्ट आन्दोलन भएर थुप्रै योद्धाहरूले सहादत प्राप्त गरिसके पनि तिनका बारेमा कसैले केही नलेखेकाले यो उपन्यास लेखिएको आत्मस्वीकृति आहुतिको छ । त्यसैले उपन्यासमा सच्चा कम्युनिस्ट क्रान्तिकारीको सर्वहारावादी सोचलाई अगाडि सारिएको छ ।

यो उपन्यास लेखिदाको पृष्ठभूमि २०४६ सालको महान् जनआन्दोलनपश्चात् को समय हो । नेपाली जनताले रगतको खोलो बगाएर २०४६ सालमा प्रजातन्त्र र बहुदलीय व्यवस्थाको स्थापना गरेका थिए । पञ्चायत कालमा थुप्रै वामपन्थी नेताहरूले कष्टकर भूमिगत जीवन व्यतीत गरेको भए पनि सत्तामा पुगेपछि देश र जनता बिर्सेको तथा सत्तामोहमा लट्पटिएका कारण देशमा जताततै भ्रष्ट व्यक्तिहरूको हावी भएको परिवेशले पनि उपन्यास लेखनमा ठूलो मद्दत गरेको छ । यस्तै विषयवस्तुहरू यस उपन्यास लेखनको प्रेरणा र पृष्ठभूमि बनेका छन् ।

## ३.२ *नयाँ घर* उपन्यासको विश्लेषणात्मक अध्ययन

### ३.२.१ संरचना

कुनै पनि कृतिको बनावट नै संरचना हो । हरेक साहित्यिक विधाको छुट्टाछुट्टै संरचना र संरचक तत्त्वहरू रहने गर्दछन् । उपन्यासकारले आफ्ना भावना, विचार वा सन्देशलाई व्यक्त गर्न पात्र, परिवेश, कथानक आदि मार्फत् आख्यानात्मक योजना तयार गर्दछ, यही योजना नै उपन्यासको संरचना हो । साहित्यमा संरचनाको कुरा गर्दा कुनै खास विधा कथा, उपन्यास, कविता आदिसित सम्बद्ध आवश्यक अङ्गउपाङ्ग, तन्तुहरू, अवयव र उपकरणहरूको अनुशासित र व्यवस्थित सङ्गठनात्मक व्यवस्थापन हो भन्ने बोध हुन्छ (बराल,२०५६:२०) । यसरी संरचना भन्नाले कुनै विधा निर्माणका लागि ती विधाहरूको त**त्त्व**को व्यवस्थित गठन भन्ने बुझिन्छ । कृतिको संरचना आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासको आन्तरिक संरचना अन्तर्गत त्यसका संरचक तत्त्वहरू पर्दछन् भने बाहय संरचना अन्तर्गत उपन्यासको आकारप्रकार, पृष्ठ, अनुच्छेद, पङ्क्तियोजना आदि पर्दछन् ।

**नयाँ घर** उपन्यास नेपाली प्रगतिवादी उपन्यासपरम्परामा विशालकाय भएको उपन्यास हो । यो जम्मा ४१६ पृष्ठमा संरचित छ । उपन्यासको प्रारम्भ 'भूमिका' उपशीर्षकबाट भएको छ भने अन्त्य 'उपसंहार' उपशीर्षकबाट भएको छ । भूमिका, उपसंहार र शीर्षकबद्ध तीन भागसमेत यो उपन्यास ५ (पाँच) भागमा संरचित छ । शीर्षकबद्ध तीन भाग र तिनको शीर्षक :

| | | |
|---|---|---|
| भाग-१ | जीवनको एउटा खण्ड जहाँ म दोबाटोमा उभिएको थिएँ | पृ. ५- १४२ |
| भाग-२ | जीवन मोर्चामा यातनामय दिनहरू | पृ. १४३- २८२ |
| भाग-३ | एउटा वेगवान् समय | पृ. २८३- ४१० |

यी तीन भागमा खण्डित संरचनालाई समेत १,२,३..... जस्ता अङ्कहरूको सहायताले १४/१४ परिच्छेदमा विभाजन गरी जम्मा ४२ परिच्छेदमा यो उपन्यासको संरचना फैलिएको छ । प्रसङ्गचिन्ह (◆) को मद्दतले आवश्यकताअनुसार ती ४२ परिच्छेदलाई पनि उपपरिच्छेदहरूमा विभाजन गरिएको छ । यसको मोटाइ डिमाइ

आकारको रहेको छ । २०४६ आसपासका कतिपय घटनाहरूलाई दैनिकी र चिठीका माध्यमबाट समेत प्रस्तुत गरिएकाले यसको संरचनामा नवीन प्रयोग पाइन्छ ।

### ३.२.२ **कथानक**

उपन्यासका संरचक तत्त्वहरूमध्ये कथानक महत्त्वपूर्ण मानिन्छ । यसले उपन्यासलाई सबल र मूर्त तुल्याउँछ । आख्यानमा घटनावलीको भोजन वा ढाँचालाई कथानक भनिन्छ (शर्मा,२०५९: १११) । विना कथानक उपन्यासको कल्पना गर्न सकिदैन तर आजभोलि कथानकविहीन उपन्यासको लेखन गर्ने प्रयोग पनि भइरहेको छ । कथानकहीन उपन्यासको चर्चा चले पनि क्षीणरूपमा भए पनि कथानकको उपस्थिति भएकै पाइन्छ । कथानक कथावस्तुको प्रस्तुतिका क्रममा देखापर्ने घटनाक्रमहरूको योजनाबद्ध र व्यवस्थित प्रस्तुति हो; यो कार्यव्यापार हो (बराल, २०५६:२८) । कथानकका माध्यमबाट उपन्यासकारले आफूले व्यक्त गर्न खोजेको जीवनदर्शन भनिरहेको हुन्छ । कथानकको घनिष्ठ सम्बन्ध पात्र तथा उद्देश्यसित रहेको हुन्छ । कथानक आदि मध्य र अन्त्यको शृङ्खलामा आयोजित भएको हुन्छ । कथावस्तुको गतिक्रमलाई मूर्त र प्रभावकारी बनाउन कथानकले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । कथानकको निर्माण उपन्यासभित्र घटित विभिन्न सानाठूला, गौण, सामान्य घटनाहरूको संयोजनबाट हुने गर्दछ । कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा भएकाले यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०५६:३१) । कथानकको विकासका लागि द्वन्द्व र क्रिया अत्यावश्यक छ । चाहे क्षीण होस् वा सबल बिनाकथानक उपन्यास सम्भव छैन ।

**नयाँ घर** उपन्यासको कथानक सूर्यले अस्पतालको शय्यामा बसेर स्मरण गरेका घटनाहरूमा  आधारित छ । काठमाडौंको निम्नवित्तीय परिवारमा जन्मेको सूर्यबहादुरले बाल्यकालमै पितृवियोगको पीडा खेप्नुपरेको छ । आर्थिक स्थिति कमजोर भएकाले बिहानबेलुका हातमुख जोर्न र स्कुलको फिस तिर्न सूर्य रातभर दिदीसँगै तानमा बस्छ । हजुरबाको पनि निधन भएकाले आमा र दिदीको दैनिक ज्यालादारी श्रममा बाँचेको सूर्य स्कुलको मेधावी छात्र हो । स्कुले जीवनदेखि नै ऊ स्थानीय

व्यापारीकी छोरी बिन्तीदवी श्रेष्ठसँग प्रेम गर्छ । एस्.एल्.सी. को परीक्षापश्चात् उसको सम्पर्क सुन्दर थपलियासँग हुन्छ । सुन्दरकै संसर्गबाट क्याम्पसमा सङ्गठनका कार्यकर्ताहरूसँग चिनजान भएपछि सूर्य राजनीतिमा पूर्णरूपले संलग्न बन्दछ । क्याम्पसको हिउँदे छुट्टी भएको बेला सङ्गठनले केही साथीहरूलाई देशभ्रमणमा पठाउँछ । यसै क्रममा सूर्य भरतलाई साथी लिएर चितवन भ्रमणमा निस्कन्छ । भ्रमणमा जाने दिन क्याम्पस नजिकै एउटी बुढी घाँसे हिलो मैदानमा फसेर मरेको घटनाले ऊ विक्षिप्त हुन पुग्छ । देशभ्रमणका क्रममा चितवनमा सूर्यको सम्पर्क कमलसँग हुन्छ । कमलकै सहायताले उनीहरू गन्तव्यतिर प्रस्थान गर्छन् । चितवन भ्रमणकै क्रममा किरणसँग चिनजान हुन्छ । उनीहरू बेलुकी बास बसेको घरमा किरणले एउटा 'उत्पीडन' शीर्षकको कथा पढ्न दिन्छ र भावी कार्यक्रमका सम्बन्धमा अनुमान गर्न लागाउँछ । कथामा हरिमान प्रमुख पात्र छ । हरिमान दलित हो; ऊ बुहारी र नातिनातिनीको साथमा बसेको छ । दुः खजेलो गरेर १० कट्ठा जग्गा जोडेको हरिमानको प्रगति गाउँको प्रधानपञ्चले देखिसहदैन र ससुराबुहारीबीच अनैतिक सम्बन्ध भएको अफवाह फैलाई जरिवाना स्वरूप सबै सम्पत्ति हडप्छ । भोलिपल्ट किरण, लालसिंह, भरत, कमल, सूर्य,तथा अन्य थुप्रैले प्रधानपञ्चलाई कार्वाही गर्दछन् । यो कार्यक्रमबाट फर्केपछि लालसिंह र सूर्यबीच परिचय हुन्छ । लालसिंहले आफ्नो जन्मदेखि वर्तमानसम्मको इतिवृत्त सुनाउँछ । यो कार्वाहीको घटनापछि भरत अनेक बहाना पारेर पुनः काठमाडौं नै फर्कन्छ । सूर्य र लालसिंह घुम्दै एउटा सुकुम्बासी वस्तीमा पुग्छन् जहाँ दुईजना आइमाईहरू आफ्नो भेद खोलाखोल गरी बाझिरहेका थिए । त्यतै नजिकै धनबहादुरको घरमा पुगेपछि माइलाकी श्रीमती उपचार नपाएर मरेको खबर थाहा हुन्छ । यसरी सूर्यबहादुर देशभ्रमणमा गई सामन्तहरूले गरिबजनतालाई गरेको अन्याय थाहा पाउँछ ।

देशभ्रमणमा गएको बेला किरण, कमल र लालसिंहको सङ्गत तथा सामन्त र पुँजीपति वर्गद्वारा निमुखा किसानहरूप्रति गरेको व्यवहारबाट प्रभावित भई सूर्य पढाइ छोडेर सर्वहारावर्गको मुक्तिको खातिर लाग्ने प्रण गर्दछ । घर, साथीभाइ तथा प्रेमिका बिन्तीले समेत पढाइ छोडने कुरामा समर्थन नदेखाए तापनि ऊ आफ्नो निर्णय

बदल्दैन । सिलसिला र मितज्यूको सम्बन्धबारे बुझ्न सिलसिलाको घरजाँदा गाउँका केटीहरू मिलेर जँड्याहा बाबुलाई सिस्नोपानी लगाउँदै हुन्छन् । मितज्यू र सिलसिलाको बिहेपश्चात् अलग्गै छुट्टिएर बस्छन् । क्षितिज र सन्देशको सहयोगमा सूर्य गाउँमा सङ्गठन विस्तार गरिरहन्छ । यसैक्रममा प्रधानपञ्चविरुद्ध रातभर पर्चा छर्दछन् । त्यसको केही दिनपछि प्रधानपञ्चको निर्देशनमा सानुभाइ र सूर्यलाई प्रहरीले गिरफ्तार गरी पाशविक यातना दिन्छ । यातनापश्चात् सूर्य निकै कमजोर भएको महसुस गर्दछ । घाउ निको भएपछि एकदिन बिन्तीदेवीसँग क्याम्पसमा भेट हुन्छ र निकै प्रेममय प्रलापमा समय बित्छ । सूर्यको नपढ्ने निर्णयप्रति बिन्ती दुःखित छ । साङ्गठनिक कामका लागि सन्देशका साथमा सिन्धुपाल्चोक पुगेको सूर्य अभीष्ट पूरा नगरी फर्कन्छ । पुरानै ठाउँमा बिन्तीसँगको भेटपछि ऊ रात कटाउन रक्सीको सहारा लिन पुग्छ । यही बेलामा घरमा केही भन्न रेणु आए पनि त्यतिकै फर्कन्छे । रेणु निकै बिरामी पर्छे र धामी झाँक्रीको मन्त्रले भेट्दैन । प्रधानपञ्चको छोराबाट बलात्कृत हुनुको पीडा भुल्न नसकेकी रेणु पीपलको रुखमा झुन्डिएर आत्महत्या गर्छे । कक्षा दसको विदाइ समारोहमा भेटिएकी बिन्ती र सूर्यबीच निकैवेर गफ हुन्छ ।

यस प्रसङ्गबाट उनीहरूको प्रेममा तुषारापात भएको सङ्केत पाइन्छ । वि.सं. २०४४ ताका मइ दिवसका अवसरमा सूर्य जेल पर्छ । यही बेला आमा र दिदी दुबैजना सिकिस्त बिरामी पर्छन् र मर्छन् पनि । जेलबाट छुटेपछि पुनः मइ दिवसकै अवसरमा नयाँ साथी प्रकाशसँग भारतीय साहूसँग झगडा गर्दैगर्दा भेट हुन्छ र मइ दिवस सफलतापूर्वक सम्पन्न समेत गर्दछन् । धेरैले गिरफ्तारी दिन्छन्, थुप्रै लाठीचार्जमा घाइते हुन्छन् । यता सिलसिलाको लोग्ने रामकृष्ण महर्जन अनेक प्रयास गरी निकै धनसम्पत्ति कमाउन सफल हुन्छ  र ऊ अर्कै एउटी नवयौवनालाई प्रेम गर्छ । यो प्रवृत्ति सहन नसकी सम्बन्धविच्छेद गरी सिलसिला माइतीमा बस्छे ।

साङ्गठनिक बहसहरू र कार्यक्रमको  योजना निर्माण भइरहेको बेला प्रिय लडाकू लालसिंहको आँखाको ज्योति गुमेको थाहा हुन्छ । कतैबाट उपचारका लागि स्रोत नजुट्ने भएपछि सूर्यले आफ्नो निजी सम्पत्तिका रूपमा बचेको घर बेचिदिन्छ । यसपछि ऊ पूर्णरूपले सर्वहारा बन्न पुग्छ । नेपाललाई भारतले युद्धस्तरको नाकाबन्दी गरिदिन्छ । आन्दोलन सञ्चालनका लागि क्षितिजले सूर्यलाई सुरक्षित राख्न दाजु

लुमडीप्रसादकोमा पुऱ्याउँछ । त्यहाँ शान्तिसँग भेट हुन्छ र राम्रैसँग चिनजानसमेत हुन्छ । लुमडीकोमा मन्त्रीहरू आइरहने तथा उसकी श्रीमतीको नचाहिँदो ढर्राले वाक्क भएर सूर्य त्यहाँबाट पनि निस्कन्छ । आन्दोलनले उग्ररूप लिँदै गइरहेको थियो । धेरैको हताहतीसमेत भइसकेको थियो । यसैक्रममा आन्दोलनका नेतृत्व गरेर हिँडिरहेको प्रकाशको गोली लागी निधन हुन्छ । २०४६ चैत २६ गतेको रातमा जताततै उल्लासमय वातावरण छाउँछ । नेपालमा पुनः जनताको बलबाट बहुदलीय प्रजातन्त्रको स्थापना हुन्छ । यता क्षितिजकी श्रीमतीको मृत्यु भएपछि सिलसिला र क्षितिजबीच पुनर्विवाह हुन्छ । २०४६ पछि संसदमा टिकट पाउने र सुन्दर थपलियाजस्ता प्रकृतिहरूले जित्ने क्रम जारी रहन्छ । आन्दोलनका दोषीउपर कार्वाही गरिदैन । यसबाट सच्चा राजनीतिक कार्यकर्ता आहत देखिन्छन् । यता लामो अन्तरालपछि बिन्तीसँग सूर्यको भेट हुन्छ र उसले सहयोगस्वरूप सूर्यलाई केही रूपैँया दिन्छे तर सूर्यले सहजै अस्वीकार गरी छोडेर हिँड्छ । त्यसै वर्षको माघ महिनातिर सूर्य चितवनतिर प्रकाशको परिवार भेट्न जान्छ । त्यहाँ फेरि उस्तै भाँडभैलो देखिन्छ । सत्ताका हकदारहरूले सकुम्बासीका बस्तीहरूमा आगो लगाइदिन्छन् । यसबाट सामन्ती प्रवृत्ति अझै नगइसकेको पुष्टि हुन्छ । चितवनबाट सूर्य काठमाडौँ फर्किएपछि फेरि आन्दोलन सुरु हुन्छ । पुँजीवादी प्रवृत्ति र एन.जी.ओ. चलाएर घरमै सीमित हुनुपर्ने बाध्यताको विरोध गरी सिलसिलाले क्षितिजसँग सम्बन्धविच्छेद गरेको बोधार्थ सङ्गठनमा पठाउँछे । यता आन्दोलनकै क्रममा सूर्यको एउटा खुट्टा गुम्न पुग्छ । शान्तिको कुशल रेखदेखमा सूर्य सञ्चो भएपछि शान्तिसँग नै सूर्यको बिहे गर्ने प्रसङ्ग उपन्यासमा उठाइएको छ । सिलसिला छोरो अमोघलाई सूर्यको जिम्मा लगाएर पार्टी विस्तारमा लाग्छे । उपन्यासको उपसंहार खण्डमा अमोघले तानाशाहहरूप्रति देखाएको घृणा र सहिदलाई गरेको सम्मानसँगै **नयाँ घर** उपन्यासको समापन गरिएको छ । यस उपन्यासको विषयवस्तु सामाजिक रहेको छ । यसले राजनीतिक विषयलाई मात्र नसमातेर कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टीको कथालाई अगाडि बढाएको छ (सिंह, २०५०: ङ) ।

### ३.२.१ कथानकको स्रोत

उपन्यासमा विविध स्रोतका कथानकको उपयोग गरिएको हुन्छ । यस्तो कथानकलाई लेखकले आफ्नो बुद्धि, अनुभूति र तर्कको मिश्रण गरेर उपन्यासमा प्रस्तुत गर्दछ । भिन्न स्रोतबाट प्राप्त सामग्रीलाई उपन्यासकारले जस्ताको तस्तै प्रयोग नगरी अन्तर्मिश्रण गर्नाका साथै त्यसलाई आफ्नो कलात्मक चेतनाले छानेरमात्र कथानकको सिर्जना गर्दछ (बराल र एटम, २०५८:२४) । परम्परागत मान्यताअनुसार कथानकका प्रख्यात र उत्पाद्य गरी दुईप्रकारका स्रोतहरू रहेका छन् । आधुनिक सिद्धान्तकारहरूले पाँच प्रकारका स्रोतहरू देखाएका छन्- इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना ।

**नयाँ घर** उपन्यासमा यथार्थमूलक अनुभव र उत्पाद्य स्रोतको कथानकको उपयोग गरिएको छ । **नयाँ घर** उपन्यासमा पञ्चायती शासन व्यवस्थामा जनताले भोग्नुपरेको पीडा, सामन्तहरूले गरिबवर्गप्रति गरेको शोषण, पुरुषले महिलाप्रति गरेको दमन, नेपाली जनताले गरेको क्रान्ति तथा बहुदलीय प्रजातन्त्रको स्थापनापछि नेताहरूमा देखिएको सैद्धान्तिक **स्खलन** तथा राजनीतिमा देखिएको खुट्टातान्ने प्रवृत्तिजस्ता विषय र प्रसङ्गलाई उठाइएको छ । अतः **नयाँ घर** उपन्यासमा प्रयुक्त कथानकको स्रोत समकालीन यथार्थ रहेको छ । उपन्यासका कतिपय स्थानमा देखिएका प्रेमका प्रसङ्ग र सूर्यको भावुकताले रागात्मक सौन्दर्यको उत्पन्न भए तापनि यस उपन्यासको मूल विषयवस्तु सामाजिक यथार्थ नै रहेको छ ।

### ३.२.२.२ कथानकका आवश्यक उपकरणहरू

कथानकको विकास नभएसम्म उपन्यास पूर्ण बन्न सक्दैन । त्यसका लागि द्वन्द्व र क्रियाको आवश्यकता पर्दछ । कथानक घटनाहरूको कार्यकारण सम्बन्धमा आबद्ध भएको शृङ्खला भएकाले यसमा द्वन्द्व र त्यसबाट उत्पन्न हुने क्रियाको सर्वाधिक महत्त्व रहन्छ (बराल र एटम, २०५८: २६) । कथानकको विकास हुनका लागि द्वन्द्व अति नै आवश्यक छ । द्वन्द्व वास्तवमा रचनामा प्रयुक्त जविनको अन्तरजटिलताको सूचक हो जुन तीन तहमा विभक्त हुन्छ : मान्छेका बाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारण देखापर्ने द्वन्द्व, मान्छेमान्छेको विषमताका कारणले दुबैमा

वैमनस्यता जन्माउने द्वन्द्व र मान्छेको आफैँभित्र देखापर्ने तनावमूलक द्वन्द्व (सुवेदी, २०५३:१८) । बहुमान्य सिद्धान्तअनुसार द्वन्द्वका दुई प्रकारहरू रहेका छन् : आन्तरिक र बाह्य ।

**नयाँ घर** विशाल संरचना भएको पछिल्लो चरणको प्रगतिवादी उपन्यास हो । यो उपन्यास द्वन्द्वका हिसाबले सबल छ । यसमा आन्तरिक र बाह्य दुबै प्रकारका द्वन्द्वहरको यथोचित प्रयोग गरिएको छ । मुख्यगरी यसमा शासक र शासित, पुँजीपति र किसान, शोषक र शोषित, क्रान्ति र प्रेमबीच द्वन्द्व देखाइएको छ । उपन्यासका पात्रहरूमा उत्पन्न आन्तरिक मनोचिन्तन यस उपन्यासमा प्रयुक्त आन्तरिक द्वन्द्व हो । **नयाँ घर**ले क्रान्ति र प्रेमबीच द्वन्द्वात्मक सम्बन्ध कायम गर्दै सङ्घर्षमा सौन्दर्यानुभूतिको अपेक्षा गरेको छ (चैतन्य, २०५०:ञ) । सिलसिलाको आमा र बाबुबीचको झगडा, बिन्तीको पसलमा सूर्यमाथि आक्रमण, जनमतसङ्ग्रहताकाको आन्दोलन सूर्य र सानुभाइलाई प्रहरीले दिएको यतना, चितवनमा प्रधानपञ्चविरुद्धको कार्वाही, हरिमान बुढालाई प्रधानपञ्चले दिएको यातना, प्रकाश र भारतीय साहूबीचको झगडा, मइ दिवसको आन्दोलन, सुकुम्बासीका आइमाईहरूको झगडा, २०४६ सालको जनआन्दोलनमाथि दमन आदि प्रसङ्गमा बाह्यद्वन्द्वको प्रबलता देखिन्छ । उपन्यासमा सूर्यलाई थानकोट प्रहरीचौकीमा यातना दिँदाको छोटो प्रसङ्ग यस्तो छ :

*नङ्मा पीन ठोक्ने कि बोल्ने ? मुटु फेरि उसको पीनको डब्बा देखेर छट्पटाउन थाल्यो तर कुनै उपाय थिएन ।*

*मेरो केही गल्ती छैन .... तपाईंहरू बुझ्नुहोस् । मैले नभने पनि हुने तर अनायसै बोली फुट्यो ।*

*ठोक् ..... (फोहर बोली) सालेलाई उसको आदेश ।*

*एउटा टल्किरहेको पनि दाहिने खुट्टाको बुढी औँलाको नङ्को जोर्नीलाई च्यात्दै भित्र पस्यो । शायद मुटुसम्म 'ऐया* **SSS** *एक्कासी मुखबाट पीडादायक आहत स्वर निस्कियो" आ* SSS *..."आँसु मिश्रित मेरा आवाज निस्तब्ध रातलाई चिर्दै बिलायो ( १८२) ।*

यसैगरी बाह्यद्वन्द्वको चरमरूप २०४६ सालको आन्दोलनमाथि सरकारी सेनाले गरेको दमनको अवस्थामा देखा पर्छ ।

*"वीरे चोर - देश छोड"*

............................

*मैले त्यहीबेला देखेँ - राजदरबारको ठीक अगाडिको चेकबाट हरियो टाटेपाटे बर्दीका सिपाहीहरू दौडदै बन्दुकका टुप्पाहरूबाट धुँवा छोड्दै अघि बढे । त्यसपछि मान्छेहरू ढल्न थाले र सिङ्गो आकाशभरि मानिसहरूको आक्रोशमय कालाहल सुनिन थाल्यो - को कहाँ कसरी ढल्यो मलाई पत्तो छैन (पृ. ३३४) ।*

आन्तरिक द्वन्द्वका दृष्टिले पनि प्रस्तुत उपन्यास सबल छ । राजनीति सुरु गरेपछि पढाइ छोड्ने कि नछोड्ने सिन्धुपाल्चोकबाट फर्कने कि नफर्कने जस्ता सूर्यका दोधारे प्रवृत्तिमा आन्तरिक द्वन्द्व उत्पन्न भएको पाउन सकिन्छ । त्यसैगरी शान्तिप्रति पैदा भएको आशक्तिमा भोगवादी र त्यागवादी प्रवृत्तिबीच द्वन्द्व पैदा भएको छ । आन्तरिक द्वन्द्वको नमुना-

*एउटा मन जान्थ्यो हतारिदै र बिन्तीको केशराशीबाट रातो बादल जस्तै केशको एक मुठ्ठा लिएर आउँथ्यो अनि त्यही रातो केशलाई साक्षी बनाउँथ्यो, अर्को मन हतारिदै जान्थ्यो र किरणका बोलीहरूसँग सुकुम्बासीका छाप्रोहरू लिएर आउँथ्यो अनि बहस गर्थ्यो* (पृ. ३३७) ।

समग्रमा, यस उपन्यासभित्र शासक-शासित, सामन्त-गरिब, राजनीतिकर्मी, नारी र पुरुषबीचको सम्बन्ध, पार्टी र नेता तथा कार्यकर्ताहरूबीचको आन्तरिक मनमुटाव, सूर्यको शान्तिप्रतिको भोग र त्यागप्रतिको द्वन्द्व तथा परम्परावादी र क्रान्तिकारीका बीचको द्वन्द्वलाई सफल ढङ्गले देखाइएको छ । सूर्यबहादुरको आन्तरिक तथा बाह्यद्वन्द्व बढी प्रभावकारी छ र यसका माध्यमबाट कथानक अगाडि समेत बढेको छ ।

### ३.२.२.३ **कथानकको आङ्गिक विकास**

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो (बराल र एटम, २०५६: २६) । कथानक विकास हुँदा आदि, मध्य र अन्त्यको

शृङ्खलामा भएको हुन्छ । आजभोलि लेखिएका कतिपय उपन्यासहरूमा आदि, मध्य र अन्त्यको शृङखला नपाउन पनि सकिन्छ ।

**नयाँ घर** उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अनुस्यूत भएको छ । उपन्यासको प्रारम्भदेखि प्रथम भागअन्तर्गतको सूर्यको चितवन भ्रमणसम्मको घटनालाई आदि भागमा राख्नुपर्ने हुन्छ । यस भागमा सूर्यको बुबा, फुपू तथा हजुरबाको मृत्यु, बिन्तीदेवीसँग प्रेमको सुरुआत, सूर्यको आर्थिक तथा सामाजिक हैसियतको चित्रण, प्रवेशिका उत्तीर्ण गरेपछि क्याम्पसमा मेडिकल साइन्सको पढाइ, राजनीतिमा प्रवेश तथा सूर्यको चितवन भ्रमणजस्ता मुख्य घटनाहरू समाविष्ट छन् ।

उपन्यसका भाग १ का घटनाहरू आदि भाग अन्तर्गत राख्न सकिन्छ । उपन्यासको दोस्रो भागको आरम्भदेखि तेस्रो भागको आरम्भसम्मका घटनाहरूलाई मध्यभागको रूपमा लिन सकिन्छ । यसअन्तर्गत सूर्यको पढाइप्रतिको विकर्षण, सूर्यद्वारा गाउँमा सङ्गठनविस्तार, प्रधानपञ्च विरुद्धको अभियान, सूर्यको गिरफ्तारी र यातना, बिन्तीदेवीसँग प्रेमविछोड, क्रान्तिकारी आन्दोलनको सञ्चालन, रेणुको आत्महत्या, सिलसिला र रामकृष्णबीच विवाह र सम्बन्धविच्छेद जस्ता मुख्य घटनाहरूले मध्यभागको कथानकलाई विकसित गराएको छ । तेस्रो भागको प्रारम्भदेखि उपसंहार खण्डसम्म **नयाँ घर** उपन्यासको अन्त्य खण्ड हो । क्षितिज, शन्देश, प्रकाश, सूर्य आदि सङ्गठनका साथीहरूबीचको छलफल आन्दोलन सञ्चालनार्थ सूर्य लुमडीप्रसादकोमा बस्नु, लालसिंहले आँखाको उपचारको लागि सूर्यले निजीसम्पत्ति बेच्नु र पूर्णरूपले सर्वहारा हुनु, सूर्यको शान्तिसँगको सम्पर्क, २०४६ सालको आन्दोलन, साथी प्रकाशको मृत्यु, आन्दोलनमा परी सूर्यको खुट्टा भाँचिनु, क्षितिज र सिलसिलाको पुनर्विवाह र सम्बन्धविच्छेद तथा सूर्य र शान्तिको विहेको प्रसङ्ग यस भागका प्रमुख घटनाहरू हुन् । लालसिंहको उपचारको लागि सूर्यले निजीसम्पत्ति बेचेर पूर्ण सर्वहारा भएको घटनालाई यो उपन्यासको उत्कर्षबिन्दुको रूपमा लिनुपर्छ । यसपछि उपन्यास क्रमश : सङ्घर्षह्रासतर्फ डोहोरिदै अन्त्य भएको छ । यसरी **नयाँ घर** उपन्यासको कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा अनुस्यूत भएको छ ।

### ३.२.२.४ **कथानकको ढाँचा**

उपन्यासमा रहने आदिदेखि अन्त्यसम्मका घटनावलीहरूको संयोजनको अवस्था नै कथानकको ढाँचा हो (बराल र एटम, २०५८: २८) । कथानकलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने काम ढाँचामा भर पर्दछ । कथानकको ढाँचा दुई प्रकारको देखिन्छ - रैखिक ढाँचा र वृत्ताकारीय वा वर्तुलित ढाँचा । कथानक सरासरी अगाडि बढेको ढाँचा रैखिक ढाँचा हो । पूर्वादीप्ति शैलीको प्रयोग गरी कथानकलाई, विचलन गराई प्रस्तुत ढाँचा वृत्ताकारीय ढाँचा हो । **नयाँ घर** उपन्यास पूवदीप्ति शैलीको प्रयोग गरी लेखिएको उपन्यास हो । उपन्यासको प्रारम्भमा नै सूर्यबहादुरले आफ्नो जीवनकथा पुस्तकको रूपमा प्रस्तुत गर्छु भनेको छ । यसैगरी यो सिङ्गो उपन्यास अस्पतालको शय्यामा बसेको बेला स्मरण गरिएकोले पनि **नयाँ घर** उपन्यासमा वृत्ताकारीय ढाँचाको प्रयोग भएको पुष्टि हुन्छ । यस उपन्यासमा डायरी लेखन, पत्रात्मक शैली तथा उपन्यासको ठाउँठाउँमा गीत र कविताको समेत मिश्रण गरिएको छ । यस उपन्यासमा सूर्यवहादुरको कथानक प्रमुख हो भने अन्य पात्रहरूको सहायक हो । यस उपन्यासको कथानक सुरुदेखि अन्त्यसम्म एउटै भएकाले सरल कथानकको प्रयोग भएको छ ।

## ३.२.३ **चरित्र र चरित्रचित्रण**

पात्र वा चरित्र विना उपन्यासको कल्पना गर्न सकिदैन । आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ (शर्मा, २०५९: ११४) । उपन्यासका पात्रहरू मानवीय र मानवेतर गरी दुई प्रकारका हुन्छन् । उपन्यासकारले पात्रलाई माध्यम बनाएर आफूले उपन्यासमा व्यक्त गर्न खोजेको जीवन दर्शन प्रस्तुत गरिरहेको हुन्छ । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०५८: ३०) । उपन्यासमा पात्रको माध्यमबाट परिवेश, पात्रले भोगेको जीवन, राजनीति, समाज, संस्कृति आदिको ज्ञान गर्न सकिन्छ । उपन्यासका पात्रहरूको सम्बन्ध कथावस्तु र उद्देश्यसित रहेको हुन्छ । पात्र तथा चरित्रहरू कथानकको गतिका संवाहक हुन् र कथानकको गति र

कार्यअनुरूप चरित्रको चित्रण, विकास, व्यवहार, आरोहअवरोहका क्रियाकलापहरू चारित्रीकरण हो ।

उपन्यासमा प्रयोग गरिएका पात्रहरू विभिन्न सन्दर्भहरूबाट टिप्ने गरिन्छ । उपन्यासमा प्रयुक्त पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ । यस्ता आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आसन्नता, आबद्धता रहेका छन् (शर्मा, २०५६: ११४) ।

### ३.२.३.१ **लिङ्गका आधारमा**

उपन्यासमा प्रयोग  भएका पात्रहरूको प्राकृतिक जात छुट्याउने आधार लिङ्ग हो । यस आधारमा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका छन् ।

### ३.२.३.२ **प्रवृत्तिको आधारमा**

पात्रले प्राप्त गर्ने सत् र असत् भूमिकाका आधारमा गरिने वर्गीकरण प्रवृत्तिको आधारको वर्गीकरण हो । यस आधारमा पात्रहरू अनुकूल र प्रतिकूल गरी दुई प्रकारका हुन्छन् -सकारात्मक भूमिकामा उपस्थित भई पाठकको सहानुभूतिसमेत प्राप्त गर्ने पात्र अनुकूल र नकारात्मक भूमिकामा उपस्थित भई पाठकको सहानुभूति प्राप्त नगर्ने पात्र प्रतिकूलअन्तर्गत पर्दछन् ।

### ३.२.३.३ **कार्यको आधारमा**

उपन्यासमा पात्रहरूले निर्वाह गरेको भूमिकाका आधारमा पात्रहरूलाई वर्गीकरण गर्ने आधार कार्य हो । यस आधारमा प्रमुख, सहायक र गौण गरी तीन प्रकारका पात्रहरू हुन्छन् । सबैभन्दा बढी कार्य भूमिका प्राप्त गर्ने पात्र प्रमुख, प्रमुखभन्दा केही कम भूमिका प्राप्त गर्ने पात्र सहायक र न्यून भूमिकामा उपस्थित पात्र गौणअन्तर्गत राख्न सकिन्छ । गौणपात्र हटाइदिने हो भने पनि कथानकमा त्यति असर पर्दैन ।

### ३.२.३.४ स्वभावका आधारमा

यस आधारमा पात्रहरू गतिशील र गतिहीन हुन्छन् । प्राप्त कार्यभूमिकाका आधारमा परिस्थिति बदलिँदा पनि आद्यन्त उस्तै रहने पात्र गतिहीन र परिवर्तन हुने पात्र गतिशील हुन्छ । गतिशील पात्रहरू परिस्थितिअनुसार स्वभाव बदल्ने गर्दछन् ।

### ३.२.३.५ जीवनचेतनाका आधारमा

यस आधारमा पात्र वर्गगत र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । वर्गीय पात्रले कुनै न कुनै सामाजिक वर्गको प्रतिनिधित्व गर्छन् भने व्यक्तिगत पात्रले आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको खोज्दछन् ।

### ३.२.३.६ आसन्नताका आधारमा

उपन्यासमा पात्रको उपस्थिति वा आसन्नताका आधारमा बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । यदि बद्ध पात्रलाई उपन्यासबाट झिकिदिने हो भने उपन्यासको संरचना खजमजिन्छ तर मुक्त पात्रलाई झिकिदिने हो भने संरचनामा कुनै परिर्वतन आउँदैन ।

**नयाँ घर** उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिएको छ । कतिपय पात्रहरू व्यक्तिवाचक नामका आधारमा कतिपय समूहवाचक र कतिपय जातिवाचक नामका आधारमा सङ्केतित छन् । विवेच्य उपन्यासमा प्रयुक्त केही पात्रहरूको सूची :

सूर्यबहादुर थापा, सिलसिला महर्जन, आमा, हजुरबा, दिदी (शोभा), मित रामकृष्ण महर्जन, खिलराज गौतम (प्रधानपञ्च), धुनमुने घर्ती, ढुङ्गा फुटाउने युवक, कार्कीकाका, बाहुन (धामी), सेती मैचा, बिन्तीदेवी श्रेष्ठ, मनरूपा, जयनन्द, बिन्तीको बाबु, सुन्दर थपलिया, शान्ति शर्मा, क्षितिज, कमल, किरण, सन्देश, लालसिंह, भरत, बुढा बा, रामप्रसाद, रामप्रसादकी श्रीमती, धारामा पानी भर्न आएका पँधेर्नी, धनबहादुर, माइला हरिमान बुढा, चमेली, कृष्ण, मन्त्री, लुमडीप्रसाद, लुमडीकी श्रीमती, रेणु, सानुचा, रामकुमार लिम्बू, गुरुङ्गबुढा, रमेश पौडेल, महादेव, इन्स्पेक्टर, डी.एस.पी. बस स्टपमा आएका मान्छेहरू, प्रधानपञ्चको कार्वाहीमा उपस्थित

मान्छेहरू, सिलसिलाकी आमा-बा, भट्टीपसलका मान्छेहरू, प्रहरीहरू आदि यस उपन्यासमा प्रयुक्त पात्रहरू हुन् । यी मध्ये सूर्यबहादुर प्रमुख पात्र हो । यो उपन्यास उसैको सेरोफेरोमा घुमेर संरचित छ । माथि वर्णित आधारहरूका माध्यमले **नयाँ घर** उपन्यासका केही मुख्य भूमिका भएका पात्रहरूको विवरण तालिकामा प्रस्तुत गरिन्छ :

| क्र.सं. | पात्रको नाम | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | सूर्यबहादुर थापा | पु. | प्रमुख | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| २ | सिलसिला महर्जन | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| ३ | किरण | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ४ | प्रकाश | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ५ | लालसिंह | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ६ | बिन्तीदेवी श्रेष्ठ | स्त्री | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ७ | दिदी (शोभा) | स्त्री | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ८ | मीत (रामकृष्ण महर्जन ) | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ९ | सन्देश | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| १० | क्षितिज | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ११ | शान्ति शर्मा | स्त्री | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| १२ | सुन्दर थपलिया | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १३ | लुमडीप्रसाद पौडेल | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १४ | आमा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १५ | भरत | पुरुष | सहायक | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १६ | कमल | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| १७ | रेणु | स्त्री | गौण | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| १८ | हजुरबा | पुरुष | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| १९ | खिलराज गौतम | पुरुष | सहायक | प्रतिकूल | गतिशील | वर्गीय | मञ्चीय | मुक्त |
| २० | रामप्रसाद | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गीय | मञ्चीय | मुक्त |
| २१ | मन्त्री | पुरुष | गौण | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| २२ | हरिमान | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २३ | सिलसिलाकी आमा | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| २४ | भारतीय साहू | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| २५ | कार्की काका | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २६ | अमोघ | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २७ | महादेव | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| २८ | धनमुने घर्ती | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| २९ | बिन्तीको बुबा | पुरुष | गौण | प्रतिकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ३० | चमेली | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ३१ | रामकुमार लिम्बू | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ३२ | लुमडीकी श्रीमती | स्त्री | गौण | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ३३ | इन्स्पेक्टर | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गीय | नेपथ्य | मुक्त |
| ३४ | सानुचा | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| ३५ | मनरूपा | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |

उपर्युक्त पात्रविधानगत तालिकाका आधारमा **नयाँ घर** उपन्यासका प्रमुख र केही सहायक पात्रहरूको चरित्रचित्रण निम्नअनुसार गरिएको छ :

### ३.२.३.१ सूर्यबहादुर थापा

सूर्य **नयाँ घर** उपन्यासको केन्द्रीय पात्र हो । सूर्यकै माध्यमबाट लेखकले आफूले प्रस्तुत गर्न खोजेको जीवनदर्शन र सर्वहाराकरणको सिद्धान्त उपन्यासमा व्यक्त गरेको छ । यो सिङ्गो उपन्यास उसकै जीवनको सेरोफेरोमा घुमेको छ । सानैदेखि सङ्घर्ष गर्न सिकेको सूर्यको जीवनमा त्यति धेरै सुखका दिनहरू आएनन् । बाल्यावस्थामा नै पितृवियोगको पीडा खेपेको सूर्य हजुरबा, आमा र दिदीको ममतामा हुर्कन्छ । केही समयपछि हजुरबाको समेत मृत्यु भएपछि आर्थिक गर्जो टार्न रातभर तानमा बस्ने जस्ता श्रममूलक कार्य गर्दछ ।  दस वर्षको लामो व्यथापछि बाबुको मृत्यु हुनु जो भएको खेत उपचारमा समाप्त हुनु र घरबारी बन्धकमा पर्नु, शोषण र अपमानको कठिन जीवन भोग्दाभोग्दै बाजे मर्नु, दिदी शोभाले सूर्यको जीवन र भविष्यको रक्षा गर्नका निम्ति आफ्नो जीवन र यौवन अर्पित गर्नु उपन्यासको नायकको व्यक्तित्वको बीजारोपण गर्ने प्रारम्भिक पृष्ठभूमि हो (सङ्गौला, २०५१: ११) एस्.एल्.सी. पास गरी मेडिकल साइन्स पढ्दै गरेको सूर्य विद्यालयदेखि नै बिन्तीदेवीसँग प्रेम गर्छ । क्याम्पसको अध्ययन प्रारम्भसँगै उसको राजनीतिक जीवनको प्रारम्भ हुन्छ । गाउँमा सङ्गठनविस्तार गर्नु, प्रधानपञ्चविरुद्ध पर्चा छर्नु जस्ता कार्यक्रमहरू उसले सञ्चालन गर्ने गर्थ्यो । यता देशभ्रमणका अवसरमा चितवन पुगेका बेला सङ्गठनका अरूसाथीहरूको संसर्ग र प्रधानपञ्च जस्ता फटाहा सामन्तहरूले गरिब जनताहरूप्रति गरेको व्यवहार देखेर पढाइलाई तुच्छ ठानी काठमाडौं फर्केर देश र जनताको मुक्तिका निम्ति आफ्नो सम्पूर्ण जीवन लगानी गर्छ । सङ्गठनविस्तार गर्दै जाने क्रममा ऊ आफ्नो  धारणा र प्रतिबद्धता यसरी व्यक्त गर्छ *-हामी युवाहरूले यो देश र जनताका लागि लड्नैपर्छ कुकुर बिरालो को भन्दा फरक जीवन बाँच्ने पर्छ* (पृ. ६४) । घरपरिवार, साथीसँगी र प्रेमिकाको समेत अस्वीकृति हुँदाहुदै पढाइ छाडेर राजनीतिमा लागेपछि बिन्तीसँगको प्रेममा समेत ऊ असफल हुन्छ । खिलराज गौतमविरुद्ध पर्चा छरेबापत प्रहरीबाट यातना

पाएपछि अझ कठोर भएर सङ्घर्षमा उत्रन्छ । बिन्तीसँग प्रेमबिछोड भएको बेला सूर्य आफैलाई पीडा दिएर रक्सीको नशामा भुल्न खोज्छ -

*रक्सी खाएर छट्पटाउनु, ब्लेडले हातलाई चिर्नु र एकान्तमा बसेर रुनु मेरो सामान्य दिनचर्या झैँ हुनथाल्यो, यहाँसम्म कि एकदिन एउटा रक्स्याहाको चुरोट खोसेर मैले पिएँ अनि आफ्नै हातमा चुरोट निभाएँ* (पृ. २१५) ।

यता रक्सीकै नशामा परेको बेला आफ्नो पीडा बिसाउन आएकी रेणुको समस्या नबुझिदिनाले आत्महत्या गरेकी रेणुप्रति पनि पश्चाताप गर्न पुग्छ । आफू जेल परेको बेलामा घरमा दिदी र आमा दुबै सिकिस्त बिरामी परी मर्दछन् । यस्तो अवस्थामा किरणले समवेदनाका शब्दहरू चिठीमार्फत् पठाउँछ । जवाफमा *उहाँहरूले त्यति धेरै दुःख पाउनु भएको छैन जति नेपाली भोका नाङ्गा आमा दिदीले दुःख भोगेका छन् । बरु समस्या त पुरानो र नयाँ विचार बीचको हो, निजी स्वार्थपूर्तिमूलक सोच र समाजवादी सोच बीचको हो* (पृ. २५२) भन्दै आफूलाई समाजवादको पक्षमा उभ्याउँछ । पटकपटक मइ दिवसका अवसरमा जेल पर्नु र छुट्नु सूर्यका लागि अनौठो थिएन । यही आन्दोलनकै क्रममा प्रकाशसँग चिनजान हुन्छ । यता लालसिंहको आँखाको ज्योति गुमेपछि उपचारका लागि आफ्नो निजी सम्पत्तिका नाउँमा रहेको घरसमेत बेचेर ऊ पूर्ण सर्वहारा बन्छ । त्यहीबेला सूर्य एकजना साथीलाई भनेको सम्झन्छ *"यदि तिमीले अहिले रगत बगाउँदैनौ भने भोलि तिम्रा छोराछोरीले रगत बगाउन बाध्य हुनेछन् । भन तिमी कसको रगत बगोस् भन्ने चाहन्छौ ? तिम्रो या बच्चाहरूको"* (पृ. २९४) भन्दै क्रान्ति गर्नुपर्ने आवश्यकताको वकालत गर्दछ । आन्दोलनलाई गोप्य ढङ्गले चलाउन क्षितिजको सहयोगले सूर्य लुमडीप्रसादकोमा गएर बस्छ । त्यहाँ उसको शान्तिसँग चिनजान हुन्छ । २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना भएपछि सुन्दर थपलियाप्रवृत्तिहरू अगाडि आएको सूर्यलाई चित्त बुझेको छैन । फेरि आन्दोलनको शङ्खघोष भयो र आन्दोलनकै क्रममा सूर्यले एउटा खुट्टा गुमायो । अस्पतालमा शान्तिको निगरानीमा उपचार गराएर सन्चो भएपछि सूर्य र शान्तिको बिहे हुने प्रसङ्ग आउँछ ।

यस उपन्यासको आदिदेखि अन्तसम्म मूल रूपमा सूर्यको जीवनसँग सम्बन्धित घटना रहेको छ । जस्तोसुकै दुःख सहेर पनि सर्वहाराको मुक्तिका खातिर लागिपरेको सूर्य उपन्यासको नायक हो । ऊ जुझारु र क्रान्तिप्रति प्रतिबद्ध छ । यस्तै प्रेममा

असफल प्रेमीका रूपमा चित्रण गरिएको छ । समाजमा रहेका खराब तत्त्वहरूको खुलेर विरोध गर्ने, गणतन्त्र र साम्यवादका निम्ति लड्ने, अन्तर्जातीय प्रेम गर्ने पात्रका रूपमा सूर्य आएको छ । प्रवृत्तिका हिसावले अनुकूल, स्वभावका हिसाबले स्थिर, जीवनचेतनाका हिसाबले वर्गीय, आसन्नताका हिसाबले मञ्चीय र आबद्धताका हिसाबले बद्ध पात्र सूर्य क्रान्तिकारी, जुझारु र आदर्श पात्र हो ।

३.२.३.२ **सिलसिला महर्जन**

सिलसिला **नयाँ घर** उपन्यासकी प्रमुख नारीपात्र हो । उसले नेपाल कम्युनिस्ट पार्टीका नाममा पठाएको बोधार्थमा 'ज्वाला' नाम राखिएको छ । ऊ सङ्घर्षशील, आत्मअस्तित्वका खातिर लड्ने जुझारु नारी हो । रक्स्याहा नेवार बाबुकी छोरी सिलसिलाले कक्षा आठसम्मको अध्ययन गरेकी छ । आफ्नो बाबुले आमालाई दिएको पीडाले विक्षिप्त भएकी सिलसिला साथीहरूको सहयोगमा बाबुलाई सिस्नुपानी लगाउँछे । सूर्यसँग सङ्गठनविस्तार र गाउँमा फटाहाविरुद्ध गरिएको कार्बाहीमा सदैव साथ दिने सिलसिला रामकृष्ण महर्जनलाई आत्मैदेखि प्रेम गर्छे । रामकृष्णसँग विहे गरेपछि उनीहरू छुट्टिन्छन् । रामकृष्णको दिमागमा दिनानुदिन पुँजीवादी चिन्तनको हावी हुन्छ र ऊ पैसा कमाउनतर्फ प्रवृत्त हुन्छ तर सिलसिला त्यो मान्दिन । सूर्य जेल परेको बेला आमा र दिदीसँग आएर प्रायः भलाकुसारी गरिरहन्छे । आफू सुत्केरी भएको अवस्थामा लोग्ने बिरामी पर्दा समेत सिलसिला लुकाएर राखेको रूपैयाँ र गरगहना निसङ्कोच बिरामी लोग्नेलाई सुम्पिदिन्छे । लोग्नेले सम्पत्तिमा देखाएको मोह र अर्की केटीसँगको प्रेमप्रसङ्गले आहत भएकी सिलसिला रामकृष्णसँग सम्बन्ध विच्छेद गर्छे - *एउटा घरमा तिमी मेरो सम्पूर्ण जीवन खरिद गर्न चाहन्छौ - यही हो जीवनको व्यापार भनेको । घृणा गर्छु म तिमीलाई, पागल कुकुरलाई जस्तै* (पृ. २६२) भन्दै घरबाट निस्कन्छे र आत्मस्वाभिमानमा कुनै ठेस लाग्न दिन्न । माइतमै बसिरहेकी सिलसिलालाई सूर्यले उसले गरेको निर्णय सम्बन्धमा सोद्धा - *उसको ममाथिको यो अपमान कुनै अपवाद होइन बरु सामन्ती र पूँजीवादी पुरुषवादी चिन्तनको एउटा निरन्तरता हो* (पृ. २७६) भन्दै पुरुषवादी चिन्तनको विरोध गर्छे । सङ्गठनका कार्यक्रमहरूमा सहभागिता जनाउँदै आएकी सिलसिला २०४६ पछि

क्षितिजसँग पुनर्विवाह गर्छे । एन्.जी.ओ. चलाएर घर धान्नुपर्ने बाध्यता र क्षितिजको सामन्तवादी सोचका कारण राजनीतिमा खासै भूमिका खेल्न नपाएकीले सिलसिला क्षितिजसँग पनि सम्बन्धविच्छेद गर्दछे । नेपाल कम्युनिस्ट पार्टी, केन्द्रीय समितिलाई लेखेको पत्रमा -*वर्तमान समयमा यदि क्रान्तिमा स्त्री जातिलाई अघि बढाउनु छ भने सिरिफ पुरुषहरूले छुट दिएर मात्र पुग्दैन* (पृ. ३९४) भन्दै सिलसिला नारीवादको पक्षमा देखिन्छे । अन्त्यमा छोरो अमोघलाई सूर्यको साथ सुम्पेर नेपाली जनता र समग्र मानवमुक्तिको निमित्त सङ्घर्षमा उत्रिन्छे ।

सिलसिला पात्रविश्लेषणका सैद्धान्तिक आधारमा हेर्दा अनुकूल, गतिशील, वर्गीय, मञ्चीय, बद्ध र प्रमुख नारी पात्र हो । सिलसिला आफ्नो अस्तित्वको रक्षाका लागि पुँजीवादी पुरुषवादी चिन्तनसँग लड्ने, निरन्तर क्रान्तिमा सहभागी भइरहने विद्रोही नारीपात्र हो ।

### ३.२.३.३ **किरण**

सूर्यको सहयोद्धा र गुरु पनि हो किरण । किरणका राजनीति र जीवनसम्बन्धी धारणाबाट सूर्य प्रभावित छ । सूर्य चितवन भ्रमणमा गएको बेला त्यहीँ चिनजान भएको किरणका सम्भाषणहरूबाट उपन्यासकारले आफ्नो जीवनदर्शन व्यक्त गरेका छन् । किरण भन्छ -

*जतिसुकै खराब समाजमा मान्छे हुर्किए पनि मान्छेभित्र कतै न कतै थोरै वा धेरै असल कुरा लुकेकै हुन्छ र त्यो असल कुरा सधैँभरि सत्यको पक्षमा जनताको पक्षमा उभिने प्रयास गर्दछ* (पृ. ८५) ।

सर्वहारा जनताको मुक्तिको लागि सदैव लडिरहने किरण पार्टीभित्रको बुद्धिजीवी, क्रान्तिकारी तथा आदर्श कम्युनिस्ट नेता हो । किरण सर्वहारा वर्गको मुक्तिका लागि सबैलाई लड्न आग्रह गर्दछ । सदैव सत्यको पक्षमा नडराई लाग्न प्रेरित गर्दै ऊ भन्छ - "यो नसोँच्नुस् कि तपाईंको जीवन सिरिफ तपाईंका रक्त आफन्तहरूका लागि मात्र हो बरु हाम्रो निम्ति हाम्रो जीवन सम्पूर्ण भोकानाङ्गा जनताको लागि हो । अर्को कुरा आँट गर्नोस् - *हरेक निर्णय लिँदा र सत्य देखेपछि त्यसमा आँखा चिम्लेर हाम फाल्नोस् किनभने खुट्टा कमाएर कहिल्यै सत्यलाई पक्रन सकिन्न* (पृ.१०९) । सूर्यले किरणका

भनाइहरूलाई आत्मसात् गर्दै कतिपय अप्ठ्यारा आइपरेका ठाउँमा पनि सर्वहाराको मुक्तिका निम्ति पछाडि परेको छैन । चितवनलाई मुख्य कार्यक्षेत्र बनाएको किरण सङ्घर्षशील, क्रान्तिकारी तथा पार्टीको बौद्धिक व्यक्तित्व र उपन्यासमा लेखकको मुखपात्र भएर आएको सहायक पुरुष पात्र हो ।

### ३.२.३.४ लालसिंह

लालसिंह सूर्यको सहयोद्धा हो । ऊ उपन्यासको सहायक पुरुष पात्र हो -*कालो युवक जसले कट्टु र सेतो कमिज लगाएको थियो* (पृ.९४) भन्दै उसको बाह्य व्यक्तित्वको वर्णन गरिएको छ । चितवनमा रामप्रसाद (प्रधानपञ्च) लाई कार्वाही गर्दा नेतृत्व गरेर हिँडिरहेको लालसिंह भेला भएका जनतालाई - *अब गाउँ गाउँबाट कमिलाको ताँतीजस्तै आफ्नो लागि, आफ्नो बच्चाको भविष्यको लागि ज्यानको बाजी थापेर उठ्नु पर्छ, लड्नै पर्छ । परेलालाई आँसुले भिजाएर कसैले हत्केलामा सुख ल्याएर हालिदिदैन, यो सबैले बुझ्नै पर्छ* (पृ. ९७) भन्दै अन्यायका विरुद्ध जुट्न आग्रह गर्छ । कसैले मन्दिरको पेटीमा जन्माएर छोडेको बालक ठकुरीको घरमा बाँधा हली बसेको सार्कीले हुर्काउँछ, त्यही बालक लालसिंहलाई पढाउने प्रस्ताव राख्दा धर्मबाको समेत सामन्तका ठेकदारहरूले मारिदिन्छन् । लालसिंहले भारतका विभिन्न प्रान्तहरूमा घुम्दै जाँदा २१ वर्षको उमेरमा बिहे गरी छोरीसमेत जन्माएको छ तर धर्मभिन्नताका कारण सम्बन्धविच्छेद हुनपुग्छ । पछि बनारसतिर जोगीहरूसँग घुम्दै गाँजा तान्ने क्रममा बिरामी भई अस्पताल भर्ना हुँदा किरणको सम्पर्कबाट ऊ राजनीतिमा प्रवेश गर्छ । पछिल्लो समयमा दुबै आँखाको ज्योति गुमेपछि सूर्यको सहयोगमा उसको उपचार हुन्छ ।

लालसिंह सच्चा क्रान्तिकारी योद्धा, जुझारु, गरिब र किसान वर्गको मुक्तिका निम्ति सदैव लडिरहने असल नेता हो । यस उपन्यासको सहायक पुरुषपात्र, अनुकूल प्रवृत्ति, स्थिर स्वभाव भएको पात्रका रूपमा चित्रित लालसिंह आदर्श पात्र पनि हो ।

### ३.२.३.५ **प्रकाश**

चितवनको हरिमान बुढाको नाति प्रकाश निडर स्वभावको छ । सूर्यको सहयोगी योद्धा प्रकाश भारतीय साहूविरुद्ध विद्रोह गरी मजदुर आन्दोलनमा सहभागी भएको हो । जोसिलो र फुर्तिलो प्रकाश प्रायः रातो झन्डा बोकेर २०४६ सालको जनआन्दोलनको नेतृत्व गरिरहन्छ । प्रधानपञ्च रामप्रसादले उठिबास लगाएपछि ६ महिनाजति छिमेकीका शरणमा बस्छन् । त्यसपछि कामको खोजीमा काठमाडौँ आएको प्रकाश २०४६ सालको आन्दोलनमा सक्रियता पूर्वक भाग लिन्छ । यही क्रममा पाषाणहृदयी सत्ताका हिमायतीहरूको गोलीको सिकार भएर सहिद हुन्छ ।

प्रकाश २०४६ सालको आन्दोलनमा सहिद भएकाहरूको प्रतिनिधि चरित्र हो । यस उपन्यासको सहायक पुरुष पात्र प्रकाशको प्रसङ्गबीचबाट प्रारम्भ भई बीचमा नै टुङ्गिन्छ ।

### ३.२.३.६ **बिन्तीदेवी श्रेष्ठ**

सूर्यकी प्रेमिका बिन्तीदेवी सम्पन्न परिवारमा जन्मिएकी केटी हो । निलो मिडी लगाउने उपमाले परिचित बिन्ती अत्यन्तै सुन्दर छे । पसलमा उसिनाचामल किन्न जाँदा देखिएकी बिन्ती र सूर्य पछि एउटै कक्षाका सहपाठी हुन्छन् । पटकपटक एकान्तमा भेट्ने गरेको थाहा भएपछि बिन्तीलाई बाहिर निस्कन बन्देज थियो । पुँजीवादी चिन्तनले ग्रस्त बिन्ती सूर्यले पढाइ छोडेकोमा चिन्तित छे । सूर्यलाई माया गरे पनि राजनीतिलाई माया नगर्ने बिन्ती धोकेवाज प्रेमिका हो । लन्डनबाट आएको केटासँग विवाह गरेपछि सूर्यलाई सहयोगार्थ केही रकम दिन खोज्दा अस्वीकार गरेपछि निकै मर्माहत भएकी छे । पुँजीवादी चिन्तनको सिकार भएकी बिन्ती गतिशील चरित्र हो ।

### ३.२.३.७ **सन्देश**

सन्देश एक इमान्दार राजनीतिक कार्यकर्ता हो । पञ्चायत कालदेखि नै भूमिगत जीवन बिताएको सन्देश सूर्यको सहयात्री र सहयोद्धा हो । घरमा श्रीमती र दुईटी छोरी

छोडेर हिँडेको सन्देश पार्टीको सच्चा नेता हो । सूर्यलाई सिन्धुपाल्चोक पुऱ्याउने तथा राजनीतिक बहसहरूमा देखापर्ने सन्देश **नयाँ घर** उपन्यासको सहायक पुरुष पात्र हो ।

### ३.२.३.८ क्षितिज

क्षितिजलाई उपन्यासमा अवसरवादी नेताका रूपमा देखाइएको छ । सूर्य, लालसिंह, किरण, सन्देश सबैको सहयोद्धा क्षितिज पार्टीको उपल्लो तहको नेता हो । लुमडीप्रसादको भाइ, शान्ति शर्माको दाजु र सिलसिलाको लोग्ने क्षितिजमा पुँजीवादी चिन्तनबाट ग्रस्त छ । श्रीमतीले एन्.जी.ओ. चलाएर घर धानिरहेको र क्षितिज राजनीति गरिरहेको अवस्थामा श्रीमतीको निधन हुनपुग्छ । लालसिंहको आँखाको ज्योति गुम्दासम्म पनि उपचारका लागि निजीसम्पत्ति खर्च गर्न हिच्किचाउने क्षितिज खलचरित्रका रूपमा देखिन्छ । साथीहरूसँग सर्वहाराकरणका सम्बन्धमा बहस हुँदा निजीसम्पत्तिका पक्षमा वकालत गर्छ । - *एउटा जोगी जसको निजी सम्पत्ति भन्ने केही छैन के त्यो सर्वहारा भयो त* (पृ.३६९) जस्ता नीच तर्क राख्छ । श्रीमतीको मृत्युपछि सिलसिलासँग पुनर्विवाह गरेको उसले सुन्दर थपलिया प्रवृत्तिहरूलाई चुनाव उठ्न मद्दत गर्छ । सिलसिलालाई पनि एन्.जी.ओ. चलाएर घर धान्न भनेपछि उनीहरूबीचमा सम्बन्धविच्छेद हुनपुग्छ । यसरी गतिशील तथा प्रतिकूल चरित्रका रूपमा क्षितिज देखिएको छ ।

### ३.२.३.९ शान्ति शर्मा

सङ्गठनको नेता क्षितिज र पुँजीवादी लुमडीप्रसादकी बहिनी शान्ति असल राजनीतिक कार्यकर्ता हो । उपन्यासमा अनुकूल र गतिशील पात्रका रूपमा उपस्थित शान्ति विराटनगरमा बस्दा नै अन्तरजातीय केटोसँग प्रेम गर्थी तर परिवारको असहमतिमा छुटाएर काठमाडौँ ल्याइयो । काठमाडौँमा शिक्षक पेसा गरेर बसिरहेको अवस्थामा लुमडीप्रसादकोमा सूर्यसँग भेट भएपछि राजनीतिमा पुनः प्रवेश गर्छे । दाजुहरूको पुँजीवादी चिन्तनकी विरोधी शान्ति आन्दोलनका क्रममा जेल पर्छे । सूर्यलाई पछिल्लो चरणको आन्दोलनमा निकै साथ दिएकी उसले सूर्यको खुट्टा गुम्दा निकै स्याहार गरेकी छ र निस्वार्थ प्रेमिका बनेर सूर्यसँग विवाह गरेकी छ ।

मानवमुक्तिका लागि सदैव लडिरहने प्रण गरेकी शान्ति **नयाँ घर** उपन्यासकी सहायक स्त्री चरित्र हो ।

### ३.२.३.१० अन्य सहायक पात्रहरू

**नयाँ घर** उपन्यासका अन्य सहायक पात्रहरूमा दिदी (शोभा), रामकृष्ण महर्जन, सुन्दर थपलिया, भरत, कमल, खिलराज गौतम, लुमडीप्रसाद रहेका छन् । कुनै पनि दुःख देख्न नसक्ने दिदी शोभाले रातभर तानमा खटेर भाइलाई पढाउने र पाल्ने काम गरेकी छ । गाउँका फटाहहरूले शोभालाई तल्लास्तरका शब्दहरूले गाली गरेपनि भाइको निम्ति ऊ यो सबै खप्न तयार छे । अविवाहिता शोभा सूर्यले पढाइ छोडेकोमा निकै चिन्तित देखिन्छे । भाइलाई भेट्न थानकोट चौकी पुग्दा सूर्यको स्थिति देखेर निकै रुन्छे । दिदी पुँजीवादी र परम्परागत मान्यताले जकडिएकी सरल अर्धसहरिया पात्र हो । भाइलाई डाक्टर बनाउने चाहना बोके तापनि पूर्ण हुन सकेन । अन्त्यमा, सारा जीवन भाइका लागि भनेर बिताएकी दिदी शोभा टाउको दुख्ने रोगले मर्न पुग्छे । ऊ सरल स्वभाव भएकी अशिक्षित सहायक नारी चरित्र हो ।

यस उपन्यासमा रामकृष्ण, सुन्दर थपलिया, खिलराज, लुमडीप्रसाद जस्ता चरित्रलाई खलपात्रका रूपमा ल्याइएको छ । सुरुमा राजनीतिमा प्रवेश गरेको रामकृष्ण सिलसिलासँग बिहे गरेपछि धन कमाउन जुनसुकै कसर पनि बाँकी राख्दैन । श्रीमतीलाई सामान्य भोग्यावस्तु ठान्ने रामकृष्ण अर्के कुनै नवयौवनासँग प्रेममा फस्छ । यही कारण सिलसिलासँग सम्बन्धविच्छेद हुनपुग्छ । उसको खासै उल्लेखनीय भूमिका उपन्यासमा देखिदैन । सूर्यलाई आन्दोलन र राजनीतिमा लाग्न प्रेरित गराउने सुन्दर थपलिया पछि पुँजीवादी चिन्तनप्रति झुक्छ । खासै राजनीतिमा कुनै महत्त्व नराखे तापनि क्षितिजजस्ता व्यक्तिहरूको सहयोगबाट क्रान्तिकारी योद्धाहरूलाई पछि पार्दै २०४८ पछि टिकट पाउँछ र जित्छ । ऊ अवसरवादी व्यक्ति हो । भरत सूर्यको सहपाठी हो । विचार प्रगतिशील भए पनि व्यवहारमा देखाउन सक्दैन । चितवन भ्रमणमा सूर्यसँगै गएको बेला केही दिनमै फर्कन्छ । पछि सूर्यले खुट्टा गुमाएर अस्पताल जाँदा त्यहाँ डाक्टरको रूपमा ऊ उपस्थित हुन्छ । परम्परावादी विचार र पुँजीवादी चिन्तनबाट जकडिएको भरत कम भूमिका भएको सहायक पुरुष पात्र हो । खिलराज

गौतम तत्कालीन राज्यव्यवस्थाको क्रूर पञ्चभाटहरूको प्रतिनिधि पात्र हो । आफूबाहेक कोही सप्रेको देख्न नसक्ने गौतमले आफूविरुद्ध पर्चा छरेको निहुँमा सूर्य र सानुभाइलाई जेल पठाएको छ । ऊ क्रुर, निर्दयी, फटाहा र निरङ्कुश पञ्चहरूको प्रतिनिधि पात्र हो । लुमडीप्रसादले सुरुमा राजनीति गरे तापनि बीचैमा नेवारनी श्रीमतीसँग बिहे गरी राजनीति छोडेको छ । श्रीमतीको सम्पत्तिमा बाँच्नु परेकाले ऊ खासै स्वतन्त्र देखिँदैन । उसमा पनि पुँजीवादी चिन्तनले डेरा जमाएको छ ।

३.२.३.११ **अन्य गौण पात्रहरू**

**नयाँ घर** उपन्यासमा थुप्रै गौण पात्रहरूको उल्लेख छ । सूर्यकी आमा, रेणु, महादेव, रामप्रसाद, प्रहरीहरू, इन्स्पेक्टर,, भारतीय साहू, हरिमान, हजुरबा, मन्त्री, सिलसिलाकी आमा, लुमडीकी श्रीमती तथा अन्य थुप्रै पात्रहरू गौण भूमिकामा उपस्थित भएका छन् । पतिवियोगको पीडा खपेर पनि सूर्यको इच्छामा कुनै भाँजो नहाल्ने पात्र हुन् आमा । आमाले सूर्यको पढाइ र जीवनको निम्ति कहिल्यै सुखको महशुस गरेको घटना छैन । पढेर डाक्टर बनेपछि सुखसँग छोराले पाल्छ भन्ने अभिलाषा बोकेकी उनको इच्छा अपूरै रहन्छ । अन्त्यमा सूर्य जेलमा परेर निस्केको केही दिनमै निधन हुन्छ । परम्परावादी सँस्कारले गाँजिएकी आमामा पनि पुँजीवादी चिन्तन देखिन्छ । सूर्य आदि साथीहरूसँग राजनीतिक सङ्गठनमा भाग लिन आउने रेणु साह्रै चञ्चल छे । प्रधानपञ्चको छोराबाट बलत्कृत भएको पीडाले रुखमा भुन्डिएर आत्महत्या गर्छे । रामप्रसाद चितवनको शोषक र सामन्त हो । हरिमानजस्तो गरिब र दलितले गरिखाएको देख्नने नसक्ने रामप्रसादलाई लालसिंहजस्ता क्रान्तिकारीहरूले कार्वाही गरेका छन् । अमोघ सिलसिलाको छोरो हो । ऊ सहिदलाई सम्मान गर्छ र निरङ्कुश तानाशाहलाई तिरस्कार गर्छ । उसले सहिदहरूलाई फूल चढाएको प्रसङ्गसँगै उपन्यासको अन्त्य भएको छ । ऊ बालपात्र हो । अन्य थुप्रै गौण पात्रहरूको पनि यस उपन्यासमा यथोचित चित्रण गरिएको छ ।

**नयाँ घर** उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरिए पनि सूर्य प्रमुख पुरुष पात्र हो । उसको भूमिका सुरुदेखि अन्त्यसम्म रहेको छ । त्यसैले **नयाँ घर** उपन्यास

एकनायकत्व भएको उपन्यास हो । यस उपन्यासमा क्रान्तिकारी चिन्तन भएका सर्वहारावादी पात्रको यथोचित चित्रण गरिएको छ ।

### ३.२.३.१२ **चरित्रचित्रणप्रविधि**

उपन्यासमा पात्रको चित्रण केकस्तो किसिमले गरिएको छ भनी पर्गेल्ने काम चरित्रचित्रणप्रविधिले गर्दछ । उपन्यासमा साधारणतया प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्रचित्रण गरिन्छ (बराल र एटम, २०५८:३५) । **नयाँ घर** उपन्यासमा प्रत्यक्ष र अप्रत्यक्ष दुबै प्रविधिको प्रयोग गरी चरित्रचित्रण गरिएको छ । प्रत्यक्ष वा वर्णनात्मक प्रविधि अनुसार सूर्यको चरित्राङ्कनको एक अंश -

*एकादेशमा एउटा गहुँगोरो युवक छ जसका आँखाहरू साना साना कुनै मङ्गोल पुरुषका जस्ता छन् । ऊ कम हाँस्छ तर जब हाँस्छ उसका दाँतहरू दाडिमका स्वेत गेडाहरू झैँ टल्कन्छन्, मोतीका दानासँग तुलना गरौँ भने ठूला ठूला भित्रका रौँ नै देख्न सकिने ! ओठहरू पातला छन् हेर्दा धेरै बोल्ला जस्तो तर ऊ धेरै बोल्दैन, जब बोल्छ तीर झैँ बेगवान् शब्दहरू छोड्छ । ऊ होचो छैन, अग्लो पनि छैन, ठीक्क कदको उचाई छ उसको । दाह्री जुँगा छन् तर राम्रा छैननन्, जुँगा पनि ठाडा ठाडा छन् । कुनै रिसाहा पुरुषको जस्तो ! ऊ प्रेममा धोका खाएको युवक तर पनि उसको हृदय प्रेमले भरिभराउ छ जसले उसलाई पाउँछे उसलाई स्वर्ग व्यर्थ लाग्नेछ* (पृ. ३९६) ।

यसरी उपन्यासकारले सूर्यको सजीव वर्णन गरेका छन् । उपन्यासको कतिपय पात्रहरूको चित्रण विचार, मनोवाद तथा संवादहरूबाट पनि गरिएको छ । हेरौँ संवादको उदाहरण -

*अमोघ -सूर्य काका.........*

*-किन ?*

*-सुषमा दिदीले भनेको यो फूल मन पर्ने मान्छेलाई दिनु पर्छ रे*

*-ठीक हो ।*

*-म कसलाई दिने ?*

*-मन पर्ने मान्छेलाई देऊ, तिमीलाई को मन पर्छ ?*

*-म त शहीतलाई दिने*

*-शहीत भनेको को हो, थाहा छ तिमीलाई ?*

*-आमालाई मन पर्ने मान्छे !*

यसरी यो संवादले बालक अमोघ र उसकी आमाको भित्री इच्छाको समेत चित्रण गरेको छ । बालबोलीको प्रयोग यहाँ लेखकले उपयुक्त ढङ्गले गरेका छन् ।

### ३.२.४ **पर्यावरण**

उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरणअन्तर्गत देश, काल र वातावरण पर्दछन् (बराल र एटम, २०५८: ३६) । उपन्यासले लिएको स्थान, समय र त्यतिबेलाको सामाजिक, राजनैतिक, आर्थिक आदि परिवेशहरूको समष्टि पर्यावरण हो । परिवेश उपन्यास-संरचनाको क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधारभूमि वा वातावरण मात्र हो । परिवेश कथानकसितै जन्मिन्छ र कथानकसितै यसको विचार जोडिएको हुन्छ (बराल, २०५६:५३) ।

**नयाँ घर** उपन्यासले ओगटेको समयावधि वि.सं. २०३६ ताकाको जनमतसङ्ग्रहदेखि २०४८ तिरको नेपाल बन्द कार्यक्रमसम्मको रहेको छ । निरङ्कुश पञ्चायती व्यवस्थाको समयावधिको चत्रिण यो उपन्यासमा निकै राम्रो ढङ्गले गरिएको छ । सूर्य विद्यालयमा पढ्दाताका जनमतसङ्ग्रह भएको र त्यतिबेलादेखिका घटनाहरूलाई पूर्वदीप्ति शैलीको माध्यमले उपन्यासमा व्यक्त गरिएको छ । सूर्यले अरू साथीलाई र अरू साथीले सूर्यलाई लेखेको पत्रमा उल्लेखित मिति तथा सूर्यको दैनिकीमा उल्लेख गरिएको मितिबाट पनि यो उपन्यासको समयावधि २०३६-२०४८ सम्म हो भन्ने पुष्टि हुन्छ । यो उपन्यासले ओगटेको मुख्य स्थानहरूमा काठमाडौं, काठमाडौं आसपासका नैकाप, थानकोट आदि गाउँहरू, सिन्धुपाल्चोक, चितवनका विभिन्न ग्रामीण इलाका तथा मकवानपुर रहेको छ । यसैगरी उपन्यासमा नयाँ सडक, रत्नपार्क, दरबारमार्ग, टुँडिखेल, पाटन, कीर्तिपुर, भक्तपुर, चितवन आसपासका सुकुम्बासी वस्तीहरू, नारायणगढ, हेटौँडा, रिउखोला आदि सथानको चित्रण यस उपन्यासमा गरिएको छ । वि.सं. २०३६-२०४८ को समयावधिको चित्रण भएकाले

उपन्यासमा आन्दोलनमय वातावरणको चित्रण स्वभाविक हो । यो उपन्यासमा पञ्चायत कालमा सत्ताका हिमायतीहरूले जनताप्रति गरेको व्यवहारको चित्रण छ । आफूविरुद्ध कसैले बोलेमा जस्तोसुकै यातना दिन पनि त्यतिबेलाका पञ्चहरू तयार थिए । सूर्यले स्कुल पढ्दा आएको हरिताल होस् या प्रजातन्त्रप्राप्तिपछि गरिएको ऐतिहासिक नेपाल बन्द होस्, यी दुबैले राजनीतिक अस्तव्यस्तताको पुष्टि गर्छन् । आन्दोलनमा भएको दमन, हत्या र निर्ममताको यथार्थ प्रस्तुति विवेच्य उपन्यासको वातावरण हो । यसैगरी उपन्यासमा सामन्तहरूको विरुद्ध पढेलेखेका अर्थात् बौद्धिक जगत् उठ्न नसकेको तथा वामपन्थी आन्दोलनको नेतृत्व शोषित, पीडित जनताहरूले गरेको अवस्थाको चित्रण छ । यसमा नारी र पुरुषको सामाजिक सम्बन्ध र हैसियतलाई पनि देखाइएको छ । धामीझाँक्रीको प्रयोगबाट त्यतिबेलाको अन्धविश्वासको परिवेशको चित्रण गरिएको छ । सङ्घर्ष र क्रान्तिको निरन्तरताबाट नै जीवन सफल हुन्छ भन्ने देखाई उपन्यासको अन्त्य भएको छ । समष्टिमा, यसमा ग्रामीण र सहरिया दुबै परिवेशको सफल चित्रण गरिएको छ ।

### ३.२.५ दृष्टिबिन्दु

उपन्यासमा कथायिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो (बराल र एटम, २०५८:३९) । उपन्यासभित्र उपन्यासकारले पात्रका माध्यमबाट वा सोझै आफ्नै उपस्थितिमा कथा भनिरहेको हुन्छ । यसरी कथा भन्नलाई उपन्यासकारले रोजेको समाख्याताको स्थान नै दृष्टिबिन्दु हो । दृष्टिबिन्दुका माध्यमले उपन्यासकार र पाठकवर्गबीचको सम्बन्ध जोडिन्छ । दृष्टिबिन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसको माध्यमबाट उपन्यासकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्गसमक्ष पुऱ्याउँदछ (श्रेष्ठ, २०६०: ११) । वास्तवमा दृष्टिबिन्दु कसरी कथा भन्दा प्रभावशाली हुन्छ भन्ने प्रविधिगत परिपाटी हो । यो उपन्यासको साध्य होइन, साधन हो (बराल, २०५६: ४५) ।

दृष्टिबिन्दु दुई प्रकारका हुन्छन् : आन्तरिक वा प्रथम पुरुष र बाह्य वा तृतीय पुरुष । यदि उपन्यासकारले घटना र पात्रको वर्णन गर्दा आफूलाई ‘म’ का रूपमा उपस्थित गराउँछ भने त्यसलाई आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु भनिन्छ ।

आन्तरिक दृष्टिबिन्दु पनि दुई प्रकारका छन् : केन्द्रीय र परिधीय । केन्द्रीय प्रथम पुरुष दृष्टिबिन्दुमा कथायिता नै  उपन्यासको प्रमुख पात्र हुन्छ र उसले आफ्ना कुराहरू निजी तवरले भनिरहेको हुन्छ (बराल र एटम, २०५८:४०) । परिधीय दृष्टिबिन्दुमा चाहिँ 'म' पात्र त रहन्छ तर त्यसको स्थान कि त गौण रहन्छ कि तटस्थ (श्रेष्ठ, २०६०: ११) । बाह्य दृष्टिबिन्दु भएको उपन्यासमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटनास्थलभन्दा बाहिर रहेर अरूका बारेमा टिप्पणी गर्दछ (बराल र एटम, २०५८ :३९) । बाह्य दृष्टिबिन्दु सर्वज्ञ र सीमित गरी दुई प्रकारका छन् । उपन्यासमा आएका पात्र र घटनाका कुरालाई सर्वज्ञ झैँ बनेर कथयिताले नै वर्णन एवं टिप्पणी गर्दै सबैकुरा आफ्नै नियन्त्रिणमा लिएको छ भने त्यसलाई सर्वज्ञ दृष्टिबिन्दु भनिन्छ । यदि उपन्यासको कथयिताले कथावाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुप्त गराउँछ र सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्दछ भने त्यसलाई सीमित बाह्य दृष्टिबिन्दु भनिन्छ ।

**नयाँ घर** उपन्यास सूर्य आफैले अनुभव गरेका घटनाहरू भएको तथा समग्र उपन्यासका कथावस्तु उसैले भनेकोले प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसका घटनाहरू सूर्यका आत्मकथाका रूपमा अभिव्यक्त भएका छन् -*जीवनको कुनै मोडमा मैले यस्तो सोचेँथे आज म त्यही किताब बिना हिचकिचाहट सबैको सामुन्ने पल्टाउँदै पढ्न खोजिरहेछु* (पृ. :१) भन्दै सूर्यले आफ्नो आत्मकथा भन्न थालेको छ । उपन्यासकारको मुखपात्र सूर्यबाट उपन्यासको सम्पूर्ण घटनाहरूको वर्णन गरिएको छ । बीचबीचमा पात्रका माध्यमबाट अरूका भावनाहरू पनि आएका छन् । **नयाँ घर** उपन्यासमा केन्द्रीय आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यासको उपसंहार खण्डमा सम्पूर्ण जीवनकथा बताइसकेपछि -*मैले पुरापुर जीवन शक्तिका साथ आफ्नो जीवन कथाका पानाहरू प्रस्तुत गरेको छु र लाग्छ एउटा जिम्मेवारी पूरा गर्न म सफल भएको छु* (पृ. ४११) भन्दै उपन्यासलाई अन्त्य गरिएको छ । सम्पूर्ण उपन्यासका कथानक सूर्यको सेरोफेरोमा अडिएका छन् र सूर्य आफैले यो घटनाहरूको वर्णन गरेकाले उपन्यासमा केन्द्रीय आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ३.२.६ **सारवस्तु**

उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ (बराल र एटम, २०५८: ४१) । लेखकले उपन्यासमा दिन खोजेको जीवनदर्शन, भाव, विचार नै सारवस्तु हो । समग्र उपन्यासको अध्ययनपश्चात् पाठकले प्राप्त गर्ने भावार्थ वा अभिप्राय सारवस्तु हो । सारवस्तु कतै पात्रको मुखबाट त कतै उपन्यासकार स्वयंले विचारवाक्यको रूपमा प्रस्तुत गर्दछ । सारवस्तु स्थानयि र विश्वजनीन गरी दुई प्रकारका हुन्छन् । स्थानीय सारवस्तुले कुनै देशकालमा सीमित रही सत्यको निरीक्षण गर्दछ । विश्वजनीन सारवस्तुमा जीवनको शाश्वत सत्यको खोजी गरिन्छ (बराल र एटम, २०५८: ४२) । उपन्यासको अन्त्यमा पाठकले जुन कुरा ग्रहण गर्छ त्यही नै उद्देश्य हो र यसको अभावमा उपन्यासको सिर्जना असम्भव छ ।

**नयाँ घर** उपन्यासमा वि.स.२०३६-२०४८ सम्मका राजनैतिक उथलपुथललाई प्रस्तुत गरिएको छ । उपन्यासमा निम्नवर्गीय जनताहरूले शोषक र सामन्तहरूबाट सताइनुको पीडा व्यक्त भएको छ । **नयाँ घर** उपन्यासको वैचारिकता प्रगतिवाद हो त्यसैले यो मार्क्सवादी सिद्धान्तअनुसार निर्देशित छ । एउटा गरिब परिवारमा जन्मिएको सूर्यको जीवनवृत्तलाई समातेर उपन्यासकारले पञ्चायती शासनव्यवस्थामा सत्ताका हिमायतीबाट भएको दमन, नेपाली जनताले आन्दोलनमा देखाएको समर्पण, वामपन्थी नेताहरूमा देखिएको सैद्दान्तिक **स्खलन** र पुँजीवादी चिन्तनको हावीजस्ता त्थ्यहरूलाई देखाएका छन् । तत्कालीन सामाजिक राजनैतिक परिवेशलाई पनि यथोचित विश्लेषण गरेका छन् । संघर्षपछि जनतालाई छोडेर भाग्ने नेताहरू, पार्टीभित्रै रातारात पैसा कमाएर धनाढ्य बन्ने मानिसहरू, चुनावमा उम्मेदवार बन्न हुरुक्कै हुनेहरू, गाउँका दु:खकष्टको जिन्दगी त्यागेर सहरमा घर-घडेरीको बन्दोवस्त गर्ने तथा छोराछोरीहरूलाई बोर्डिङ्गमा पढाउन तम्सनेहरू, एन.जी.ओ. मा फँसेर साम्राज्यवादका गोटी बन्नेहरू, किसान ठग्नेहरू, डिग्री प्राप्त गर्नुलाई सबकुछ ठान्नेहरू, सङ्कटको घडीमा भाग्ने र सजिलो परिस्थितिमा क्रान्तिकारी देखिन खोज्नेहरू, महिलाहरूमाथि पुरुष सत्तावादी हैकम जमाउन चाहनेहरू यी सबका विरुद्ध उपन्यासकारले जेहाद छेडेका छन् (चैतन्य, २०६२: ज-झ) । आहुतिले प्रस्तुत उपन्यासमा नेपाली जनताले

इतिहासको कालखण्डदेखि मानवजातिले भोग्नुपरेको पीडाको उद्घाटन गरेका छन् । त्यस्तै मानवमुक्तिका लागि सम्पूर्ण सर्वहारावर्गले दिलोज्यान दिएर क्रान्ति गर्नु पर्ने उनको विचार छ । नारीलाई सामान्य भोग्या वस्तुको रूपमा ठान्ने पुरुषवादी चिन्तनको विपक्षमा मत जाहेर गर्दै नारीलाई स्वअस्तित्त्व र आत्मनिर्णयको अधिकारको निम्ति लड्नसमेत आह्वान गरेका छन् ।

निम्नवर्गीय समाजको उपज सर्वहाराकरणको अभियान एकातिर उपन्यासको उद्देश्य रहेको छ भने नेपालको कम्युनिस्ट पार्टीको स्वरूप, संस्कार र संरचनामा दिन प्रतिदिन बढ्दै आएको पुँजीवादी, नवधनिकवादी विकृतियुक्त संस्कारलाई सचेततापूर्वक स्थापित गरेको तथ्य फेला पार्न सकिन्छ (सुवेदी, २०५३ : ३२५) । उपन्यासकारले सूर्यलगायतका पात्रको माध्यमबाट आर्थिक शोषण र यसविरुद्ध वर्गीय चेतना, सामन्तवाद तथा विस्तारवाद विरोधी राजनीतिक चेतना, परम्परागत धार्मिक कुसंस्कार र अन्तविश्वासविरुद्ध चेतना, प्रेम विवाह र यौनसम्बन्धी नवीन चेतनालाई उपन्यासमा देखाउन खोजेका छन् । वास्तवमा आज परिवार पूर्णतया पुरानो प्रतिक्रियावादी आधार मान्यतामाथि टिकेको छ र त्यो आधारलाई नतोडिकन कोही क्रान्तिकारी आन्दोलनमा अगाडि बढ्न सक्दैन, त्यसको अर्थ पारिवारिक सम्बन्ध, माया प्रेम आदिको पूर्णतामा निषेध होइन बरु त्यस्तो सम्बन्धलाई उच्च क्रान्तिकारी आधारमा स्थापित गर्नु हो । उपन्यासले त्यो आर्दशलाई प्रस्तुत गर्न खोजेको छ (सिंह, २०५०:छ) ।

**नयाँ घर** उपन्यास प्रगतिवादी धारमा लेखिएको हो । सामान्य किसान, मजदुर, दलित, उत्पीडितप्रति जमिन्दार, पुँजीपतिवर्गद्वारा गरिएको दमन, शोषण, जातीय विभेदलाई उपन्यासले देखाएको छ । अवसरवादी वामपन्थी नेताहरूको स्खलित चरित्र, नारीको आत्मनिर्णयको माग तथा सर्वहारावादी मात्र कम्युनिस्ट आन्दोलनको नेता हुन सक्छ भन्ने देखाउनु यो उपन्यासको अभीष्ट हो । इतिहासप्रति जिम्मेवार नभइकन लेख्नु भन्दा कुनै चुरा पसल खोलेर बस्नु बेस हुन्छ (आहुति, २०५० : भूमिका) इतिहासप्रति सचेत लेखकले इतिहासको कालखण्डदेखि मानवजातिले भोग्नुपरेको पीडालाई उपन्यासमा उजागर गरेका छन् । ठूलो सङ्ख्यामा रहेका शोषित, पीडित र दमित वर्गका जनताले नयाँ राजनीतिक प्रणाली र त्यसको विविध विधानलाई एउटा

नयाँ र सुविधायुक्त घरका रूपमा स्विकारेको र त्यस घरले अझ बहुजनहिताय र सुखायको उद्देश्य परिपूर्ति गरिनुपर्ने सन्देश दिएको छ (सुवेदी, २०६२;१०: १४) ।

### ३.२.७ भाषा

समाजका व्यक्तिहरूबीच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ (बन्धु, २०५०: १) । भाषा विचारविनिमयको साधन हो । भाषाका माध्यमबाट साहित्यको सिर्जना गरिन्छ । लेखकले भाषालाई माध्यम बनाएर आफ्ना अनुभूतिहरू कृतिमा व्यक्त गर्दछन् । भाषाविना उपन्यासले मूर्तता पाउँदैन, भाषा उपन्यासको घटना प्रस्तुत गर्ने माध्यम हो । उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला माध्यम हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ (बराल र एटम, २०५८:४२) ।

उपन्यासमा गद्यभाषाको प्रयोग गरिन्छ । भाषालाई विचलन गरेर पनि उपन्यासलेखन गरिन्छ तर अत्यधिक भाषिक विचलन भने उपन्यासमा उपयुक्त मानिँदैन । उपन्यासको भाषा पात्रअनुकूल हुने गर्दछ । पात्रको सामाजिक स्तरअनुसार उच्च, मध्यम र निम्नस्तरको भाषाको प्रयोग उपन्यासमा गरिन्छ । कतिपय स्थानमा अनौपचारिक भाषाको समेत प्रयोग गरिन्छ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट भएको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैले प्रयोग गरेको हुन्छ । यो सामान्यतया लेखकको स्तरअनुरूप बढी कलात्मक, औपचारिक र मानक हुन्छ । दोस्रो किसिमको भाषा उपन्यासका पात्रहरूबीच संवादका निम्ति प्रयोग गरिन्छ । कतिपय उपन्यासकारहरू तत्सम शब्दको प्रयोगलाई जोड दिन्छन् भने कतिपय मौलिक र झर्रा शब्दहरूको प्रयोगमा जोड दिन्छन् ।

**नयाँ घर** उपन्यासको भाषा विशिष्ट प्रकारको देखिन्छ । यो उपन्यास राजनीतिक विषयलाई समातेर लेखिएकोले अधिक राजनीतिक शब्दावलीको प्रयोग पाइन्छ । यसैगरी लामालामा सम्भाषणहरूको प्रयोग गरिएकोले यसको भाषा कुनै कम्युनिस्ट पार्टीको घोषणापत्र र अपिल जस्तै लाग्दछ । उपन्यासमा पात्रअनुकूल भाषाको प्रयोग गरिएको छ । सन्दर्भअनुकूल पारी उपन्यासका कतिपय स्थानमा उखानहरूको समेत प्रयोग गरिएको छ । तत्सम, मौलिक तद्भव र पारिभाषिक

शब्दहरूको छ्यासमिसे प्रयोग विवेच्य उपन्यासमा प्रयोग गरिएका भाषिक विशेषता हुन् । जातीय संवादलाई जस्ताको तस्तै उतार्न यहाँ नेवारी, हिन्दी भाषाका संवादहरूको पनि प्रयोग पाइन्छ । उपन्यासमा डायरी लेखन, पत्रलेखनजस्ता शैलीहरूको प्रयोग भएकाले त्यस्ता ठाउँहरूमा औपचारिक भाषाको प्रयोग पाइन्छ । ठाउँठाउँमा प्रयोग गरिएका गीत र कविताहरूले प्रस्तुत उपन्यासको भाषालाई काव्यिक बनाएको छ ।

**नयाँ घर** उपन्यासमा प्रयोग गरिएको सम्भाषणयुक्त भाषाको नमुना-

*तीस वर्षको पंचायती निरंकुश सत्ताको जनतामाथि उत्पीडन, नेपाली शासकवर्गभित्रको स्वार्थ, संघर्ष एवं अन्तर्राष्ट्रिय परिस्थितिका कारणले समेत वर्तमानमा शुरु हुन आँटेको संघर्षले तीब्र विकास गर्ने सम्भावना निकै बढेर गएको छ । पार्टीले नेपालका कम्युनिस्ट शक्तिहरू विशेषतः आमूल परिवर्तनलाई अभिष्ट मान्ने शक्तिहरूसँग एकता हासिल गरी आन्दोलनको मूल प्रवाहलाई भोकानाङ्ग जनताको पक्षमा लान यथासम्भव कोशिस गरेको कुरा विदितै छ* (पृ.३१६) ।

**नयाँ घर** उपन्यासमा ग्रामीण अशिक्षित कथ्यको पनि प्रयोग गरेका छन् । हेरौँ नमुना -

*कुट्यो त कुट्यो मेरो छोराले, तेरो डाम्नालाई राम्ररी बाँध्नु पर्छ नि ।*

*त्यसकै हाातमा कालो कोर सल्कया, मैल भोली विहानै देख्न पाउँ हे ईश्वर।*

*-अझ बढ्ता नबोल, भन्छेस ? सात गाउँमा सुतिसकेकी रन्डी ?*

*-मलाई रन्डी भन्छेस् सतबतार ? पुलिसका पाठा कहाँ फालेकी तैँले ?* (पृ.१२२)

**नयाँ घर** उपन्यासमा सन्दर्भसापेक्ष रूपमा नेवारी र हिन्दी भाषको प्रयोग गरिएको छ । जस्तैः नेवारी भाषाको उदाहरण-

सिलसिलाकी आमा भऱ्याङबाट ओर्लिन र मलाई देखेर भनिन् :

*अय .. सूर्यचा ला ! (ए ! सूर्य पो)*

*म्ह : फु ! छ : छायलाय थौँ कन्हय मव ?*

(सन्चै छ, तिमी किन त आजभोलि आउँदैनौ)

*छः न त्वं सां ज्यूनी  भतिचा ला खः नी*

(तिमीले पनि खाए त हुन्छ नि, अलिकति त हो नि ।)

हिन्दी

*तुम जैसोँको भै निकाल दुङ्गा ।* (तिमी जस्तोलाई निकालिदिन्छ)

*तुम निक्लो यहाँ से* (तिमी निस्क यहाँबाट)

*तुम्हारा बाप ने दिया है जो तुम हिसाब मागँ रहे हो ?* (तिम्रो बाउले दिएको छ जो तिमी हिसाब माग्दैछौ ?)

*बापको गाली मत देना नहीं तो ठीक नहीँ होगा)*

(बाबुलाई गाली नदेऊ नत्र ठीक हुँदैन । ) (पृ.:२५४) ।

गीत

उपन्यासमा प्रयुक्त केही गीत र कविताको नमुना

*टिक्दैन यो मानिसको मासु खाने रीत*

*लड्दै जाँदा हुन्छ साथी हाम्रो पनि जीत*

*...............................................*

*कति सहि बस्ने भन सामन्तीको जाल ?*

*नयाँ जीवन खोज्छौँ कि त पर्खि बस्छौ काल ?*

*मान्छे भई बाँच्न खोजे लड्न सकिन्छ ।*

*लडिरहे सामन्ती रीत फाल्न सकिन्छ* (पृ. ६९) ।

कविता

*मृत्युहरूको गन्ती नगर*

*नाप तौल बन्द गर*

*पीडाको*

*कति नाप्ने ? महासागरलाई कहाँ नाप्न, तौलन सकिन्छ ?*

*बगिरहेछ पीडाको महासागर मेरो देशभित्र । .........* (पृ.३२२) ।

यस्तै, यो उपन्यासमा विचलनयुक्त भाषिक प्रयोग गरेर आलङ्कारिकताको सिर्जना गरिएको छ -

*स्तब्ध संसारको गति रोकियो एकपल्ट ?* (पृ.२५०)

यस उपन्यासमा प्रयोग भएको आलङ्कारिक भाषाको एक अंश-

*मेरो अंशमा परेको समयले पनि दुई पटक मेरो देशका हिलाम्य आलीहरूमा थकाई मार्ने वाउसेहरूको असारे लैवरी सुनेर गयो निहुरिएर हिले पानीमा धानका विरुवाहरू गाड्दै रोपारहरूले गाएको दोहोरी सुनेर गयो, अनगिन्ती दुःखका आला घाउहरूलाई सुम्सुम्याउदै, थुप्रै सुखका क्षणहरूमा रमाउदै दुईवटा जाडो याम पनि गयो, दुईवटा लालीगुराँसको चैत पनि गयो (पृ.* २८४) ।

यो उपन्यासमा प्रयोग गरिएको दैनिकीको भाषा -

*त्यही वर्षको माघको दोस्रो हप्ता म जेलबाट बाहिर निस्किदाँ र सरासर खाली खाली मन लिएर सीधा वीर अस्पतालतिर लागेँ किनकि मलाई प्रतीक्षा गरिरहेको थियो त्यो पीढामय क्षणले अथवा मेरो आमा र दिदी दुबै अस्पतालको शय्यामा जीवन र मृत्युको धारमा सास फेरिरहनु भएको थियो* (पृ.२४९ ) । २०४३ पौष १४, राती १ बजे ।

विवेच्य उपन्यासमा प्रयुक्त चिठीको उदाहरण -

*आदरणीय रविजी*

*नमस्कार छ !*

...........

*मानवबस्तीको समस्याको समाधान अरू कुनै ग्रहमा भेटिने छैन, यही खोज्नुपर्छ, आफ्नोस्थिति र क्षमताअनुसार आ-आफ्नो ठाउँबाट सत्यप्रति प्रतिबद्ध बन्नु पर्छ ।*

....................

*आन्दोलनको सफलता र सुस्वास्थ्यको कामनासहित विदा हुन्छु ।*

शान्ति पौडेल, चैत्र, २०, २०४६ (पृ.३२६-२७) ।

बालबोलीको प्रयोगले उपन्यास अझ रोचक बनेको छ । सिलसिलाको छोरा र सूर्यबीचको संवाद -

*अमोघ -कहाँ छ शहित ?*

*-त्यही हो शहित ?*

*सूर्य -होइन, त्यो तानाशाह हो ।*

*अमोघ--शहितलाई के मनपर्छ ?* (पृ. ४१४) ।

**नयाँ घर** उपन्यासमा लेखकले तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दहरूको यथोचित प्रयोग गरेका छन् । ठाउँठाउँमा प्रयोग गरिएका उखान र कतिपय स्थानमा प्रेमलापपूर्ण भाषाको प्रयोग छ भने प्रकृतिको सुन्दरताको वर्णन गरिएको भाषाको प्रयोग पनि उपन्यासमा पाउन सकिन्छ । कतिपय ठाउँमा ह्रस्वदीर्घसम्बन्धी नियमहरू मिचिएको छ । लामालामा वाक्य र पट्यारलाग्दा भाषणहरूको प्रयोगले भाषिक शिल्पपक्ष खुकुलिएको देखिन्छ । कतिपय ठाउँमा अनावश्यक वर्णनले तिक्त अनुभव गराउँछ । **नयाँ घर** उपन्यासमा प्रयोग गरिएको भाषा परिमार्जित र परिष्कृत देखिदैन ।

### ३.२.८ प्रतीक र बिम्ब

कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । त्यसले सामान्य वा सोझो अर्थ नबुझाएर त्यसभन्दा निकै परको अर्थ बुझाउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ (बराल र एटम, २०५८: ४३) । प्रतीकले लेखक र पाठकबीच सम्प्रेषणको काम पनि गर्दछ । प्रतीकका माध्यमले भाषामा रहेका शब्दशक्ति र अर्थशक्तिलाई प्रभावकारी बनाउँछ । बिम्ब भनेको कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छाया हो । शब्दका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना, वा पात्रको यथार्थसदृश छाया पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ । बिम्बले अमूर्तकै प्रयोग गर्दछ (बराल र एटम, २०५८: ४५) ।

**नयाँ घर** उपन्यासको शीर्षक नै प्रतीकात्मक रहेको छ । यसले कुनै नयाँ बनाएको घरको परिकल्पना नगरेर सिङ्गो राष्ट्र, राजनीति र समाजको नयाँ बनावटको परिकल्पना गरेको छ । यस उपन्यासमा प्रयोग गरिएका पात्रहरू सूर्य, किरण, लालसिंह, शान्ति, ज्वाला, रवि पनि प्रतीकात्मक रूपमा उपस्थित भएका छन् । यसैगरी बिन्तीदेवीलाई 'नीलो मिडी' उपमाले चिनाइएको छ । उपन्यासमा प्रकृतिको वर्णनमार्फत् आलङ्कारिक भाषाको प्रयोग गरिएको छ ।

*धानका बोटहरू हलक्क बढिसकेका थिए र हावाका सुस्त झोक्काहरूमा हल्लिएर धानका गाढा हरिया बोटहरू 'माइत जान' थालिसकेका थिए* (पृ.२९-३०) ।

यस गद्यांशले शरद ऋतुको वर्णन गरेको छ । धानका हरिया बोटहरू माइत जान थालिसकेका भन्नाले धान हरियो पहेलो हुन थालेको बुझ्नुपर्छ । यसैगरी उपन्यासमा हसियाहथौडा, रातोझण्डा, रगत, मन्दिर, फूल जस्ता थुप्रै प्रतीकहरूको प्रयोग गरिएको पाउन सकिन्छ । प्रेमका सम्वन्धमा प्रयोग गरिएको पङ्क्ति- *सबै मायाका फूलहरू स्वार्थका काँडाहरूले घेरिएका हुन्छन्* (पृ. ४०२) । यस प्रसङ्गले मन पराइएको वस्तु फेला पार्न धेरै नै सङ्घर्ष गर्नुपर्ने बुझिन्छ ।

उपन्यासमा बिम्बको पनि प्रयोग प्रचुर मात्रामा देखिन्छ । उपन्यासका कतिपय प्रसङ्गमा स्थानपरिचय, वस्तुपरिचय, व्यक्तिपरिचय आदिका रूपमा बिम्बहरूको उपस्थिति देखिन्छ । सूर्यको घरको आर्थिकस्थितिको वर्णन गरिएको बिम्बात्मक प्रस्तुति *म निदाए झैं आँखा चिम्लिन्थे र थाङ्नो अलिकति खोलेर बेलाबेलामा हेर्ने गर्थें* (पृ. १४) । यस वाक्यले सूर्यको घरको सुत्नेव्यवस्थाको बिम्ब उतारिदिएको छ । यसैगरी दिदी शोभाको वर्णनमा देखिएको बिम्बात्मक प्रस्तुति- *उनको अनुहार गहुँगोरो थियो र पिठ्युँको भारी बिसाएर छरिएको कपाल पछाडितिर सोहोरेको मिलाउँदा उनको अनुहार रातो देखिन्थ्यो उनको आँखामाथि एउटा घाउको तेर्सो खत थियो । उनको ओठको दाहिनेतिर नाकको मुनि एउटा कालो कोठी थियो* (पृ. ३८) ।

यस गद्यांशले सूर्यको दिदी शोभाको शारीरिक बनावटको प्रस्तुति गरिरहेको छ । मार्क्सवादीहरू प्रतीक र बिम्बको विरोध कदापि गर्दैनन् (बराल, २०६२: ५६) । यस **नयाँ घर** उपन्यासमा बिम्ब र प्रतीकको सहज यथेष्ट र औचित्यपूर्ण ढङ्गले प्रयोग गरिएको छ ।

## ३.२.९ गति र लय

उपन्यास पढ्दा कथावस्तुको संरचनात्मक गति विनाअवरोध प्रवाहित हुने कलासित लय र गति सम्बद्ध छ । कुनै पनि काव्यकृतिको घटनाक्रम अगाडि बढ्दै जाने स्थितिलाई गति भनिन्छ । उपन्यासकारले आफ्नो कलाको क्षमता अनुसार उपन्यासमा कथा, उपकथा, मिथक तथा चरित्रहरूको आयोजना गरेको हुन्छ । क्रियाको हिँडाइ उपन्यासमा दुई प्रकारले निर्धारण गरिन्छ ।  दृश्यात्मकपद्धति र संक्षेपपद्धति । उपन्यासमा गतिकै उतारचढावबाट तरङ्ग र तरङ्गबाट लयको सिर्जना हुन्छ (बराल र

एटम, २०५८: ४६-४७) । उपन्यासको गद्यभाषालाई लयात्मक बनाउन कथानकमा रहेको द्वन्द्व तथा तनावले विशेष भूमिका खेल्दछ ।

**नयाँ घर** उपन्यासमा सूर्यले वर्तमानमा बसेर भूतकालका घटनाहरूको स्मरण गरेको छ । सूर्यले आफ्ना जीवनमा घटेका घटनाहरूको वर्णन गर्ने क्रममा कतै संवाद, कतै वर्णन र विश्लेषण गरेको छ । उपन्यासमा लामा लामा वाक्यको प्रयोग तथा सम्भाषणको प्रयोगले गतिमा शिथिलता आएको अनुभव हुन्छ । उपन्यासकारले सूर्यका जीवनघटनाहरूलाई परिच्छेदमा विभाजन गरेर प्रस्तुत गरेका छन् । यसरी परिच्छेदैपिच्छे फरकफरक घटना, काल र क्रियाको प्रस्तुतीकरण गरिएको हुँदा सम्भाषणले शिथिल तुल्याएको गतिले पनि तीव्रता पाएको छ । उपन्यासमा शान्ति, लालसिंह, किरण, प्रकाश आदिसँग जोडिएर आएको घटनाको प्रस्तुतिमा कथानकको गति प्रायः मन्द नै देखिन्छ । उपन्यासमा चिठी, दैनिकी, राजिनामापत्र जस्ता प्रस्तुतिहरूलाई समेटिएकोले उतिसारो कथानकको गतिमा तीव्रता पाउन सकिदैन । एउटै पात्रबाट लामोलामो संवाद बोलाइदा पाठकमा पट्यारलाग्दो स्थितिको समेत सिर्जना हुन्छ ।

सूर्यको हजुरबाको मृत्युपछिको अन्यौलग्रस्त परिवारको भविष्य, बिन्तीदेवीसँगको प्रेमप्रसङ्ग, पञ्चहरूलाई गरिएको कार्बाही, सिलसिलाको सम्बन्धविच्छेद, शान्तिको एकान्तप्रेम जस्ता घटनाहरूले पाठकमा कुतूहलताको सिर्जना गर्दछ । अन्ततः यो उपन्यास गतिको उतारचढावसँगै लयको सिर्जनामा सफल देखिन्छ ।

### ३.२.१० शीर्षकप्रयोग

कुनै पनि कृतिको नामाकरण शीर्षक हो । शीर्षकले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ । शीर्षक कृतिको शिरमा रहने पहिचानात्मक तत्त्व हो । विभिन्न तत्त्वहरूको आधारमा शरीरको संरचना भएपछि कृतिको भाव, पात्र, विषय तथा उद्देश्यका आधारमा शीर्षकीकरण गरिन्छ ।

**नयाँ घर** दुई शब्दे शीर्षक भएको उपन्यास हो । **नयाँ घर**को शाब्दिक अर्थ पुरानो नभएको घर भन्ने बुझिन्छ । **नयाँ घर** उपन्यासको शीर्षकविधान प्रतीकात्मक

रहेको छ । यसले कुनै नयाँ भौतिक संरचनायुक्त मूर्त घरलाई सङ्केत नगरेर पुराना मान्यता, संस्कार, विकृतिहरूलाई त्यागिएको नयाँ समाज, राजनीति र राष्ट्रको परिकल्पना गरेको छ । सिङ्गो नेपाललाई घरको रूपमा उभ्याएर लेखकले कुनै जातीय, लैङ्गिक, साम्प्रदायिक, भाषिक, आर्थिक, सामाजिक विभेदरहित समुन्नत नयाँ राष्ट्रको कल्पना गरेका छन् । उपन्यासमा सिलसिला, सूर्य जस्ता पात्रहरू पुरानो विचार र मूल्य, मान्यतालाई त्यागेर नयाँ विचार र संरचनाको सूत्रपातको निम्ति क्रान्तिकारी जीवनमा पसेका छन् र सफल पनि भएका छन् । यसले कम्युनिस्ट पार्टीलाई, पार्टीको सामूहिक जीवनशैलीलाई एक **नयाँ घर** मानेर चलेको छ । सूर्य र सिलसिला जस्ता क्रान्तिकारी प्रतिनिधि पात्रहरूको सृष्टि भएको छ जो व्यक्तिगत सम्पत्ति निजी स्वार्थ र पारिवारिक जिन्दगीको घेरा तोडेर नयाँ जीवनको खोजीमा, आगोको खोजीमा निस्केका छन् , ती दुनियाँ फेर्नका लागि आफ्नै रूपान्तरण चाहन्छन् (चैतन्य, २०६२: झ) । यसरी गरिब किसान, मजदुर तथा दलित, पीडित, शोषित सबैले मुक्तिको अनुभव गरेपछि निर्माण हुने सर्वहारामयी समाज र राज्यको परिकल्पना गरिएको प्रस्तुत उपन्यासको शीर्षक र कथ्यका बीचमा तालमेल छ ।

## ३.३ *स्खलन* उपन्यास लेखनको प्रेरणा र पृष्ठभूमि

आहुतिको उपन्यासलेखन युवा मानसिकताको उपज हो । **स्खलन** उपन्यास वि.सं. २०४६ पछिको राजनैतिक परिवर्तनपश्चात् लेखिएको हो । २०४८ मा भएको निर्वाचनपछि बनेको सरकारले गरेका कामहरूबाट जनता असन्तुष्ट देखिन्छन् । बीचबीचमा थुप्रै पटक चुनावहरू भए, सत्तामा दलहरू फेरिए तरपनि जनताको गुनासो फेरिएन । नेपालका वामपन्थी नेताहरू पञ्चायतकालमा भूमिगत जीवन बिताएर प्रजातन्त्रप्राप्ति पश्चात् सत्तामा पुगेपछि क्रान्तिकारी त्यागको आदर्शबाट यथास्थितिवादी भोगको दलदलमा स्खलित हुनपुग्छन् । यही वास्तविकता नै **स्खलन** लेखनको प्रेरणा र पृष्ठभूमि पनि हो । कुर्सी मोहका कारण नेपालका वामपन्थी शक्तिहरूमा तत्कालीन समयमा फुट आएको पाइन्छ । ठूलो वामपार्टी टुक्रिएर दुईओटा बने तापनि ती दुबैले गर्ने व्यवहारमा केही अन्तर नदेखिएपछि केही समयपछि दुबै पार्टी मिल्न पुग्छन् । यो

उपन्यासले यस्तै टुटफुटको कम्युनिस्ट घटनालाई समातेको छ । यस्तो घटना र परिवेश **स्खलन** उपन्यास लेखनको प्रेरणा र पृष्ठभूमि हो ।

## ३.४ ***स्खलन*** **उपन्यासको विश्लेषणात्मक अध्ययन**

### ३.४.१ संरचना

**स्खलन** लघुकायको बृहद् उपन्यास हो । यसले नेपालको समसामयिक वामपार्टी टुटफुटको घटनालाई यथार्थ रूपमा चित्रण गरेको छ । यो उपन्यास जम्मा ७० पृष्ठमा संरचित छ । **नयाँ घर** उपन्यास जस्तो विशाल नभएकोले यसलाई परिच्छेदहरूमा मात्र विभाजन गरिएको छ । यसरी हेर्दा यो उपन्यासले जम्मा ९(नौ) परिच्छेदको विस्तृति लिएको देखिन्छ । हरेक परिच्छेदहरूलाई एक, दुई ... नौ सङ्ख्याहरूले चिनारी दिइएको छ । यो उपन्यास डिमाइ आकारको छ । यसको परिच्छेदगत पृष्ठ वितरण प्रायः समान नै देखिन्छ । यो उपन्यास ग्रीष्मराज पौडेलले वर्तमानमा बसेर भूतका घटनाहरूको स्मरण गरिएकोले वृत्ताकारीय ढाँचामा संरचित छ । अतः यो उपन्यास आदि, मध्य र अन्त्यको शृङ्खलामा देखिदैन । भावगत तथा तत्त्वगत सुगठितता नै यो उपन्यासको सबल संरचना हो ।

### ३.४.२ कथानक

**स्खलन** उपन्यासको कथानक नेपाली वामपन्थी राजनीतिकर्मी ग्रीष्मराज पौडेलको जीवनवृत्तमा आधारित छ । मध्यमवित्तीय परिवारमा काठमाडौँमा जन्मेर हुर्केको ग्रीष्मराज वामपन्थी नेता हो । युवा उमेरको जोश, क्रान्तिप्रतिको सचेतता र क्याम्पसको वातावरणले ऊ बिस्तारै सङ्गठनमा क्रियाशील बन्दछ । पञ्चायत कालमा कष्टकर भूमिगत जीवनसमेत बिताएको ग्रीष्मराज प्रजातन्त्रप्राप्तिपछि भने अवसरवादी नेताका रूपमा देखापर्छ । क्याम्पस जीवनमा अनितासँग प्रेमसम्बन्ध गाँसी उनैसँग विवाह गरेपछि ग्रीष्मराजको वैवाहिक जीवन प्रारम्भ हुन्छ । विद्यार्थीकालको क्रान्तिकारी सोच र आदर्शहरू विवाहकै दिनबाट अन्त्य हुन्छ । प्रगतिशील विवाह गरे तापनि परिवारको लागि भनेर ग्रीष्मराज पुनः घरमा गएर बिहे गर्छ । श्रीमतीलाई क्रुप्सकाया र आफू लेनिन बन्ने उसको इच्छा विस्तारै स्खलित हुन थाल्छ । बहुदलको

स्थापनापछि ग्रीष्मराज आफूलाई सुधारवादी नेताका रूपमा देखाउँछ । यता कम्युनिस्ट पार्टीभित्र पुँजीवादी चिन्तनको प्रारम्भ हुन्छ । यसले गर्दा पार्टीका सच्चा कार्यकर्ताहरू विचलित हुन पुग्छन् । वामपन्थी शक्तिहरू टुटफुटको राजनीतिमा संलग्न हुन्छन् । यही क्रममा ग्रीष्मराज सुरुमा घाम पार्टी छोडेर तारा पार्टीमा र पछि तारा पार्टी छोडेर घाम पार्टीमा प्रवेश गर्दछ । कुनै सैद्धान्तिक र पार्टीगत स्वार्थ विना नै उसले पार्टी परिवर्तन गरेको छ । श्रीमतीलाई राजनैतिक जीवनबाट छुटाएर घरव्यवहारमा सीमित गरेको छ । घरव्यवहार धान्नका लागि अनिता रु. ९५०।- को स्कुले जागिर खान पुग्छे, पछि त्यहाँबाट ऊ एन्.जी.ओ.को जागिरमा प्रवेश गर्छे । एन.जी.ओ. भित्रको विसङ्गतपरिस्थिति देखेर अनिता जागिर छोडेर मात्र गृहिणी जीवन व्यतीत गर्न थाल्छे । यी घटनाहरूलाई आधार बनाएर महेश प्रसाईं र हरिहर अतीतले ग्रीष्मराजको आलोचना गर्दछन् । तर आलोचना खप्न नसक्ने ग्रीष्मराजले उल्टै उनीहरूलाई नै 'असनको साँढे' उपमा दिन्छ । आफ्नै कार्यकर्ता राजाराम रम्तेलको घरको यथार्थले पीडाबोध भए पनि त्यसबाट पन्छिएर हिँड्ने प्रयास गर्छ । ग्रीष्मराजको राजनीतिक जीवन कान्छी सर्किनीको घरबाट प्रारम्भ भए तापनि अहिले ऊ त्यस घरलाई घृणा गर्छ । आफ्नो कार्यकर्ता राजाराम रम्तेल जेल पर्दासमेत भेट्न जाँदैन । चक्रपथ निर्माणका क्रममा शोषित भएका थुप्रै महिला र जनताहरूको प्रसङ्ग पनि उपन्यासमा उल्लेख छ । चक्रपथ निर्माणकै क्रममा ठेकेदारबाट बलत्कृत भई कान्छी सर्किनीले राजारामलाई जन्म दिएको प्रसङ्ग छ बाटामा राजारामसँग भेट भएपछि पुनः पार्टी परिवर्तनको प्रसङ्ग आउँछ । ग्रीष्मको राजनीतिक जीवनको परिवर्तनप्रति राजाराम दुःखित छ । राजारामलाई आलटाल गरेर पठाइदिन्छ । आफ्नै कार्यकर्ताको टिप्पणीप्रति ग्रीष्मराज आक्रोशित बन्छ र उसमा आन्तरिक द्वन्द्व पैदा हुन्छ । यसैका कारण आफ्नी श्रीमती अनितासँग पार्टी परिर्वतन ठीक कि बेठीक भनेर प्रश्न गर्छ । आफ्नो पार्टीपरिवर्तन प्रति सबैको आलोचना देखेर ग्रीष्मराज विक्षिप्त भएको छ । आफ्नो सहयात्री पी.पी. ओझाले गरेको उन्नतिप्रति आँखा गाड्दै ग्रीष्मराज पनि निजी स्वार्थपूर्तितर्फ प्रवृत्त हुन्छ । यसैक्रममा ग्रीष्मराज भव्य महल, पजेरो जोड्न सफल हुन्छ । छोरोलाई पढ्न अमेरिका पठाउने हैसियत राख्छ । अनिता सपनामा आजाद र वान्तवालाई देखेको घटना सुनाउँछे । पी.पी. ओझाकी श्रीमती अनुराधा पनि एक

सच्चा क्रान्तिकारी महिला थिई । उसको पनि क्रुप्सकाया बन्ने विचारमा तुषारपात भएको छ र मानसिक विक्षिप्तता उत्पन्न भएको छ । अनुराधा बिरामी भनी पी.पी. ओझा औषधोपचार गर्छ तर अनुराधा सबै रोगको कारक ओझालाई देखाउँछे । अनिता पनि ग्रीष्मराजसँगै बसे यस्तै हुन्छे भनेर ठोकुवा गर्छे । पी.पी. ओझाको घरबाट फर्कदासमेत राजाराम रम्तेल आफ्नो घरबाट नहिडेको देखेपछि ग्रीष्मराज खेतको डिलैडिल मनहरा खोलाको किनारतर्फ लाग्छ र उपन्यासको अवसान हुन्छ ।

**स्खलन** उपन्यासमा यथार्थमूलक अनुभव र उत्पाद्य स्रोतको कथानकको प्रयोग गरिएको छ । **स्खलन** उपन्यासमा नेपाली वामपन्थी राजनीतिमा देखापरेको सैद्धान्तिक तथा व्यावहारिक **स्खलन** र टुटफुटको राजनीति देखाइएको छ । २०४६ सालपछि नेपालमा कम्युनिस्ट पार्टीहरूमा सत्तामोह बढेको र स्वार्थपूर्तिका लागि पार्टी फुटाउने र परिवर्तन गर्ने तीतो अनुभव छ । यही वास्तविकतालाई यस उपन्यासले समेटेकाले यसको कथानक स्रोत समकालीन यथार्थ रहेको छ ।

**स्खलन** उपन्यास द्वन्द्वका दृष्टिबाट पनि सफल नै रहेको छ । यसमा देखिएका पात्रहरूको बाह्य र आन्तरिक द्वन्द्वका कारण कथानक सबल ढङ्गले बढेको छ । **स्खलन** उपन्यासमा ग्रीष्मराजको पीडा, अनिता र अनुराधाको मानसिक विक्षिप्तता आन्तरिक द्वन्द्व हो भने हरिहर अतीत र महेश प्रसाईं तथा ग्रीष्मराज बीचको भनाभन, राजाराम र ग्रीष्मबीचको भनाभन, पी.पी. ओझा र अनुराधा बीचको भनाभन बाह्य द्वन्द्वका रूपमा देखिन आउँछ । ग्रीष्मराजको पार्टी परिवर्तनको खबर सुनेपछि अन्य पात्रहरूले देखाएको प्रतिक्रियाबाट उसमा आन्तरिक द्वन्द्व पैदा हुन्छ ।

*मैले खाएको छैन मुक्तिको कसम । ठीकै त हो नैतिकता र सिद्दान्तको नाममा मैले मात्र आफूलाई जोगाउनु पर्ने किन ? यो समाजवादले हावा खाएको समय हो, भूतले खाजा खाने समयमा क्रान्तिको निख्लो जपनाको मूल्य कति ? जविनमा राम्रा काम गर्न सके कति छन् कति, महान् पुरुषका ठूला कामले साना अपराध छोपेका न हुन् । मैले सोच्न बन्द गरिदिएँ* (पृ.५६) । यसरी ग्रीष्मराज मनमा कुरा खेलाएर बसिरहन्छ । पी.पी.ओझाको घर हेरेर रात कटाएको बेला उसका मनमा खेलेका कुराहरू र उसले देखाएका व्यवहारहरू आन्तरिक द्वन्द्व हुन् । आफूलाई क्रुप्सकाया बनाउने लोग्नेहरूको सुरुको वचनमा तुषारापात भएपछि अनिता र

अनुराधामा देखिएको मानसिक विक्षिप्तता पनि आन्तरिक द्वन्द्वकै उदाहरण हो । पी.पी. ओझाकी श्रीमती बिरामी भनेर खबर पाएपछि ग्रीष्मराज त्यतातिर जान्छ । त्यतिबेला अनुराधा, पी.पी. र ग्रीष्मबीच भएको संवादमा बाह्य द्वन्द्व देखिन आउँछ । जस्तै :

*-तिमी किन आएको यहाँ ? मेरो अनुहारमा आँखा गाडेर झम्टिउला झैँ गरी सोध्छे ।*

*-भाउजूलाई भेटौँ भनेर आएको नि धेरै भयो नभेटेको र । म सतर्क भएर बोल्छु*

*पुरुषहरू ! मेरो जवाफ पछि आफैँ भुतभुताउँछे ।*

*चिया त खानु पर्छ नि ... । पी.पी. सम्भाउँछ ।*

*तिमी नबोल ... पर्दैन बोल्न .... हामी जेसुकै गरौँ । ऊ पी.पी. लाई आँखा तरेर हकार्छे ।* .(पृ. ६६) ।

यस उपन्यासमा बिहेको प्रसङ्ग र किरिया गर्ने प्रसङ्गमा पुराना मान्यता र आधुनिक मान्यताका बीचमा द्वन्द्व देखिन्छ । अतीतावलोकनका रूपमा उपन्यासमा क्याम्पसका साथीहरू, अनिता र लिम्बुनीसँग भएका वादविवाद र वार्तालापमा पनि बाह्य द्वन्द्व देखा परेको छ । यस उपन्यासमा बाह्य द्वन्द्वका तुलनामा आन्तरिक द्वन्द्व सबल देखिन्छ ।

**स्खलन** उपन्यास पूर्वदीप्ति शैलीमा लेखिएको छ । ग्रीष्मराजले वर्तमानमा रहेर भूतको घटना स्मरण गरेको आधारमा प्रस्तुत उपन्यासको कथानक संरचित छ । अतः यसमा संस्मरणात्मक शैलीको उपयोग गरिएको छ । कतिपय ठाउँमा उपन्यासमा वर्णनात्मक र दृश्यात्मक शैलीको पनि उपयोग गरिएको छ । ग्रीष्मराजले एकरातभरमा सिङ्गो उपन्यासको घटनाहरू स्मरण गरेको छ । यो उपन्यास अन्त्यबाट प्रारम्भ भएकाले यसमा वर्तुलित वा वृत्ताकारीय ढाँचाको उपयोग गरिएको पुष्टि हुन्छ । यस उपन्यासमा कवितांशको पनि प्रयोग गरिएको छ । यस उपन्यासमा ग्रीष्मराजको कथानक प्रमुख हो भने राजाराम, पी.पी. ओझा आदि पात्रहरूको कथानक सहायक हो । यस उपन्यासको कथानक सुरुदेखि अन्त्यसम्म एउटै भएकाले सरल कथानकको प्रयोग भएको पाइन्छ ।

### ३.४.३ चरित्र

**स्खलन** उपन्यासमा नेपाली समाज र परिवेश अनुकूलका पात्रहरू प्रयोग भएका छन् । यो उपन्यास राजनीतिक भएकाले यसका बहुल पात्र राजनीतिक क्षेत्रका छन् भने केही पात्रहरू सामाजिक जनजीवनबाट टिपिएका छन् । यो उपन्यास चरित्रचित्रण र द्वन्द्व चरित्रको प्रतिबिम्बन उद्घाटन गर्नाका निम्ति लेखिएको हो (पाण्डेय, २०६० : जनएकता साप.पृ.५) । यो उपन्यासको उद्देश्य नै स्खलित चरित्रहरूको चरित्राङ्कन गर्नु भएकाले पनि पात्रप्रयोगका दृष्टिले यो उपन्यास सफल र महत्त्वपूर्ण छ । यसमा प्रयोग भएका बाहुल पात्रहरूको नामाकरण व्यक्तिवाचक नामबाट नै गरिएको छ । यसमा ग्रीष्मराज प्रमुख पुरुष पात्र हो भने अनिता प्रमुख स्त्री पात्र हो । अन्य सहायक र गौण पात्रहरूमा राजाराम रस्तेल, पी.पी. ओभा, हरिहर अतीत, महेश प्रसाईं, अनुराधा कार्की, लिम्बुनी, घामपार्टीको महासचिव, छोराछोरी, कान्छी सर्किनी, नोकर्नी, रस्तेलकी श्रीमती, ठेकेदार आदि रहेका छन् । यी पात्रहरूलाई पात्रविश्लेषणको सैद्धान्तिक आधारमा निम्नअनुसार तालिकीकरण गरिन्छ :

| **क्र.सं.** | **पात्रको नाम** | **लिङ्ग** | **कार्य** | **प्रवृत्ति** | **स्वभाव** | **जीवनचेतना** | **आसन्नता** | **आबद्धता** |
|---|---|---|---|---|---|---|---|---|
| १ | ग्रीष्मराज पौडेल | पुरुष | प्रमुख | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २ | अनिता बजगाईं | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| ३ | हरिहर अतीत | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ४ | महेश प्रसाईं | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ५ | पी.पी. ओभा | पुरुष | सहायक | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ६ | राजाराम रस्तेल | पुरुष | सहायक | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| ७ | अनुराधा कार्की | स्त्री | सहायक | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय | बद्ध |
| ८ | लिम्बुनी | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| ९ | घामपार्टीको महासचिव | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| १० | सिर्जना (छोरी) | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | नरेश (छोरा) | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | नेपथ्य | मुक्त |
| १२ | कान्छी सर्किनी | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | बद्ध |
| १३ | नोकर्नी | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | नेपथ्य | मुक्त |
| १४ | रम्तेलकी श्रीमती | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गीय | मञ्चीय | मुक्त |

उपर्युक्त पात्रविधानगत तालिकाका आधारमा **स्खलन** उपन्यासका केही पात्रहरूको चरित्रचित्रण निम्नअनुसार गरिएको छः

### ३.४.३.१ ग्रीष्मराज पौडेल

ग्रीष्मराज **स्खलन** उपन्यासको केन्द्रीय पुरुष पात्र हो । यो उपन्यास उसैले एकरातभरमा स्मरण गरेका घटनाहरूको आधारमा संरचित छ । सैद्धान्तिक र व्यावहारिक दुबै पक्षबाट स्खलित ग्रीष्मराज प्रतिकूल प्रवृत्ति र गतिशील चरित्र भएको पात्र हो । ऊ अनिताको श्रीमान् सिर्जना र नरेशको बाबु तथा पार्टी परीर्वतन गर्ने नेपाली वामपन्थी नेता हो । विद्यार्थी कालमा क्रान्तिकारी देखिएको ग्रीष्मराज बहुदलको स्थापनापछि यथास्थितिवादी  र अवसरवादी नेताका रूपमा देखा पर्छ । क्याम्पसमा पढ्दादेखि ऊ अनितालाई साह्रै मन पराउँछ र लिम्बुनीको मद्दतले उनैसँग बिहे गर्न समेत सफल हुन्छ । आफू लेनिन र श्रीमतीलाई क्रुप्सकाया बनाउने सोच लिएर अघि बढे तापनि श्रीमतीलाई राजनीतिमा लाग्न प्रेरित गर्दैन । तारा पार्टी छोडेर घाम पार्टीमा गएपछि अतीत र प्रसाइँजस्ता व्यक्तिहरूले आलोचना गरको सहन सक्दैन । समयअनुसार आफू बदलिएको स्वीकार गर्दै ऊ भन्छ -

*इतिहास जित्नेकै घोडा हो, त्यसैले जित्नु मुख्य कुरा हो । आजको वर्तमानलाई चढ्न नसके भविष्य आफै घोडा बनेर टाङ्मुनि छिर्दैन, त्यसैले मैले पार्टी फेरेँ आस्था फेरेको होइन, छिपछिपे पार्टीबाट दह जस्तो पार्टीमा छिरे । तब यी नाथे अराजकहरूको मलाई के मतलब* (पृ. ७) ? ग्रीष्मराज आफ्नो कार्यकर्ता राजाराम रम्तेलले पार्टी परिवर्तनबारे पुनर्विचार गर्नभन्दा उल्टै उसैलाई जडसूत्रवादीको आरोप लगाउँछ । अतीत र प्रसाइँजस्ता लेखक आलोचकलाई ‘असनको साँढे’ उपमा दिन्छ । अर्काको प्रगति त्यति देख्न नचाहने ग्रीष्मराज सहकर्मी पी.पी. ओझाको चारतले घर

सुविधासम्पन्न जीवनप्रति इर्ष्या गर्छ । मनमा अनेक कुरा खेलाएर रात कटाएको ग्रीष्मराज ओझाकी श्रीमतीले *हेर्दै जाऊ न, मैले भन्थी भन्नेछौ एकदिन, तिमीसँग बसिरही भन्ने त तिम्री स्वास्नी पनि बोलाउँछे* (पृ. ६८) भनेपछि घर पुगेर श्रीमतीको अवस्था बुझ्छ । आफ्नी श्रीमती अनिताको सपनामा आजाद र बान्तवा आएको कुरा थाहा पाएपछि ऊ आक्रान्त बन्छ । *पञ्चायतका सेटमा टाक्सिएका सबै चाहनाहरू असरल्लै देशभरी छरिए । आखिर लडेर पाएको अधिकार उपयोग त गर्नै पऱ्यो* (आहुति, २०५९: ५०) भन्दै छोरालाई अमेरिका पढाउन खर्च जुटाउनका लागि धर्मपार्टीमा पुनः प्रवेश गर्दछ । आफ्नो निजी स्वार्थका निम्ति राजनीति र पार्टीसमेत विचार नगर्ने ग्रीष्मराज पतोन्मुखी कथित वामपन्थी नेता हो । क्रान्तिकारी त्यागको आदर्शबाट यथास्थितिबादी भोगको दलदलमा स्खलित भई आर्दशलाई ढोग र भोगलिप्सालाई आदर्श ठान्ने हदसम्म क्षयीकृत हुन पुगेको पात्र ग्रीष्मराज पौड्यालको खिचातानीयुक्त मनोदशाको मिहिन प्रस्तुति हो (सङ्ग्रौला, २०५९ : आवरण भूमिका) र ग्रीष्मराज सिद्धान्तखण्डित नेपाली वामराजनीतिककर्मीको प्रतिनिधि पात्र हो ।

### ३.४.३.२ **अनिता**

अनिता **स्खलन** उपन्यासकी प्रमुख नारी पात्र हो । क्रान्तिकारी योद्धा, ग्रीष्मराजकी प्रेमिका र पत्नी अनिता पछिल्लो चरणमा गृहिणीका रूपमा देखिएकी छ । पुरुषवादी समाजको चपेटामा परेकी अनिता क्रान्तिकारी चरित्रबाट यथास्थितिवादी चरित्रमा परिणत भएकी छ । क्रुप्सकाया बन्ने सपना लिएर ग्रीष्मराजसँग वैवाहिक सम्बन्धमा गाँसिएकी अनिता सामान्य गृहिणीमा परिणत भएकी छे । उसले लोग्नेविरुद्ध आवाज उठाउन सकेकी छैन । गलत नीति र सिद्धान्त भएमा त्यसलाई त्याग्नु र सही क्रान्तिकारी नीति र सिद्धान्ततर्फ लाग्नु नै सही र क्रान्तिकारी तरिका हो तर अनिताले त्यसो गर्न  सकिन (भण्डारी, २०६१: ७३) । अनिता केही समय स्कुलमा शिक्षिका भएकी छ । घामपार्टीको महासचिवकी श्रीमतीहरूको सिको गरेर एन.जी.ओ.मा केही समय काम गरे तापनि त्यसभित्रको प्रवृत्तिहरूबाट वाक्क भएर छोडिदिन्छे । उसको सबै खुसी चीरहरण भएजस्तै देखिन्छ । मनको अचेतन तहमा क्रान्तिकारी भावना जाग्रत रहेको तथ्य उसले सपनामा देख्ने गरेको आजाद र वान्तवाको बिम्बबाट पुष्टि

हुन्छ । *अरूलाई मात्र के दोष दिने ? आफूले विद्रोह गर्न सकिएन* (पृ. ३७) भन्दै राजनीति गर्न नसकेकोमा आत्मस्वीकार गरेकी छ । अनितालाई बुहारीको जीवन बिताउन पर्ला भन्ने सोच नरहेको देखिन्छ । कुनै बेला अनिता पुलिसको कठालो समात्न पनि पछि नपर्ने केटी थिई तर पछि मलाई राजनीतिका कुरा वाक्क लाग्न थाल्या छ (पृ. २६) भन्ने भएकी छ । बुबा बित्दा किरिया नगरे नि हुन्न र भन्ने अनिता आमा मर्दा परम्परा तोड्न हुन्न भन्ने भएकी छ । ऊ पूर्ण रूपमा गतिशील पात्रका रूपमा देखिएकी छ । सुरुमा क्रान्तिकारी भए तापनि पुरुष समाजको सर्वसत्तावादी संस्कारको चपेटामा परेर अनिता यथास्थितिवादी र आत्मसमर्पणकारी चरित्र बन्न पुगेकी छ ।

३.४.३.३ **राजाराम रस्तेल**

चक्रपथ निर्माणका क्रममा ठेकेदारबाट बलत्कृत भई कान्छी सर्किनीले राजारामलाई जन्मदिएकी हो । रस्तेल क्रान्तिकारी विचार भएको परिवर्तकारी युवापुस्ताको प्रतिनिधि गर्ने सहायक पुरुष पात्र हो । सर्वहारा वर्गको मुक्तिका निम्ति जुनसुकै मूल्य चुकाउन पनि ऊ तयार देखिन्छ । आन्दोलनका क्रममा पटकपटक जेल परेको राजाराम ग्रीष्मराजको पार्टी परिवर्तनप्रति असन्तुष्ट छ । उपन्यासकारले आफ्नो सर्वहाराकरण सम्बन्धी धारणा उसैमार्फत् व्यक्त गरेका छन् । ग्रीष्मराजले पार्टी परिवर्तन गरेपछि पटकपटक यी दुईबीच गफ भएको छ । यही क्रममा राजाराम ग्रीष्मराजलाई भन्छ -

*यदि समयमै नसोच्ने हो भने यो क्रान्तिको सपना मार्ने उद्योगले कसैलाई छोड्दैन । दाइले पनि त यो भाडभैलोबाट आफूलाई बचाउने प्रयत्न गर्नभएको थियो तर परिणाम के भयो ? सिङ्गै वातावरण नै पहिरोमा छ, पहिरोमुनि बसेर पहिरोसँग भिड्न सकिन्न । यसरी त हामी सिद्धिन्छौं .. इतिहासको यो दुर्गन्धमय क्षणलाई टुलुटुलु हेरेर खप्ने जोकर बन्दै जानेछौं* (पृ. ६२) ।

राजाराम रस्तेल सच्चा क्रान्तिकारी कार्यकर्ता हो । ऊ दलित तथा वर्तमान शासन व्यवस्थाले पीडित भएको व्यक्ति हो । यस उपन्यासमा राजारामको भूमिका स्थिर र अनुकूल प्रवृत्ति भएको सहायक पुरुषपात्रको रूपमा रहेको छ ।

### ३.४.३.४ हरिहर अतीत र महेश प्रसाईं

हरिहर अतीत र महेश प्रसाईं दुबै एकसाथ रूपमा उपन्यासमा आएकाले एकै ठाउँ विश्लेषण गरिन्छ । यी दुबै वामपन्थी लेखक तथा आलोचक हुन् । दिउँसै घर आएको दिन अतीतले ग्रीष्मराजलाई फोन गरेर पार्टी परिर्वतनका सम्बन्धमा *तपाईंको रसातल यात्रा यति तीब्र होला भनी सोच्या थिइन* (पृ. ६) भनिदिन्छ । ग्रीष्मराजले यी दुबैजनालाई 'असनको साँढेजस्तो अराजक भन्ने उपमा दिएको छ । समष्टिमा अतीत र प्रसाईं वामपन्थी चिन्तन भएका व्यक्ति हुन् । यस उपन्यासमा अनुकूल प्रवृत्ति, स्थिर र बद्ध चरित्रका रूपमा देखिएका छन् ।

### ३.४.३.५ पी.पी. ओझा

पी.पी. ओझा यस उपन्यासको सहायक पुरुषपात्र हो । ऊ पनि ग्रीष्मराज जस्तै खराव प्रवृत्तिको देखिन्छ । सुरुमा क्रान्तिकारी चेत र विचार भएको पी.पी. ओझाले भाषण गरेर धेरैलाई क्रान्तिकारी बनाएको छ ।

*छ्यालव्याल भएर ढलेको कम्युनिस्ट आन्दोलनलाई स्वस्थ्य बनाउन लागेको नेताहरूमध्येको एक हो पी.पी. ओझा, पूर्वमा अट्ठाइस सालतिर उदाएको रातो घाम, पञ्चायतको एउटा गतिलो काल एउटा रातो खैलाबैलाको नायक* (पृ. ८९) ।

यसरी पी.पी. ओझा सुरुमा निकै क्रान्तिकारी योद्धाका रूपमा देखा पर्छ । *कुनैबेला ओझा क्रान्ति सधैँभरी टाढाको क्षितिज होइन, यो त संकल्प र साहसको बाजी हो । हामी रगत दिन्छौँ भने क्रान्ति हाम्रो छायाँजस्तो अभिन्न मित्र हो* (पृ. ४८) भन्ने गर्थ्यो । वर्तमानमा पी.पी. ओझामा पुँजीवादी चिन्तन र निजी सम्पत्तिप्रति मोह बढेर गएको छ । सबैखाले सुविधासम्पन्न घरपरिवार भए तापनि उसमा मानसिक छट्पटी कायमै छ । श्रीमती अनुराधाले सहिदहरूको कुरा गर्ने र आफ्नो कुनैपनि व्यवहारप्रति वितृष्णा देखाएकाले ऊ आहत भएको छ । समष्टिमा पुँजीवादी चिन्तनको पिछलग्गु, यथास्थितिवादी तथा साम्यवादी सिद्धान्तबाट स्खलित पात्रका रूपमा पी.पी. ओझाको उपस्थिति उपन्यासमा सान्दर्भिक छ ।

### ३.४.३.६ अनुराधा कार्की

पी.पी. ओझाकी श्रीमती अनुराधा कार्की यस उपन्यासकी सहायक नारीपात्र हो । अनिता जस्तै सुरुमा क्रान्तिकारी अनुराधा बिहेपश्चात् सम्पूर्ण सपना चकनाचुर बनाएर सामान्य गृहिणी भएर बाँचेकी छ । सुरुमा पुरुषदमनप्रति प्रतिक्रिया देखाउन नसक्ने अनुराधा पछिल्लो चरणमा पुरुषप्रति आक्रोशित छे र उसमा मानसिक विक्षिप्तता समेत आएको छ । आफूलाई रत्नकुमार बान्तवाले क्लास लिएको र सपनामा आजाद, योगमाया देखेको बताइरहन्छे । ऊ भित्रको राजनैतिक कुण्ठाले मनोरोगी बनाएको छ । राजनीतिमा आफ्नो पनि हिस्सा हुनुपर्ने माग राखेकी छ ।

*क्लारा जेट्किनलाई मैले पनि चिनेको छु, म क्लाराकी सच्चा चेली भएर देखाइदिन्छु, चाहिएन मलाई तिमीहरू ... तिमीहरू त हुतिहारा ..सबैले मन्त्री खान पाउने मेरो निम्ति खै तिमेरुले क्लेम गरेको* (पृ. ६७) ? भन्दै पुरुषप्रति विद्रोह गरेकी छ । भव्य महल र सुखसयलमा बाँचेर पनि अनुराधा असन्तुष्ट छे । सहिदको सपनालाई साकार गर्नुपर्छ भन्ने उसको मान्यता रहेको देखिन्छ । *मनमा शान्ति नभएपछि नहुने रै'छ । आफ्नो गुरु बान्तवालाई बस्ने एउटा छाप्रो छैन, तमोरको बगरैबगर रुँदै हिंडिरा'छ । आफूले मात्रै यत्रो घर बनाएर के गर्ने* (पृ. ६७) ? भन्दै भौतिक सुखको विपक्षमा देखिएकी छ । अनितालाई ग्रीष्मराजसँग सधैं राखे आफूजस्तै विक्षिप्त हुने ठोकुवा दिन्छे । अनुराधा पुरुषप्रधान समाज तथा स्खलित वामपन्थी नेताको चेपुवामा परेकी अनुकूल गतिशील, बद्ध र मञ्चीय नारी सहायक पात्र हो ।

### ३.४.३.७ अन्य गौण पात्रहरू

**स्खलन** उपन्यासम कान्छी सर्किनी, लिम्बुनी, घामपार्टीको महासचिव, छोरा, छोरी, नोकर्नी, रम्तेल्नी श्रीमती गौण पात्रका रूपमा देखापर्दछन् । राजाराम रम्तेलकी आमा कान्छी सर्किनी वर्तमान सामाजिक संरचनाबाट पीडित प्रतिनिधि पात्र हो । ठेकेदारबाट बलत्कृत भई उसले राजारामलाई जन्मदिएकी छ । कान्छी सर्किनीको घरबाट ग्रीष्मराजले राजनीति प्रारम्भ गरेको थियो । ग्रीष्मराजको पार्टी परिवर्तनप्रति असन्तुष्ट कान्छी अहिले तिनैको घरमा कपडा धोएर जीविका गर्छे । कान्छी सर्किनी अनुकूल र स्थिर चरित्र हो । ग्रीष्मराज र अनिताको सहपाठी लिम्बुनी क्रान्तिकारी

विचारकी भएपनि पछि हङ्कङबाट आएको केटोसँग विहे गरेर उतै बसोबास गर्न थालेकी छ । घामपार्टीको महासचिव कम्युनिस्ट सिद्धान्तबाट स्खलित तथा फुटेर गएका ग्रीष्मराज प्रवृत्तिहरूलाई लोभ देखाएर पार्टी ठूलो पार्ने प्रतिकूल चरित्रको पात्र हो । वर्तमान एफ.एम. आतङ्कको चिनारीमा छोरीको उपस्थिति छ भने छोरा विदेशमा पढ्ने आम नेताका छोराको प्रतिनिधि पात्र हो । नोकर्नीको खासै भूमिका देखिदैन । अनुराधालाई खाना/औषधी खुवाउने प्रसङ्गमा उसको भूमिका रहेको छ । रम्तेलकी श्रीमतीको भूमिका उपन्यासमा सूक्ष्म छ ।

**स्खलन** उपन्यास पात्रहरूको सङ्ख्यात्मक उपस्थितिमा ठिक्कको छ । ग्रीष्मराज यस उपन्यासको प्रमुख पात्र हो । उसैको चारित्रिक विश्लेषणमा यो उपन्यास संरचित भएकाले यो उपन्यास चरित्रप्रधान उपन्यास हो । यो उपन्यास एक नायकत्व भएको उपन्यास हो । यस भित्रका सबै पात्रहरूको चित्रण स्वभाविक लाग्छ ।

### ३.४.३.८ **चरित्रचित्रणप्रविधि**

**स्खलन** उपन्यासका चरित्रहरूको चित्रण अधिकांश रूपमा समाख्याता ग्रीष्मराजले नै गरेको छ । कहिलेकाहीँ संवाद र घटना प्रस्तुत गरेर दृश्यात्मक पद्धतिबाट पनि चरित्रलाई प्रभावकारी बनाइएको छ । सम्पूर्ण उपन्यास नै ग्रीष्मराजको वर्णनमा आधारित भएकाले उसले आफूले र अरूको पनि चित्रण गरेको देखिन्छ । ग्रीष्मराजले श्रीमती अनिताको शारीरिक सौन्दर्यको वर्णन यसरी गरेको छ -*यसको उर्लेको बैंश देख्दा मलाई सँगै लिएर हिँड्न पनि अप्ठ्यारो लाग्थ्यो । साथीहरूले यसको बारेमा गरेको हल्का प्रशंसाले पनि मेरो कैयौँ रातको निन्द्रा हराम भएको छ । क्याम्पसमा यसको पछि लाग्ने त थुप्रै थिए, बिहेपछि पनि त कसै न कसैले त आँखा झिम्कायो होला* (पृ. २४) ?

यसैगरी अनिता र लिम्बुनीबीचको संवादबाट अनिताको राजनीतिप्रति चासो र चिन्तन यसरी उद्घाटन भएको छ -

- *तँ त लथ्रक्कै गलिछस् अनिता !*
- *त्यसै त भन्न पर्‍यो नि अब । जे जस्तो भए नि लोग्ने मान्छेले हामीलाई आफ्नो सहयोगीमात्रै ठान्दोरहेछ । हरेक पाइलामा विद्रोह गर्न सकिएन क्यारे !*

- *अनि पार्टीले के सोच्यो त तेरो बारेमा ?*
- *पार्टी भन्या को ? पार्टी पनि त्यस्तै त छ । घर चलाएरै राजनीति गर्ने कुरा छ धेरैको* (पृ. ३७) ।

**स्खलन** उपन्यासमा अनुराधा कार्कीको आत्मालापबाट उसको चरित्र स्पष्ट हुन्छ ।

*चौधवर्षमा घर छोडेर, क्रान्तिमा होमिएकी हुँ । रत्नकुमार बान्तवाले क्लास लिएकी मान्छे हुँ । तिमीहरू जस्तो हैन म कस्तो थियो त्यो बेला, संसार जित्न हिँडेको हामी । खै बान्तवाको तस्वीर यो कोठामा* (पृ. ६६) ? यसरी उपन्यासमा सटीक र प्रभावकारी चरित्रचित्रण गरिएको छ ।

## ३.४.४ पर्यावरण

**स्खलन** उपन्यासले वि.सं. २०४६ पछि नेपालमा आएको वामपन्थी नेताहरूको स्खलित चरित्रहरूको चित्रण गरेको छ । यस उपन्यासको समयगत परिवेश हेर्दा वि.सं. २०४८ भन्दा पछाडि करिब एक दशकको समयावधि देखिन्छ । खासगरी नेपालको ठूलो वामघटक नेकपा (एमाले) टुक्रिएर नेकपा (माले) बनेको समयावधिको घटनालाई उपन्यासमा लिइएको छ । तत्कालीन समयमा पार्टी फुटाएर पार्टी फेर्ने र खोल्ने कार्यले तीब्रता पाएको देखिन्छ । उपन्यास पढ्दै जाँदा डेढ दशक यता नेपाली वामपन्थमा स्खलित भएका अनेकौँ राजनीतिक पात्रहरूका विकृत अनुहारहरू विभिन्न पाटा र कोणबाट हाम्रा अगाडि नाच्छन् (सङ्ग्रौला, २०५९: आवरण भूमिका) । यो उपन्यास ग्रीष्मराजले एक रातको अवधिमा सम्झेका घटनाहरूमा आधारित छ । यसभित्र प्रयोग भएका स्थानिक परिवेशमा मुख्यतः काठमाडौँ नै रहेको छ । काठमाडौँ भित्रपनि कुनै एउटा क्याम्पस, ग्रीष्मराजको घर, कान्छी सर्किनीको घर, पी.पी. ओभाको घर, चक्रपथ, जेल मनहरा खोला, खेत, चौक, बजार यो उपन्यासको सूक्ष्म स्थानिक परिवेश हो । काठमाडौँ उपत्यकामा पनि एकदम सीमित क्षेत्रलाई उपन्यासमा समेटिएको छ । छोरा र छोरीलाई विभेद गर्ने कुप्रथाको यसले चित्रण गरेको छ । समष्टिमा यस उपन्यासले राजनैतिक परिवेशलाई आफ्नो मुख्य क्षेत्र बनाएको पाइन्छ ।

### ३.४.५ दृष्टिबिन्दु

**स्खलन** उपन्यास ग्रीष्मराज पौडेलले एकरातभर सम्झेका घटनाहरूमा आधारित छ । यो उपन्यासको समाख्याता पनि ग्रीष्मराज नै हो । यसको कथानक पनि ग्रीष्मराजकै जीवनको सेरोफेरोमा घुमेको छ । उपन्यासको प्रारम्भ *आज म रन्थनिएको छु । मलाई थाहा छ, शरीरमा छेस्कोसम्म केही बिज्या छैन । मेरो मन दुख्या पनि होइन, तैपनि रन्थनिएर झटारिएर घर आइपुगेको छु* (पृ.१) बाट भएको छ । यसरी ग्रीष्मराज तनावग्रस्त मानसिकता लिएर घर आएपछि स्मरण गर्दा यो उपन्यास तयार भएको छ । **स्खलन** उपन्यासमा केन्द्रीय आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ । यसको पुष्टि *म एकमात्र आफ्नो अनुहारलाई हेरिरहन्छु । बुढ्यौलीका धर्साहरू गलाभरि उमारेर बेग मारिरहेको उसको अनुहारमा यतिबेला के छ हँ ? म खोज्न थाल्छु* (पृ.२४) भनेबाट पनि हुन्छ । यस उपन्यासभित्रका धेरै पात्रको वर्णन ग्रीष्मराज आफैले गरेको छ । कतिपय ठाउँमा स्वयं पात्रहरू नै 'म' पात्रका रूपमा आएर पनि आफ्ना कथाहरू भनिरहेका छन् । सबै घटनाहरू बताइसकेपछि *म छिटोछिटो खेतको डिलैडिल मनहरा खोलाको किनारमा पुग्छु र किनारैकिनार फटाफट हिँडिरहन्छु नाकभरि मनहरा खोलाको गन्धले हिर्काइरहन्छ* (पृ. ७०) भन्दै उपन्यासको अवसान गरिएको छ । सुरुदेखि अन्त्यसम्म नै ग्रीष्मराज उपन्यासको समाख्याता र प्रमुख पात्रसमेत रहेकाले यो उपन्यासमा केन्दीय आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको पुष्टि हुन्छ ।

### ३.४.६ सारवस्तु

**स्खलन** उपन्यासले २०४६ सालपछि नेपालका कम्युनिस्ट पार्टीहरूमा आएको टुटफुटको राजनीति र तिनका नेतामा दखिएको निजी सम्पत्तिप्रतिको मोह तथा संशोधनवादतर्फको उन्मुखतालाई यथार्थ रूपमा प्रस्तुत गरेको छ । पञ्चायत कालमा कष्टकर भूमिगत जीवन विताएका क्रान्तिकारी योद्धाहरू बहुदलको स्थापना भएपछि भोगवादी प्रवृत्तितर्फ उन्मुख भएको कुरालाई उपन्यासमा देखाइएको छ । उपन्यासले डेढ दशक यता नेपाली वामपन्थी आन्दोलनभित्र हुँर्कदै गएको वैचारिक विचलन र व्यक्तिवादी चरित्रबारे जानकारीमात्र दिएको छैन, निम्न पुँजीवादी एवं रोमान्सकारी

क्रान्तिकारीहरूको चरित्रबाट सजग रहन सन्देश पनि दिएको छ (भण्डारी, २०६०:५) । प्रस्तुत उपन्यासमा नेपालमा झाँगिदै गइरहेको गैरसरकारी संस्थाको भ्रष्ट नीति र आचरणप्रति पनि सङ्केत गरिएको छ । नेताहरू एन.जी.ओ. र आई.एन.जी.ओ. मार्फत् भटाभटी पैसा कमाउनतर्फ लागेको र आई.एन.जी.ओ.हरूको साम्राज्यवादी नीतितर्फ नेताहरू सचेत नरहेकोप्रति इङ्गित गरिएको छ । उपन्यासले राजाराम रम्तेल र कान्छी सर्किनीजस्ता सच्चा क्रान्तिकारी पात्रहरू जहिले पनि दमित र शोषित नै रहेको देखाएको छ । ओझा र ग्रीष्म प्रवृत्तिका मान्छेहरूको वामपन्थी पार्टीमा ओइरो लागेको तथ्य पनि उद्घाटित गरेको छ । अनिता र अनुराधाजस्ता क्रान्तिकारी महिलाहरूलाई पुरुषप्रधान समाजले सामान्य गृहिणी र पत्नी भन्दा माथि उक्सन नदिएको तथ्यको पनि उद्घाटन गरिएको छ । यी दुई नारीपात्रको सपनामा देखापर्ने आजाद र बान्तवाले सहिदहरूको सपनातर्फ नेता नलागेको र ती नारीभित्र अझै क्रान्तिकारी चेतना दमित रूपमा रहेको पुष्टि हुन्छ । उपन्यासले राजनीतिक विषयका साथसाथै तत्कालीन सामाजिक यथार्थको समेत चित्रण गरेको छ । ठेकेदार प्रवृत्तिहरूले कान्छी सर्किनीलाई बलत्कार गर्ने यथार्थको चित्रण छ । नेपाली वामपन्थी नेताहरूमा आफ्नो आलोचना सुन्न नसक्ने कुराको पुष्टि ग्रीष्मराजले अतीत र प्रसाईंलाई दिएको 'असनको साँढेजस्तो अराजक' उपमाले प्रस्ट हुन्छ । छोराछोरीलाई विदेश पढ्न पठाउने र आफू ह्वीस्की र स्कचमा रमाउने क्रान्तिकारी नेताहरूको उछितो काढ्नु यो उपन्यासको अभीष्ट हो । समष्टिमा, नेपाली कम्युनिस्ट राजनीतिक व्यक्तिहरूमा डेढ दशक यता देखिएको स्खलित प्रवृत्तिको चित्रण गर्नु यस उपन्यासको अभीष्ट हो ।

### ३.४.७ भाषा

**स्खलन** उपन्यासले राजनीतिक विषयलाई समेटेकोले यसमा राजनीतिक शब्दावलीको बहुल प्रयोग गरिएको छ । यसमा पात्र र विषय अनुकूलकै भाषाले प्राथमिकता पाएको छ ।आहुतिको **नयाँ घर** मा प्रयोग गरिएको भाषाभन्दा विवेच्य उपन्यासमा प्रयुक्त भाषा परिष्कृत तथा स्वभाविक रहेको देखिन्छ । उपन्यासमा मूल रूपमा पात्रअनुकूल र कथ्य र लेख्य, औपचारिक र अनौपचारिक गद्यभाषाको प्रयोग भएको छ । यो उपन्यासमा तत्सम, तद्भव, आगन्तुक, झर्रा सबै स्रोतका शब्दहरूको

प्रयोग देखिन्छ । आगन्तुकअन्तर्गत अङ्ग्रेजी स्रोतको शब्दको प्रयोग अधिक मात्रामा गरिएको देखिन्छ । विषय र प्रसङ्गअनूरूप ठाउँठाउँमा आएका उखानहरूले आलङ्कारिकता थपेको छ । उपन्यासमा प्रयोग भएका केही उखानको उदाहरण -

*आफैँ बोक्सी आफै झाँक्री (पृ.६)*

*डुब्नेलाई सिन्काको सहारा (पृ.३१)*

*हलो अड्काएर गोरु चुट्नु (पृ.३७)*

*होलाकीले लाको बुलाकीले नाकै खाको (पृ.४४)* आदि ।

प्रस्तुत उपन्यासमा ग्रामीण अशिक्षित कथ्यभाषाको प्रयोग गरिएको छ । यसले उपन्यासलाई स्वभाविक तुल्याएको छ ।

*के जाति रासटरघाती रासटरघाती भनेर चिच्याइयो फेरि त्यहीँ त कसर मुख गाड्नु* (पृ.१५) ?

उपन्यासमा प्रयोग गरिएको व्याङ्ग्यात्मक भाषाको नमुना -

*मार्क्स एङ्गेल्स कम्युनिष्ट परे, नेपालका चाहिँ नेपाली कम्युनिष्ट जहाँ जहाँ नेपाली शब्द जोडिन्छ, त्यहाँ त्यहाँ दर्शनले पनि हावा खान्छ* (पृ. ४४) ।

**स्खलन** उपन्यासमा कवि विमल निभाद्वारा लिखित कविताको एकटुक्राको उद्धरण गरिएको छ । हेरौँ -

*मैले खाएको छैन मुक्तिको कसम ...* (पृ. ५६) ।

संवादात्मक भाषाको प्रयोगले उपन्यासलाई नाटकीय बनाएको छ । यस उपन्यासमा प्रयुक्त संवादको नमुना -

- *हेलो !*
- *ग्रीष्म कमरेड, निन्द्रैमा हुनुहुन्थयो होला हगि ?*
- *त्यसै भनौँ न ।*
- *तपाईं एकछिन घरमा आउनुस. न, अलिक टेन्सन भइराख्या छ ।*
- *के भयो र त्यस्तो कमरेड ?*
- *त्यस्तै छ, आउँनोस् न यतै, सँगै बसेर कुरा गरौँला ।* ( पृ. ५७) ।

यसैगरी मङ्गोलियन नेपाली उच्चारणले उपन्यासलाई थप प्रभावकारी बनाएको छ -

*तपाईंले राम्रो गरेन नेताजी, हामी त क्रान्तिकारी बन्ने नसोचेको मान्छे, तर अनितालाई तपाईंले घरमा थन्क्याएर राम्रो गरेन* (पृ. ३७) ।

**स्खलन** उपन्यासको भाषा विशिष्ट प्रकारको देखिन्छ । यसको भाषा सामाजिक स्तरअनुरूप प्रयोग भएकाले उपन्यास जीवन्त बन्न पुगेको छ । **नयाँ घर** उपन्यासको तुलनामा भाषिक परिमार्जन भए तापनि वाक्यगठन, ह्रस्वदीर्घ, चिह्नप्रयोगजस्ता कसरमसर भने यथावत नै रहेको देखिन्छ ।

### ३.४.८ प्रतीक र बिम्ब

**स्खलन** उपन्यास प्रतीक र बिम्ब प्रयोगका दृष्टिले सबल नै देखा पर्न आउँछ । यस उपन्यासमा असनको साँढे (सदैव अराजक), रत्न वान्तवा, आजाद (देवकोटा) योगमाया (सहिदहरू), भूत, घामपार्टी, तारापार्टी, रातो घाम, क्रुप्सकया, लेनिन, धोवी, गोरु, मागीखाने भाँडा, पोलपोट, खोपडी आदिजस्ता बिम्ब र प्रतीकहरूको प्रयोग उपन्यासमा भएको देखिन्छ । यिनको प्रयोगले उपन्यासलाई ओजस्वी र आलङ्कारिक समेत बनाएको छ ।

उपन्यासकारले शिवराम रम्तेलको वर्णनमा देखाएको प्रस्तुति -

*यिनको लोग्नेको नाम शिवराम रम्तेल, झक्कीको थ्यो'मान्छे जुँगा त रागेपाटे हुन् तर जुँगा पाल्ने खुब सोख भएको मान्छे* (पृ. १२) यस प्रस्तुतिले शिवराम रम्तेलको स्वभाव र रुचि स्पष्ट थाहा पाउन सकिन्छ । मार्क्सवादीहरू प्रतीक र बिम्बको विरोध गर्दैनन् । यस उपन्यासमा पनि बिम्ब र प्रतीकको सहज, यथेष्ट र औचित्यपूर्ण ढङ्गले प्रयोग गरिएको छ ।

### ३.४.९ गति र लय

**स्खलन** उपन्यासमा ग्रीष्मराजले एकरातभर बसेर गरेका क्रियाकलाप र स्मरण गरेका अतीतका घटनाहरूको वर्णन छ । परिच्छेदैै पिच्छे फरक फरक घटना, काल र क्रियाको प्रस्तुतीकरण गरिएको हुँदा यसमा गतिको अवस्था पनि तीब्र रहेको छ । यसमा कतिपय ठाउँमा व्यङ्ग्यको समेत प्रयोग गरिएकाले गतिमा विशेष भूमिका खेलेर प्रभावान्वितिको सिर्जना गरेको छ । यो उपन्यासमा वर्णनको सङ्क्षिप्तता र

दृश्यात्मकताको प्रयोगले गतिमा आरोहअवरोह समेत देखिन आउँछ । बिम्बात्मक भाषा, आलङ्कारिक प्रस्तुति तथा यथोचित व्यङ्ग्यले लयमा जीवन्तता प्रकट गरेको पाइन्छ । छोटाछोटा वाक्य, पात्रअनुकूल भाषाशैलीको प्रयोग तथा नखजमजिएको अन्य पात्रहरूको घटनावर्णनले उपन्यासको गतिमा तीब्रता ल्याएको छ ।

### ३.४.१० शीर्षकप्रयोग

**स्खलन** एक शब्दे शीर्षक भएको उपन्यास हो । **स्खलन**को शाब्दिक अर्थ १- कहीँ कतैबाट हुने केही कुराको झराइ २-तरल पदार्थको चुहाइ ३- कुनै पनि काममा हुने भूल, ४- आफ्नोमर्यादा आचरण, मार्ग आदिबाट भएको पतन (नेपाली बृहत् शब्दकोश, २०५८ : १३०७) भन्ने हुन्छ । यस उपन्यासको शीर्षक विषयवस्तुका आधारमा राखिएको छ । **स्खलन** उपन्यासमा २०४६ सालपछि नेपाली कम्युनिस्ट नेताहरूमा देखिएको पतनलाई देखाइएको छ । यसअनुसार **स्खलन** शीर्षक र उपन्यासको कथ्यबीचमा सामञ्जस्यता पाउन सकिन्छ । साम्यवादी सोच, सर्वहारावर्गको मुक्तिका निम्ति लड्नु पर्ने, नारी मुक्तिका निम्ति लड्नुपर्ने, पुँजीवादी चिन्तनतर्फ विमुखता देखाउनुपर्ने सैद्दान्तिक मान्यता हुँदाहुँदै यस उपन्यासका पात्रहरू ग्रीष्मराज र पी.पी. ओझा यी मान्यताको विरुद्धमा गई स्खलित हुन पुगेका छन् । उपन्यासले २०४६ सालपछि नेपाली वामपन्थी आन्दोलनभित्र हुर्किंदै गउको व्यक्तिवाद, स्वार्थ, नैतिक विघटनलाई उजागर गर्दछ । त्यसलाई **स्खलन** नामकरण गर्दा कुनै आपत्ति देखिन्न (ढकाल, २०६० : ५.) । यस उपन्यासका स्त्री पात्रहरूमा पनि अनेक विवशता, बाध्यता र आफ्नै कमजोरीका कारण सैद्धान्तिक **स्खलन** हुन पुगेको छ । सुरुमा क्रुप्साकाय बन्ने सौँचले राजनीतिमा प्रवेश गरे तापनि पछि सामान्य गृहिणीका रूपमा स्थापित हुनु यस उपन्यासकी नारी चरित्र अनिता र अनुराधाको **स्खलन** नै हो । साम्यवाद र सर्वहाराकरणको लक्ष्य लिएर हिडेका नेपाली वामपन्थीहरू संशोधनवादीका रूपमा स्थापित हुनु सबैभन्दा ठूलो **स्खलन** हो । यही विषयलाई उपन्यासमा उजागर गरिएकाले यसको शीर्षक सार्थक छ ।

परिच्छेद- चार

# आहुतिका उपन्यासहरूको समाजपरक विश्लेषण

## ४.१ समाजपरक समालोचनाको परिचय

साहित्यकार समाजकै उपज हो । उसले देख्ने भोग्ने वस्तु पनि समाज नै हो, फलस्वरूप साहित्यमा समाज हुन्छ र सामाजिक दृष्टिले नै कृतिको समालोचना गर्नुपर्छ भन्ने धारणा समाजपरक समालोचना हो । समाजले साहित्यकारमा कति प्रभाव पाऱ्यो र साहित्यकारले आफ्नो रचनामा के, कसरी, कतिसम्म समाजको चित्रण गर्नसक्यो ? भन्ने कुराको लेखाजोखा गर्नु यस समालोचनाको कार्य हो । समाजपरक समालोचनाको आधारभूमि मार्क्सवाद हो । यो समालोचना प्रणाली मार्क्सवादको सिद्वान्तबाट अनुप्राणित छ । यसले सामाजिक परिवर्तन गर्ने दृष्टिबाट सृष्टि र समाजको विश्लेषणात्मक अध्ययन गर्दछ । सामाजिक दृष्टिबाट साहित्यिक कृति तथा कृतिकारको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्ने पद्धतिलाई समाजपरक समालोचना प्रणाली भनिन्छ (शर्मा र लुँइटेल, २०६१: १२६) । यसले समाज, साहित्य र साहित्यकारका बीच के कस्तो सम्बन्ध छ भन्ने देखाउँदै भाषा, विषय, शिक्षासमेतका आधारमा कृतिको सामाजिक पक्षको लेखाजोखा गर्नु समाजपरक समालोचनाको खास कार्य हो । कला साहित्य शून्यमा सृजित हुदैन, साथै कला साहित्य केवल व्यक्तिकलाकारकै आत्मगत निजी अभिव्यक्ति मात्र होइन । प्रत्येक मान्छे र प्रत्येक व्यक्तिमा सामाजिक पर्यावरणको प्रभाव प्रशस्त रहन्छ । त्यसैले प्रत्येक साहित्यकार कुनै न कुनै देश र कालमा हुन्छ र समाज भनेको यही वातावरण हो । समालोचनाको समाजशास्त्रीय सम्प्रदायले यही सामाजिक सन्दर्भमा कलाकृतिको अध्ययन गर्न चाहन्छ (त्रिपाठी, २०५८: १४८-१४९) । यसले समाजभन्दा भिन्न रहेर साहित्यको कल्पना गर्दैन । समाजशास्त्रीय आलोचना वा साहित्यको समाजशास्त्रको काम हो साहित्यमा व्यक्ति सामाजिक सम्बन्ध, कार्यव्यापार, क्रियाप्रतिक्रिया, आदानप्रदान आदिलाई व्यवस्थित ढङ्गले देखाउनु (गौतम, २०५९: १३२) । अतः साहित्यको समाजशास्त्रको मूल अभीष्ट समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु हो ।

समाजपरक समालोचनाको इतिहासलाई हेर्दा यसको आरम्भ ईशाको अठारौँ शताब्दीमा भिकोले होमरका कृतिको अध्ययनका आधारमा ग्रीक समाजको विवेचना गरेदेखि नै पाश्चात्य समालोचनामा सामाजिक दृष्टिकोण थालिएको कुरा एडमन्ड विल्सनले बताएका छन् (त्रिपाठी, २०५८: १४९) । यसको विकासको क्रममा विकोपछि जे.जी.हर्डर देखा पर्छन् । उन्नाईसौ शताब्दीका फ्रान्सेली समालोचक टेन यस परम्परामा दरिलो स्तम्भका रूपमा देखापर्छन् र *जाति, पर्यावरण र क्षण* को सिद्धान्त प्रतिपादन गर्न पुग्दछन् । बीसौँ शताब्दीमा कार्ल मार्क्सका राजनैतिक, आर्थिक दर्शन एवं दृष्टिकोणका साथ यसले फस्टाउने मौका अझ बढी पाएको देखिन्छ । यहीँबाट समाजपरक समालोचनाको स्पष्ट रूपमा दुई धार देखापऱ्यो (१) समाजपरक समालोचनाको मार्क्सवादी धार (प्रगतिवाद) (२) समाजपरक समालोचनाको गैरमार्क्सवादी धार ।

यहाँ आहुतिका उपन्यासहरूको गैरमार्क्सवादी समाजपरक अध्ययन गरिएको छ । यसको लागि टेनको *जाति, पर्यावरण र क्षण*को सिद्धान्तलाई मुख्य आधार बनाइएको छ । त्यसैगरी आहुतिका उपन्यासहरूको कृतिको समाज, कृतिकारको समाज र पाठक र उसको समाजको अध्ययन पनि यहाँ गरिएको छ ।

## ४.२ आहुतिका उपन्यासहरूको गैरमाक्सवादी अध्ययन

समाजपरक समालोचनाको गैरमार्क्सवादी धाराको विकास विको, सेन्टव्यु, हर्डर आदि हुदै अघि बढेको छ । यस धाराले सामाजिक जीवनका ह्रास, विकृति र नग्नताको चित्रण गर्दछ । सामान्य वर्गको जीवनका पीडा र दुर्दशाको चित्रण पनि यसले गर्दछ । यसअनुसार समाजपरक समालोचनाको गैरमार्क्सवादी धारा जीवनका यथार्थको नजिक रहेको छ । यसले समाजलाई दर्पणका रूपमा हेर्ने र सामाजिक यथार्थको वस्तुपरक चित्रण गर्ने गर्दछ । समाजपरक समालोचनाको व्यापक सैद्धान्तिक सन्दर्भ प्रस्तुत गर्ने समालोचक हिप्पोलिट टेन हुन् । उनी सामाजिक दार्शनिक व्यक्तित्व हुन् । *क्षण, जाति र युग* उनको समाजपरक समालोचनासम्बन्धी शक्तिशाली सिद्धान्त हो । टेन सामाजिक समालोचनाका प्रथम उल्लेख्य सिद्धान्तकार हुन् । कुनै पनि युग, कुनै पनि प्रजाति र कुनै पनि परिवेशका कारण साहित्यिक कृति र

साहित्यकारमा भिन्नता हुन्छ भन्ने मान्यता टेनले अगाडि सारेका छन् । टेनको प्रजातिको तात्पर्य राष्ट्रियतासँग, युग समयसँग र क्षण परिवेशसँग सम्बन्धित छ । कृतिको सिर्जनामा *क्षण, जाति, र युग*को संयोजन हुनाले समालोचना पनि सोही बमोजिम गर्नुपर्छ भन्ने मान्यता टेनको छ । सामाजिक घटना र साथको अभिव्यक्ति स्वरूप सृजित साहित्य सामाजिक उत्पादनकै अभिन्न अङ्ग हुने हुनाले साहित्यलाई समाजबाट अलग्याएर हेर्न सकिन्न भन्ने मान्यता टेनको छ । टेनले कृति रचिएका युगको पर्यावरणको आधारमा कृतिको अध्ययन गरी मूल्याङ्कन गर्नुपर्ने धारणा प्रस्तुत गरेका छन् । (शर्मा र लुँइटेल, २०६१: १२८) । टेनद्वारा प्रस्तुत जाति, युग, (पर्यावरण) र क्षणका आधारमा आहुतिका उपन्यासहरूको विश्लेषण गरिएको छ ।

### ४.२.१ **जाति**

विभिन्न जातजातिको  मिश्रणबाट समाज बन्दछ त्यसै समाजभित्रको एक सदस्यका रूपमा कृतिको लेखक पनि पर्दछ । हरेक जातजातिहरूको आ-आफ्नै धर्म, संस्कृति, रीतिरिवाज हुने गर्दछ । कृति लेखकको सामाजिक संचेतनाको अभिव्यक्ति भएकोले केही न केही रूपमा प्रभाव परि नै हाल्छ । टेनले जातिअन्तर्गत व्यक्तिगत रूपमा रहेका सहज एवं वंशानुगत विशेषता, व्यक्तिको मानसिक बनावट तथा शारीरिक संरचनाको चर्चा गरेका छन् । कृति लेखकको सामाजिक अनुभव वा भोगाइको अभिव्यक्ति हो । त्यसैले उपन्यासमा पनि लेखकको जातीय प्रभाव परेको हुन्छ ।

आहुति पर्वते (खस) जातिअन्तर्गत सार्की जातका दलित समुदायको एक सदस्य हुन् । धेरैजसो संस्कृति र रीतिरिवाजहरू ब्राह्मणक्षेत्रीहरूसँग मिल्ने भएकाले उनका उपन्यासमा त्यति धेरै सांस्कृतिक पृथकता नपाइए पनि पात्रहरूको समायोजनमा दलित पात्रको उपस्थिति गराइएको छन् । उनका उपन्यासमा खासगरी पञ्चायती शासनव्यवस्था र दलित तथा गरिब वर्गका मान्छेहरूले भोग्नुपरेको पीडाको यथार्थ चित्रण छ । यो उपन्यासकारको भोगाइको विषय पनि भएकोले उपन्यासमा आउनु स्वभाविकै हो । **नयाँ घर** उपन्यासमा गरिब परिवारमा हुर्केको सूर्यले सर्वहारा वर्गको मुक्तिको लागि अध्ययन छाडेर क्रान्तिमा होमिएको छ । त्यस्तै आहुति पनि

एस्.एल्.सी. पछिको पढाइलाई छोडेर राजनीतिमा प्रवेश गरेका थिए । **नयाँ घर** उपन्यासमा नेवारी संस्कृति र भाषाको प्रयोग हुनुको पछाडि आहुति हुर्केको समाजको प्रभाव परेको हो । आहुति प्रमाणपत्रको डिग्रीलाई खासै महत्त्व दिदैनन् । यसको पुष्टि यसबाट हुन्छ -

*बुर्जुवा डिग्रीवालहरूको हेपाइलाई चुनौती दिन तपाईं पनि डिग्री हासिल गर्न चाहनुहुन्छ । के यहाँभन्दा बढी अरू कुनै निष्कर्ष निस्कन्छ र* (पृ. ३४७) ? लेखक आफू दलित समुदायको भएपनि नयाँघर उपन्यासमा दलित प्रमुख पात्रको चयन नगर्नुमा भने लेखकको सीमा र परम्पराको अनुसरण नै ठान्नुपर्छ । **स्खलन** उपन्यासको प्रमुख पात्र ब्राह्मण जातिको देखिन्छ । यसमा सहायक पात्रको रूपमा उपस्थित राजाराम रस्तेल भने लेखककै जातको रहेको छ । दलितहरूले चक्रपथ निर्माण गर्दा भोग्नुपरेको पीडा कान्छी सर्किनीले **स्खलन**मा भोगेकी छ । उपन्यासमा संलग्न गरिएको विषयवस्तु र आहुतिले भोगेका समाजको यथार्थ उस्तै देखिन्छ । **स्खलन**को नायक खराब प्रवृत्तिको देखिन्छ । यस्ता खराब प्रवृत्तिको मान्छेले नेतृत्व गरेको समाजमा हुर्कनुको उपज नायक छनोटमा देखा परको छ । उनका दुबै उपन्यासहरूमा मध्यम तथा निम्न वर्गीय काठे सँस्कृति, रहनसहनको चित्रण पाउन सकिन्छ । नेपाली समाजमा फस्टाउँदै गरेको प्रेमविवाहको उदाहरण उनका दुबै उपन्यासमा पाउन सकिन्छ ।

### ४.२.२ क्षण

टेनको समाजशास्त्रीय विश्लेषणको अर्को आधार क्षण हो । क्षण भन्नाले युगविशेष अथवा कृतिलेखनको समय भन्ने बुझिन्छ । लेखक उसको युगबाट प्रभाव ग्रहण नगरी साहित्यलेख्न गर्न सक्दैन । साहित्यको सिर्जना जातिगत विशेषतः तथा पर्यावरणगत प्रभावबाट मात्र नभई साहित्यकारको जीवनको महत्त्वपूर्ण क्षणका प्रेरणाबाट पनि हुन्छ (शर्मा र लुइटेल, २०६१: १२९) । समाजमा देखे भोगेका घटना वा विषयवस्तुलाई नै कथात्मक धर्मका अधीनमा रहेर अभिव्यक्त गर्दछ । त्यसले साहित्यको अध्ययन गर्दा स्रष्टाको युग र समकालीन मानवसभ्यता एवं सामाजिक परिदृश्यको अनुसन्धान गर्न र सिर्जनाको युगलाई कदापि विर्सनु हुँदैन ।

आहुतिका दुईओटा प्रकाशित उपन्यासहरूमध्ये दुईओटा नै बहुदलीय व्यवस्थाको स्थापनापछि लेखिएको पाउन सकिन्छ । **नयाँ घर** उपन्यास पञ्चायती शासनको विरुद्ध जनताले छेडेको आन्दोलनको विषय उठाइएको छ । भर्खरै मात्र आन्दोलन सकिएको परिप्रेक्ष्यमा रचित उक्त उपन्यासको विषय समकालीन देखिन आउँछ । पञ्चायत कालमा कसैले प्रजातन्त्रको पक्षमा बोलेका खण्डमा र आन्दोलनको कुरा उठाएको खण्डमा कडा सजाय दिइन्थ्यो । उपन्यासमा यसको भोक्ता सूर्यबहादुर थापा देखिन आउँछ । खिलराज गौतम र मन्त्रीजस्ता व्यक्तिहरूले पञ्चायती व्यवस्थाको प्रतिनिधित्व गरेका छन् । यस्तै एन.जी.ओ.हरूको भरमा परिवार धानेका क्षितिजहरू नेपाली वामपन्थी राजनीतिमा यथेष्ट छन् । आन्दोलन दबाउन सक्रिय पञ्चहरूप्रति कार्वाहीको सम्बन्धमा देखाइएको उदासीनता पनि लेखकले भोगेका क्षणका घटना भएकाले उपन्यासमा आउनु स्वभाविकै देखिन्छ । नेताहरूले नारीहरूप्रति गर्ने व्यवहारको पनि उदाङ्गो चित्रण यसमा गरिएको छ । **स्खलन** उपन्यासको प्रकाशन वि.सं. २०५९ मा भएको हो । यो उपन्यासमा बहुदलीय व्यवस्थाको स्थापनापछि नेपाली वामपन्थी राजनीतिमा देखापरेको स्खलित चरित्रहरूको चित्रण गरिएको छ । यो उपन्यास लेखन ताका नेपालमा कम्युनिस्ट पार्टीहरू सत्ता र कुर्सीका लागि पार्टी फुटाउन र जुटाउनमा तल्लीन थिए । त्यसैले **स्खलन** उपन्यास लेखनको समयसन्दर्भ र विषयवस्तु अनुकूल देखिन्छ । राजाराम रस्तेलजस्ता सच्चा कार्यकर्ता जहिलेपनि पछि पर्ने घटना यथार्थ हो । आहुतिका दुबै उपन्यासमा अन्तर्जातीय प्रेमविवाहको प्रसङ्गलाई उठाइएको छ । नेपालमा प्रजातन्त्रको पुनर्प्राप्तिपछि जनतामा केही मात्रामा प्रेम र विवाहसम्बन्धी नयाँ मान्यता पलाएको देखिन्छ । नेपाली समाजले त्यतिबेला पनि नारीलाई पुरुषको भोग्या सामग्रीमात्र ठान्ने गर्दथ्यो । **स्खलन** उपन्यासको अनिता र अनुराधा त्यसैको प्रतिनिधि पात्र हुन् । यसरी हेर्दा राजनैतिक घटनाक्रमलाई विषय बनाएर लेखिएका उनका उपन्यासमध्ये **नयाँ घर**ले २०३६-२०४८ सम्मको राजनैतिक उतारचढावलाई विषय बनाएको छ भने **स्खलन** उपन्यासले २०४८ भन्दापछि करिब डेढ दशकयता देखिएको वामपन्थी नेताहरूको **स्खलन**लाई विषय बनाएको छ ।

### ४.२. ३ युग

साहित्यकार जुन युगमा बाँचेको हुन्छ त्यस युगको आफ्नै सामाजिक समस्या सांस्कृतिक मान्यता एवं विश्वास हुन्छ । यिनै समस्या मान्यता तथा विश्वासलाई समग्ररूपमा युग वा पर्यावरण भनिन्छ (शर्मा र लुइटेल, २०६१:१२९) । लेखक आफू जन्मेको युगबाट प्रभावित भइरहेको छ । उसले तिनै प्रभावहरूलाई ग्रहण गरी कृतिको लेखनकार्य गर्दछ । अर्थात् लेखकले आफू बाँचेको परिवेशको समकालीन यथार्थको प्रयोग आफ्नो कृतिमा गर्दछ । परिवेश दुई किसिमका हुन्छन् - १) भौतिक र जलवायवीय २) सामाजिक (गौतम, २०५९:४२) । कृतिको भौतिक र जलवायवीय वातावरणलाई बाह्य तथा मुख्य परिवेश भनिन्छ भने सामाजिक वातावरणलाई आन्तरिक वा गौण परिवेश भनिन्छ । उपन्यासमा वर्णित घटनाहरू घट्ने र पात्रहरू खेल्ने पृष्ठभूमि नै परिवेश भएकाले यसको कृतिमा ठूलो महत्त्व हुन्छ ।

आहुति काठमाडौँको काँठे परिवेशमा हुर्किएका लेखक हुन् । उनका दुबै उपन्यासमा मुख्यगरी काठमाडौँलाई नै परिवेशका रूपमा उतारेका छन् । लेखकले दुबै उपन्यासमा प्राकृतिक परिवेश र सामाजिक परिवेशलाई चित्रण गरेका छन् । उपन्यासहरूमा आहुतिले आफूले भोगेको स्थानिक परिवेशको र कालिक परिवेशको चित्रण छ । **नयाँ घर** उपन्यासम मुख्यगरी काठमाडौँ जिल्लालाई कालिक परिवेशको रूपमा चित्रण गरिएको छ । काठमाडौँभित्र पनि नैकाप, रत्नपार्क, वागबजार, मैतीदेवी, नयाँसडक, क्याम्पस आदिलाई विशेष रूपमा प्रयोग गरिएको छ । काठमाडौँभन्दा बाहिरको स्थानिक परिवेशमा चितवन, मकवानपुर, त्रिशुली नदी, सिन्धुपाल्चोक, विराटनगर मुख्य रूपमा आएका छन् । **नयाँ घर** उपन्यासले समेटेको युग भनेको नेपालमा बहुदलीय प्रजातन्त्र प्राप्तिका लागि जनताले गरेको आन्दोलनको युग हो । यसभित्र थुप्रै आन्दोलनमय वातावरणको चित्रण गरिएको छ । तीमध्ये यो एक अंश-
*प्रकाशको बाँया हातमा झण्डा थियो र दायाँ हातले उसले मेरो बाँया हातमा समातेको थियो । ऊ जुलुसको पछिल्लो भागतिर फर्केर पटक्कै हेर्दैनथ्यो डिल्लीबजारको चोक हुँदै त्यो सानो तर उत्साही झिस्मिसेको भालेको डाँक जस्तै त्यो दिनको उथलपुथललाई निम्तो दिने जुलुश मैतिदेवीतिर अघि बढ्यो । मैतिदेवीको चोकमा पुग्दा*

*बानेश्वरतिरबाट आएको एउटा सानो तर छरितो जुलुशले हामीलाई सलामी दियो । हाम्रो जुलुशले त्यो जुलुशलाई अभिवादन गऱ्यो ठीक त्यहीबेला जुलुशलाई एउटा मेलिट्रीको ट्रकले अवरोध खडा गऱ्यो, त्यसपछि त्यसदिनको विहानको समाचारले पैदा गरेको राजदरबार प्रतिको आक्रोश जुलुशले त्यही पोख्यो ट्रक ध्वस्त भयो* (आहुति, २०६२: ३२९) ।

**नयाँ घर** उपन्यासमा सामाजिक, साँस्कृतिक परिवेशलाई भन्दा पनि आन्दोलित परिवेशलाई नै मुख्य रूपमा चित्रण गरिएको छ । **नयाँ घर** उपन्यासमा हुर्कदो निम्नपुँजीवादी चिन्तनप्रति कम्युनिस्टहरूको झुकावको परिवेशलाई समेत उठाइएको छ । **स्खलन** उपन्यासमा मुख्य गरी नेपाली वामपन्थी नेताहरूमा देखिएको टुटफुटको राजनीति र स्वार्थपूर्तिको विषयलाई लिइएको छ । यसमा पनि काठमाडौँलाई नै सेरोफेरो बनाइएको छ । सम्भ्रान्त कथित वामपन्थी नेता ग्रीष्मराज र पी.पी. ओझाको घर, सडक, चोक तथा चक्रपथ यसका मुख्य स्थानिक परिवेश हुन् । आहुतिका दुबै उपन्यासमा राजनीतिक परिवेशलाई समेटिएको पाइन्छ । उपन्यासको कतिपय स्थानमा पात्रहरूको मानसिक परिवेश पनि चित्रण गरिएको पाइन्छ । उपन्यासकार आहुति आफू राजनीतिकर्मी हुनुको छाप उनका उपन्यासहरूले राजनैतिक परिवेश र वातावरणलाई समेटेका छन् । आहुति राजनीतिक कार्यकर्ता भएर जुनजुन ठाउँमा घुमेडुलेका छन् मुख्यगरी तिनै स्थान र वातावरणले उपन्यासमा स्थान पाएका छन् । काठमाडौँको काँठे संस्कृतिको उपन्यासमा चित्रण पाइनु पनि आहुतिको भोगाइको प्रस्तुति हो । उपन्यासमा दलित तथा गरिब वर्गका मानिसहरूको उपस्थिति ज्यादै मात्रामा गरिएको छ । कतिपय गरिबीको वर्णन र चित्रणले परिवेशलाई कारुणिक समेत तुल्याएको छ । समष्टिमा, उपन्यासकारले भोगेको र बाँचेको कालिक, स्थानिक, आर्थिक, सांस्कृतिक, सामाजिक, प्राकृतिक, शैक्षिक, राजनैतिक सबैखाले परिवेशको सबल प्रस्तुति उपन्यासमा पाइन्छ ।

### ४.२.४ कृतिकार, कति र पाठकको समाज

समाजशास्त्रीय पठनमा लेखकको जन्म, अवस्था र आदर्श, कृतिमा चित्रित समाज र कृतिले पाठकमा उमारेको सामाजिक प्रभावहरूको विवेचना आवश्यक हुन्छ (

गौतम, २०५९:४३) । कृतिकारको सामाजिकताले कृतिमा प्रभाव पार्दछ । कृतिमा व्यक्त समाज नै कृतिको विषयवस्तु हो । त्यस विषयवस्तुलाई लेखकले भाषाका माध्यमबाट व्यक्त गर्दछ । कृतिमा प्रयुक्त छन्द, बिम्ब, प्रतीक, संकथन जस्ता कुरा पनि समाजबाटै प्राप्त हुन्छन् त्यसैले कृति समग्र अवस्थाको प्रतिबिम्ब हो । कृतिमा समाजको यथार्थ, व्यङ्ग्यात्मक तथा आदर्शीकृत प्रस्तुति हुन्छ । समाज आँटेको कृतिको पाठक पनि त्यसै समाजमै रहेको हुन्छ । यस्ता पाठकमा कृतिका बारेमा  जुन किसिमको सामाजिक प्रभाव पर्छ त्यो नै कृतिको प्रभावगत सामाजिकता हो । विषयवस्तु र भाषाका माध्यमबाट लेखकको चेतनामा निर्मित सामाजिकता पाठकसामु पुगेपछि त्यस्तो सामाजिकता लेखकको वस्तु नभई पाठकीय सामाजिक वस्तु बन्न पुग्छ । कृति प्रकाशन भएपछि त्यस कृतिले सार्वजनिक अस्तित्व प्राप्त गर्छ र पाठकरूपी समाजले त्यसको ग्रहण गर्छ । यसरी कृतिकार कृति र पाठकको समाज एक आपसमा अन्योन्याश्रित भएर रहेका हुन्छन् । कृतिको समाजशास्त्रीय विश्लेषणका निम्ति लेखकको समाज, कृतिको समाज मात्र अध्ययन नगरी ती दुबै समाजले पाठकको समाजमा पार्ने प्रभावको समेत अध्ययन गर्नुपर्दछ । अर्थात् समाजशास्त्रीय अध्ययनको निम्ति कृतिकार, कृति र पाठकको त्रिपक्षीय समाजको अध्ययन आवश्यक देखिन्छ ।

उपन्यासकार आहुति काठमाडौँको काँठे समाजमा जन्मेर यही समाजमा नै हुर्केका हुन् । उनले काठमाडौँको समाजलाई राम्रोसँग बुझेका छन् । अझ काठमाडौँको पनि ग्रामिण पर्यावरणमा हुर्केकाले उनलाई त्यहाँको समाज तथा पर्यावरणका सम्बन्धमा राम्रो ज्ञान छ । उपन्यासकार आहुति आफू राजनीतिक कार्यकर्ता भएकोले देशभ्रमणका क्रममा नेपालको विभिन्न भू-भागसम्म पुगेका छन् र राजनीतिक कार्यकर्ताले भोग्नुपर्ने यातनामय दिनहरू पनि उनले बिताएका छन् । तसर्थ आहुतिको यो समाजको प्रभाव उनका उपन्यासहरूमा यथेष्ट मात्रामा पाइन्छन् । आहुति आफू दलित र गरिब समुदायमा हुर्किएकोले तीप्रति उनको विशेष सहानुभूति देखिन्छ । उपन्यासकार आहुति एकदमै गरिब परिवारमा हुर्केका कारण **नयाँ घर** उपन्यासको नायक सूर्यबहादुर थापामा पनि त्यो प्रभाव देखिन्छ । नैकापको छ्यासमिसे जातीय बसोबास भएको समाजमा आहुति हुर्केको देखिन्छ । **नयाँ घर** उपन्यासमा वर्णित समाजको संरचनासमेत त्यस्तै देखिन आउँछ । नेपाली समाजमा देखिएका कतिपय

अन्धविश्वासहरूको प्रयोग पनि उपन्यासमा पाइन्छ । जस्तैः आगो नचल ओछयानमा मुतिन्छ (आहुति, २०६२:१५) । आहुति सानैदेखि अध्ययनशील र मेधावी छात्र थिए । उपन्यासमा सूर्यबहादुर जहिल्यै प्रथम हुन्छ र राजनीतिक जीवनमा प्रवेश गरिसकेपछि पनि आफू पनि पढ्न तथा अन्य सहयात्रीहरूलाई पनि पढ्ने प्रेरणा प्रदान गर्दछ । राजनीतिमा प्रवेश गरेपछि आहुतिले औपचारिक अध्ययन बन्द गरेका छन् भने **नयाँ घर**को नायकले पनि डिग्री हासिल गर्नु बर्जुवाहरूको काम हो भन्दै त्यसको विपक्षमा देखिएको छ । उपन्यासमा सूर्य र अन्य साथीहरूले पञ्चायतको हिमायती खिलराज गौतम र रामप्रसाद जस्ता सामन्तविरुद्ध कार्वाहीको कदम चालेका छन् ।

मानवताका पक्षमा पनि उपन्यासका पात्रहरू उभिएका छन् । **नयाँ घर** को नायक क्याम्पसको सुकुम्वासी वस्तीकी बुढीको असफल उद्धार गर्छ भने चितवनको सुकुम्वासी बस्तीमा सरकारविरुद्ध लडाइँ गर्नसमेत पुगेको छ । छ्यासमिसे समाजका कारण उपन्यासका पात्रहरू पनि त्यस्तै देखिन्छन् । बसस्टपमा सामान्य श्रमिकहरू देखि उच्च ओहदाका सरकारी कर्मचारीसम्मको भिड लाग्ने गर्दछ । परम्परादेखि नेवारजातिले व्यापारिक पेसालाई अँगाल्दै आएको परम्परालाई **नयाँ घर**ले पनि स्थान दिएको छ । यहाँ विन्तीदेवी श्रेष्ठको बाबु त्यसैको प्रतिनिधि पात्र हो । उपन्यासकारले समाजमा भएका घटनाहरूको यथार्थ प्रतिबिम्बन गर्ने क्रममा उपन्यासमा दलित समुदायले अपनाएको पेसा र त्यसबाट प्राप्त रूपैँयापैसाबाट जाँडरक्सी खाने प्रवृत्तिको पनि चित्रण गरेका छन् । उपन्यासकार आहुति विद्यार्थी हुँदा नै नेपालमा जनमतसङ्ग्रह भएको थियो । ती विषय र प्रसङ्गहरूलाई नै लिएर उपन्यासलाई राजनीतिक विषयमूलक उपन्यास बनाएका छन् । लेखकले आफूले गरेको र भोगेको २०४६ सालको जनआन्दोलनको क्रममा भेटिएका सूर्यका सहयोद्धा प्रकाश, किरण, सन्देश, क्षितिज, लालसिंह, सिलसिला, शान्ति सबै नेपालीहरूको प्रतिनिधि आन्दोलनकारी पात्रहरू हुन् । जनआन्दोलनमा प्रकाशजस्ता थुप्रै नेपाली वीरहरू सहिद हुनुपरेको यथार्थ हामीमाझ छ । नेपाली राजनीतिमा क्षितिज, लुमडीप्रसाद र सुन्दर थपलिया प्रवृत्तिका मान्छेहरू प्रशस्त छन् जो नारीलाई सामान्य भोग्या वस्तु र घरेलु कामदारका रूपमा ठान्दछन् तथा एन.जी.ओ. चलाएर साम्राज्यवादको नोकरसमेत बन्ने गर्दछन् । नेपाली समाजमा नारीहरूको बढ्दै गएको चेतनाको स्वरूप सिलसिला महर्जनको स्वअस्तित्त्व

र आत्मपहिचानको निम्ति गरेको विद्रोहले पुष्टि गर्छ । आन्दोलन दबाउन सक्रिय पञ्चहरूलाई कारबाहीको सिफारिस गरेपनि लागू नहुने 'मल्लिक आयोग'को बेवास्ता गर्नु हो । यो तथ्य प्रस्तुत उपन्यासमा पनि पाउन सकिन्छ ।

आहुतिको अर्को उपन्यास **स्खलन** ले पनि नेपाली समाज र नेपाली वामराजनीतिक कार्यकर्ताको चरित्रलाई उदाङ्गो पारेको छ । आहुतिले नेपाली समाजमा वामपन्थी नेताहरूले कुर्सीमोह र सत्ताप्राप्तिका लागि पार्टी फुटाएको घटना महसुस गरेको विषय हो । यसै विषयको यथार्थ चित्रण **स्खलन**मा गरिएको छ । **स्खलन**को नायक खराब प्रवृत्तिको देखिन्छ । ऊ स्वार्थपूर्तिका लागि जुनसुकै मूल्य चुकाउनसमेत पछि पर्दैन । राजाराम रम्तेल र कान्छी सर्किनीजस्ता पात्रहरू नेपाली समाजका जीवन्त पात्रहरू हुन् । यिनीहरू इतिहासको प्रारम्भिक कालखण्डदेखि नै हेपिदै र पेलिदै आएका छन् । चक्रपथका ठेकदारहरू कान्छी सर्किनीका अस्मिता लुटेर तिनीहरूको जीवन बर्बाद पार्न खोजिरहन्छन् । नेपालका गरिब तथा किसान वर्गका छोराछोरीले कहिल्यै सुखभोग गर्न नपाउनुको चित्रण पनि उपन्यासमा गरिएको छ । नेपाली कम्युनिस्ट राजनीतिका सच्चा प्रतिनिधि नेताहरू ग्रीष्मराज र पी.पी. ओझा हदसम्म गिरेर स्वार्थपूर्ति गर्छन् र सिङ्गो पार्टीको अस्मितामाथि नै आँच पुऱ्याउँछन् । आन्तरिक रूपमा विद्रोह गर्नुपर्छ भन्ने भावना भएपनि पुरुषवादी समाजले महिलालाई राजनीतिमा उतिसारो स्थान दिदैन । दमनको सीमा नाघेपछि अनुराधाजस्ता पात्रहरूको जन्म हुन्छ र विद्रोहको प्रारम्भसमेत हुनपुग्दछ । उपन्यासमा आएका हरिहर र महेश प्रसाईंहरू पनि नेपाली समाजकै स्वतन्त्र बुद्धिजीवी प्रतिनिधि पात्र हुन् जसलाई पुँजीवादी चिन्तन तथा सामन्तवादी विचार भएकाहरूले प्रयोग गर्ने प्रयास गरिरहेका हुन्छन् । यी माथि उल्लेख गरिएको विषय र प्रसङ्गहरू उपन्यासकार आहुतिले समाजमा भोगेका घटनाहरू हुन् । नेपाली समाजमा अहिले पनि यी र यस्ता घटनाहरू सर्वत्र देख्न सकिन्छ । त्यसैले नेपालीहरूका लागि आहुतिका उपन्यासमा वर्णित घटनाहरू आफ्नै सेरोफेरोको घटना जस्तो लाग्छ भने अरू परिवेशका पाठकहरूका निम्ति यी घटनाले बिम्बको रूपमा प्रभाव जमाउँछन् । आहुतिका उपन्यासले विशेषगरी वामपन्थी चिन्तक र राजनीतिकर्मीलाई बढी प्रभावित पार्छन् । नेपाली समाजका यथार्थ घटनाहरूलाई उपन्यासमा समेटिएकाले अन्य वर्गका पाठकहरू पनि यी उपन्यास पढ्न

उत्तिकै आकर्षित हुने देखिन्छ । आहुतिका उपन्यासले सचेत र सबल समाज निर्माणका लागि चेतना फैलाएकोले आजका पाठकका निम्ति उपयोगी छ । नेपाली समाजमा सर्वहारा वर्गको मुक्ति गर्ने नारा लिएर थुप्रै पार्टी खोल्ने र बन्दगर्नेहरूलाई त अझ आहुतिका उपन्यासहरू कोसेढुङ्गा नै साबित हुनपुग्छन् । यसरी आहुतिका उपन्यासहरूले सुधारवादी स्वर उराल्दै अग्रगमनतर्फ बढिरहेकाले भूत, वर्तमान र भविष्यसम्म पनि कालजयी रूपमा रहने कुराको पुष्टि हुन्छ ।

## ४.३ आहुतिका उपन्यासहरूको मार्क्सवादी विश्लेषण

### ४.३.१ मार्क्सवादको सङ्क्षिप्त चिनारी

समाजपरक समालोचनाको अर्को सशक्त धारा मार्क्सवादी धारा हो । मार्क्सवाद भन्नाले त्यो सिद्धान्तको बोध हुन्छ जसमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सका दार्शनिक, सामाजिक, राजनीतिक तथा आर्थिक विचारहरू आउँछन् (गौतम,२०५९:१७) । मार्क्सले साहित्यकै लागि भनेर कुनैपनि सिद्धान्त पेस गरेका छैनन् । समाजपरक समालोचनाको मार्क्सवादी प्रकारलाई  प्रगतिवाद भनिन्छ । यसले मूल प्रेरणा मार्क्सवादबाट प्राप्त गरेको छ भने यसको आत्मा साम्यवादमा रहेको छ (शर्मा र लुँइटेल, २०६१:१५६) । प्रगतिवादको आधारस्तम्भ मार्क्सको द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवाद हो । प्रकृति र सामाजिक जीवनको व्याख्या विश्लेषणमा मार्क्सवादले द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादलाई आधार बनाएको छ । यसकारण मार्क्सवादी दर्शन भौतिकवादी दर्शन हो । यसै दर्शनबाट प्रगतिवाद प्रभावित र अनुप्राणित रहेको छ । (भण्डारी, २०५५:१) । ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादका द्रष्टा मार्क्स स्वयम् र उनका मित्र एङ्गेल्सले आफ्नो सिद्धान्त खास प्रयोग साहित्यमा नगरे तापनि युगका सामान्य साँस्कृतिक पर्यावरणबाट साहित्य प्रभावित हुने र साहित्यमा वर्गद्वन्द्वको स्थूलभन्दा सूक्ष्म तथा अन्तर्निहित अभिव्यक्ति हुनेतर्फ इङ्गित गरेका छन् । उनीहरूका साहित्यसम्बन्धी चिन्तनको मूल प्रस्तुति ‘साहित्य र कला’ पुस्तकमा पाइए पनि तिनका अन्य कृतिमा पनि यस बारेको चिन्तन पाउन सकिन्छ । मार्क्सले समाज विकासको ऐतिहासिक चरणका सम्बन्धमा चिन्तन प्रस्तुत गरेका छन् । मार्क्सवादमा समाजको मौलिक एकाइ

वर्ग मानिएको छ र त्यसलाई सञ्चालन गर्ने तत्त्व धन, आर्थिक साधन वा संस्कृतिमा उत्पादनको अवस्था मानिएको छ (गौतम, २०५९: २०) । मार्क्सले सत्ताको आधार र अधिरचनाको बारेमा पनि व्याख्या गरेका छन् । कला, विज्ञान, धर्म, दर्शन, राजनीति, आदि सम्पूर्णको योगबाट आधार तयार हुन्छ । आर्थिक धरातलका आधारमा सत्ताको अधिरचना हुन्छ ।

मार्क्सवादका यिनै मूलभूत अवधारणामा आधारित भई समाजपरक समालोचनाको मार्क्सवादी धाराको विकास भएको छ । साहित्यमा प्रगतिवादको प्रारम्भ मार्क्सवादको प्रभाव र प्रेरणामा रही जर्मनीमा सन् १८९२ मा हप्टम्यानले लखेको 'जुलाहा' शीर्षकको नाटकबाट भएको हो (जोशी, २०५७: ६०) । यसपछि विकसित हुने क्रममा लेनिन, स्टालिन, गोर्की, जर्ज लुकाज, ब्रेख्त आदिको योगदान अविस्मरणीय रहेको छ । रुसी चिन्तक लेनिनले साहित्यमा वर्गप्रतिबद्धता र वर्गपक्षधरताको गुण हुनुपर्ने, साहित्यले यथार्थताको चित्रण गर्नुपर्ने, सर्वहारा वर्गको क्रान्तिकारी दृष्टिकोण र त्यसको सक्रियतामा साहित्यले जोड दिनुपर्ने धारणाका साथ मार्क्सवादी चिन्तनलाई अगाडि बढाएका छन् । सन् १९३५ मा पेरिसमा 'प्रगतिशील लेखक सङ्घ' को स्थापना भएपछि र सन् १९६२ मा बेलायतमा'नयाँ हस्ताक्षर' अभियानका रूपमा अडेन, स्पेन्डरप्रभृत्तिद्वारा प्रगतिवादी कविताको सुरु भएपछि प्रगतिवादले अन्तर्राष्ट्रिय स्वरूप प्राप्त गर्न थाल्यो (जोशी, २०५६: ६२) । यसरी फैलदै जाने क्रममा बेलायतमा क्रिस्टोफर कड्वेल राल्फ फक्स आदिको योगदान महत्वपुर्ण छ । यसको विकासमा निकै महत्त्वपूर्ण स्थान हङ्गेरीका जर्जलुकाचको देखिन्छ । यिनलाई यथार्थवादी दृष्टिकोण अंगालेर मार्क्सवादको सर्वाधिक प्रामाणिक व्याख्या गर्ने शीर्षस्थ व्यक्तित्व मानिन्छ । यिनले भौतिक संसारलाई गतिशील हुने मान्दै यथार्थवादी दृष्टिकोणलाई द्वन्द्वात्मक सम्बन्धमा आधारित मान्दै उत्तम कलासाहित्य यथार्थको विशिष्ट र सार्वभौमिक तथा दृष्टिगोचर र भावगोचर दुबैको सम्बन्धबाट सिर्जित हुन्छ भनेका छन् (शर्मा र लुइटेल, २०६१: १५४) । उत्तरवर्ती कालमा आएर फ्रयाङ्कफुर्ट स्कुलको योगदान पनि मार्क्सवादको विकासमा महत्त्वपूर्ण नै देखिन आउँछ ।

मार्क्सवादी मान्यतामा साहित्य र कलालाई पनि राजनीति, धर्म, दर्शन आदि सरह नै लिइन्छ । आर्थिक र भौतिक जीवनबाट कला र साहित्यको उत्पन्न हुन्छ तथा

यिनमा परिवर्तन हुनसाथ कला र साहित्यमा न्यूनाधिक प्रभाव अवश्य पनि पार्दछ । मार्क्सवादका प्रमुख बुँदाहरू द्वन्द्वात्मक वर्गसङ्घर्ष,  अर्थ वा नियामकता, जग र प्रासाद, चैतन्यको प्राथमिकताको निषेध र इतिहास तथा समाजको भौतिकवादी व्याख्या, श्रम र सङ्घर्षको समर्थन आदि हुन् (गौतम, २०५९:४४) । खासगरी मार्क्सवादी साहित्यमा आर्थिक शोषण र यसविरुद्धको वर्गीय चेतना सामन्त तथा जमिन्दार वर्गद्वारा निम्न वर्गीय किसानमाथि हुने शोषण र यसविरुद्ध चेतना, नोकरशाहीतन्त्रद्वारा बौद्धिक समुदायमाथि शोषण र यसविरुद्ध चेतना महिलामाथि हुने शोषणविरुद्धको चेतना, सामन्तवाद तथा विस्तारवाद विरोधी राजनीतिक चेतना जस्ता बिषयहरूलाई उठाइएको हुन्छ (बराल, २०४८:  ) यिनै विषयहरूलाई आधार मानी आहुतिका उपन्यासहरूको मार्क्सवादी (प्रगतिवादी) दृष्टिबाट अध्ययन गरिएको छ ।

### ४.३.२ **शोषकशोषित**

समाजमा जमिन्दार तथा पुँजीपति वर्गका मान्छेहरूले किसान तथा सोझा गरिबहरूमाथि शोषण गरिरहेका हुन्छन् । समाजमा शोषक र शोषितका बीचमा द्वन्द्व चलिरहन्छ । आर्थिक र भौतिक दुबै रूपमा समाजका पुँजीपति वर्गका मान्छेहरूले गरिब तथा दलित समुदायमाथि कब्जा जमाउन सफल हुन्छन् र त्यहाँबाट शोषणको समेत प्रारम्भ गर्दछन् । मनोविश्लेषणमा चेतन र अचेतन बीचजस्तै मार्क्सवादमा शोषक र शोषितबीच द्वन्द्व चलिरहन्छ भन्ने सिद्धान्त मान्य छ  (गौतम, २०५९: ४४) । समाजविकासको आदिकालदेखि नै शोषक र शोषितका बीचमा द्वन्द्व हुदै आइरहेको पाउन सकिन्छ । आहुतिले जतिबेला **नयाँ घर** उपन्यास लेखेका थिए त्यतिबेला पनि नेपालमा शोषक र शोषित दुई वर्ग रहेका थिए र तिनीहरू बीचमा द्वन्द्व चलि नै रहेको थियो । सुविधा भोगी वर्गमा शासक जो शोषक हो भने सुविधाभोगी वर्गलाई जग्गा कमाएर उपलब्ध गराउने किसानहरू शोषित वर्गअन्तर्गत पर्दछन् । पञ्चायती व्यवस्थाको क्रुर निरङ्कुश कालमा नेपाली जनतामाथि शासकहरूले एकदमै शोषण गरिरहेको परिपेक्षमा यसको विरुद्धमा आर्थिक, राजनीतिक, क्रान्तिको चेतना नेपाली जनतामा पलाउँदै आएको देखिन्छ । यही पृष्ठभूमिलाई समातेर आहुतिले **नयाँ घर** उपन्यासको लेखन गरेको देखिन्छ । **नयाँ घर** उपन्यासमा सूर्यबहादुर, हजुरबा,

सिलसिला आदि पात्रहरू शोषित वर्गका पात्रहरू हुन् । यस्तै तत्कालीन शासनको पक्षधरहरू, मन्त्री, गाउँका प्रधानपञ्चहरू शोषक वर्गका पात्रहरू हुन् । शोषक वर्गका मान्छेहरू सामान्य किसान र मजदुरका छोराछोरीले पढेको पनि देखिसहन्नन् । रोगग्रस्त बृद्ध सूर्यको हजुरबा दालभातको समस्याले प्रधानपञ्च खिलराज गौतमको घर बनाउँने ढुङ्गा फोड्न जाँदा खिलराजले बृद्ध हजुरबाको आर्थिक र श्रमशोषण गरेको छ । कामअनुसारको ज्यालासमेत दिन हिच्किचाउने खिलराज ढुङ्गा फोड्दा फोड्दै मरेको लाशलाई एकधरो कात्रो किनिदिन त कता हो कता उल्टै अपशकुन भयो भन्दछ । यो शोषण वर्गका मान्छेहरूमा देखिने अमानवताको चरम रूप हो । आहुति आफू गरिब र दलित हुनुको प्रभाव उपन्यासमा परेको देखिन्छ । पञ्चायती व्यवस्थाप्रति जनता सचेत भएर देखिएका छन् त्यसेले उनीहरू लालसिंह, किरण, सूर्य, सिलसिला, शान्ति भएर सिङ्गो शोषक वर्गप्रति आन्दोलन छेडिरहेका छन् । उपन्यासमा रामकृष्ण महर्जन र क्षितिजजस्ता व्यक्तिहरू नारीशोषणको पक्षमा देखिन्छन् । सिलसिलाले यी दुबैप्रति देखाएको विद्रोह शोषित वर्गमा पलाएको चेतना हो । शोषित वर्गका मान्छेहरूले चलाएको आन्दोलन अन्तमा सफल हुन्छ र शोषक वर्गलाई घुँडा टेक्न बाध्य तुल्याइन्छ, यो शोषितहरूको विजय हो ।

**स्खलन** उपन्यास पनि शोषकशोषित सम्बन्ध देखापर्छ । आहुतिले यो उपन्यास लेख्दा नेपालमा प्रजातन्त्रको बहाली भइसकेको थियो । प्रजातान्त्रिक कालमा समेत कथित वामपन्थी भनाउँदा नेताहरू शोषककै रूपमा देखा परेका छन् । कुनैबेला राजनीति आरम्भ गर्दा आश्रय लिएको कान्छी सर्किनी र उसको घरको हालत यथास्थितिमा देखिन्छ भने आश्रय लिने ग्रीष्मराज भव्य महल र पजेरोको मालिक हुनाका साथै तिनै कान्छी सर्किनीलाई घरमा भाँडा र लुगा धुन लगाउने सामन्तका रूपमा देखा पर्छ । यसैगरी चक्रपथ निर्माणका क्रममा कान्छी सर्किनीहरूलाई भुँडी बोकाउने ठेकेदारहरू पनि शोषक वर्गको प्रतिनिधि हुन् । पुरुषवादी समाजले अनिता र अनुराधाजस्ता नारीहरूको स्वतन्त्रताको शोषण गरेर विक्षिप्त अवस्थामा पुऱ्याइदिएको छ । उपन्यासकार आहुतिले यी घटनाहरूलाई समाजबाट टिपेर उपन्यासमा यथार्थ चित्रण गरेका छन् । अबको जनता शोषित भएर रहन सक्दैनन् भन्ने पुष्टि गर्न तिनै जनताले गरेको आन्दोलन सफल भएको छ भने यता अनुराधाहरू पनि आफ्नो

शोषणका विरुद्धमा आवाज उठाउन थालेका छन् । प्रगतिवादी उपन्यासकारहरू यथार्थको विश्लेषण गरी शोषितप्रति सहानुभूतिसमेत राख्दछन् । अन्त्यमा शोषितकै विजय देखाइएको आहुतिका उपन्यास मार्क्सवादी मान्यताअनुरूप देखिन्छ ।

### ४.३.३ थिचोमिचोको विरोध

आहुतिले उपन्यासलेखन गरेको बेला नेपालमा थिचोमिचोको एकदमै बाहुल्यता थियो । सरकार स्वयं र सरकारका भरौटेहरूबाट निमुखा जनताहरू जातको नाममा, धनीगरिबको नाममा, महिलापुरुषको नाममा थिचोमिचोमा परिरहेका थिए । पसिनाको भरमा बाँच्नुपर्ने किसानहरू दैव र भाग्यको खेलको आधारमा सधैँ सामन्तहरूको नोकरका लागि सन्तान जन्माइरहेका थिए भने शासकवर्गकाहरू आफूलाई साक्षात् विष्णुका अवतारको रूपमा ठानी जत्रोसुकै थिचोमिचो गर्न पनि पछि नपर्ने यथार्थ आहुतिले भागेको यथार्थ हो र यही यथार्थको चित्रण उनका उपन्यासहरूमा पाइन्छ । **नयाँ घर** उपन्यासमा सामन्तवर्गले किसान र मजदुरमाथि गरिएको थिचोमिचोको यथार्थ प्रस्तुति गरेको छ । पञ्चायत कालमा नेपाली जनताको न्यूनतम मानवीय मूल्य र स्वतन्त्रताको हनन भएको थियो । सङ्घसङ्गठन खोल्नेदेखि स्वतन्त्ररूपमा बोल्ने र लेख्ने अधिकारसमेत नेपाली जनताले प्राप्त गर्न नसकेको स्थिति पञ्चायतकालमा देखिन्छ । आफ्नो वंशमा पार्नका लागि शासकहरूले यति धेरै थिचोमिचो गरे कि धेरै नेपालीको बाँच्ने अधिकारसमेत खोसियो । यी र यस्ता यथार्थको चित्रण नया घर उपन्यासमा छ । गाउँको प्रधानपञ्चको अन्यायको विरुद्धमा सचेत युवावर्गले गरेको पर्चा छर्ने काम थिचोमिचो विरुद्धको कदम हो । उपन्यासमा सूर्य र उसका सहयोद्धाहरूले खिलराज गौतमविरुद्ध रातभर पर्चा छरेका छन् । यसबाट सामन्त खिलराज निकै हदसम्म डराएको पाइए तापनि बदलामा सानो भाइ र सूर्यलाई प्रहरीको सहयोगमा पाशर्विक ढङ्गले यातना दिन्छ । शासक र सामन्तहरू आफ्नो सत्ता र प्रभुत्व कायम गर्ने जुनसुकै मूल्य चुकाउन पनि पछि पर्दैनन् । यसैको ज्वलन्त उदाहरण खिलराज गौतम सानुभाइको बाबुलाई छोरा आफ्नो विरुद्धमा लागेका जग्गा कमाउनसमेत नदिने धम्की दिन पुग्दछ । एउटा सामान्य गरिब कामी परिवारको हरिमान बुढाले रामप्रसादजस्तो शोषकका अगाडि केही गरी खाएको देखेपछि

पाषाणहृदयी रामप्रसाद हरिमान र बुहारी चमेलीका बीचमा यौनसम्पर्क भएको भ्रामक खवर फैलाएर हरिमानको सबै सम्पत्ति कब्जा गर्न सफल हुन्छ । उपन्यासमा वर्णित यो घटना दमन र थिचोमिचोको पराकाष्ठ हो । यसरी दिनप्रतिदिन बढ्दै गएको थिचोमिचोका विरुद्धमा जनतामाभ्र चेतना पलाएको छ । यही चेतनाका कारण लालसिंह र सूर्यजस्ता सचेत युवाहरू रामप्रसादलाई कार्वाही गर्न सफल हुन्छन् । थिचोमिचोको परम्परा बहुदलीय प्रजातन्त्रको प्राप्तिपछि पनि नेपालमा देखिएको छ । गाँस, बास र कपाससमेत राम्ररी पुऱ्याउन नसक्ने सुकुम्वासी जनतालाई पनि शासकहरूले थिचोमिचो गरेका छन् । न्यूनतम् मानवीय मुल्यको समेत ख्याल नगरी चितवनको एउटा सुकुम्वासी बस्तीमा सरकार पक्षधरले गरेको आगजनी यसको उदाहरण हो । क्षितिज रामकृष्ण महर्जनहरूले नारीप्रति थिचोमिचो गरेका छन् । यसरी **नयाँ घर** उपन्यासमा थिचोमिचो र यसविरुद्धको स्वर प्रशस्त पाउन सकिन्छ ।

**स्खलन** उपन्यासमा आहुतिले नेपालमा प्रजातन्त्रको पुनर्प्राप्तिपश्चात् वामपन्थी दलहरूमा आएको फुटको राजनीतिक विषयलाई पठाएका छन् । यसमा पनि ग्रीष्मराज र पी.पी. ओभ्रा प्रवृत्तिका मान्छेहरू दमन र थिचोमिचोमा सक्रिय देखिन्छन् । ग्रीष्मराजले आफूले राजनीति यात्रा प्रारम्भ गरेको घर र मान्छेप्रति थिचोमिचोको प्रयास गरेको छ । यस्तै आफ्नै सक्रिय कार्यकर्ता रजाराम रम्तेललाई पनि दमन गर्ने प्रयास गरेकै छ । घरमा श्रीमतीलाई सामान्य गृहिणी र भोग्यावस्तुका रूपमा ठानी राजनीतिमा स्थान दिदैन । यो सिङ्गो नारीजातिप्रतिको शोषण र दमन हो । **स्खलन** उपन्यासका पात्रहरू थिचोमिचोको त्यतिसारो खुलेर विरोध गर्न सक्दैनन् । अनिताको मौनता र अनुराधाको विक्षिप्तता उनीहरूको लोग्नेहरूको थिचोमिचोप्रतिको सङ्घर्ष हो । समसामयिक परिस्थिति र घटनाहरूलाई यथार्थ रूपमा उठाइएको आहुतिको उपन्यासका पात्रहरू थिचोमिचोको खुलेर विरोध गर्न सक्षम छन् ।

### ४.३.४ **द्वन्द्वात्मकता**

द्वन्द्वात्मकता मार्क्सवादी सिद्धान्तको मूल मान्यता हो । मार्क्सले द्वन्द्वलाई आधार मानेर द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादजस्ता सिद्धान्तको प्रतिपादन गरेका छन् । द्वन्द्वात्मक भौतिकवादका अनुसार जुन अवस्था स्थिर छ र यसको अध्ययन

हामी गर्दछौँ त्यसलाई 'वाद' भनिन्छ । जुनबेला त्यस अवस्थाको विरोधी उपकरण प्रकट भएर 'वाद'को विरोध गर्न थाल्दछ, त्यस अवस्थालाई 'प्रतिवाद' भन्ने नाम दिइन्छ । जब यी दुईको अवस्थाबाट एक तेस्रो अवस्थाको जन्म हुन्छ, त्यसलाई संवाद भनिन्छ (जोशी, २०५७: ५९) । मार्क्सले संसारमा केही कुरालाई पनि स्थायी मान्दैनन् । परिवर्तनमात्र सदैव स्थायी रहन्छ भन्ने उनको मान्यता रहेको छ । द्वन्द्वात्मक भौतिकवादले समाजको ऐतिहासिक विकासको तथा व्यक्ति व्यक्ति र व्यक्ति समाजका पारस्परिक सम्बन्धहरूको अध्ययन पनि उपर्युक्त द्वन्द्वसिद्धान्तकै आधारमा गर्दछ । यस प्रकारको अध्ययन गर्ने द्वन्द्वात्मक भौतिकवादको सामाजिक स्वरूपलाई ऐतिहासिक भौतिकवाद भनिन्छ (जोशी, २०५७: ५९) । आहुतिका उपन्यासमा आएको द्वन्द्वात्मकपद्धतिले समकालीन वास्तविकतालाई इङ्गित गर्दछ । आहुतिका उपन्यासमा दुई वर्गका बीचमा द्वन्द्व देखिन आउँछ शासक (सामन्त) वर्ग र शोषित वर्ग । **नयाँ घर** उपन्यासमा आएका घटनाहरू तत्कालीन समयसन्दर्भमा भएका घटनाहरू छन् । मार्क्सको परिवर्तनमात्र स्थिर रहने कुराको पुष्टि यस उपन्यासमा पनि हुन्छ । राजा महेन्द्रले वि.सं. २०१७ मा 'कु ' गरेर शासन हत्याए पछि जनता मौलिक अधिकारबाट समेत बञ्चित रहे । यो परिस्थिति सदैव रहन सकेन । फलस्वरूप नेपाली जनतामा परिवर्तनको चाहना आयो र 'जनमत सङ्ग्रह' '२०४६ को आन्दोलन' जस्ता परिवर्तनहरू भए । यस्तै परिवेश र समस्या भोगेका **नयाँ घर** उपन्यासका पात्रहरू परिवर्तनको चाहना राख्छन् र सङ्गठित भएर आन्दोलन गर्छन् । उनीहरूले बहुदलीय प्रजातन्त्रको प्राप्तिसमेत गर्दछन् । फेरि परिवर्तन त भइ नै रहन्छ । यसको फलस्वरूप सूर्य, सिलसिलाहरू आन्दोलित छन् । यो क्रम निरन्तर चलिरहन्छ , यो सत्य पनि हो । **स्खलन** उपन्यासका पात्रहरू भने प्रजातन्त्रको निम्तिभन्दा पनि सच्चा नेतृत्वका लागि द्वन्द्वरतस्थितिमा नै देखिन्छन् । **नयाँ घर** उपन्यासको सूर्य, किरण सिलसिला लालसिंह आदिले थालेको आन्दोलनले सुरुमा परिमाणात्मक उपलब्धि हातपारे पनि २०४६ को आन्दोलन गुणात्मक उपलब्धि हो । यो पनि मार्क्सको द्वन्द्वात्मकताकै परिमाणात्मक र गुणात्मक सिद्धान्त हो । अर्धसामन्ती युगमा बाँचेको सूर्यबहादुरहरूले जुन आन्दोलन गरेर शासकहरूलाई धक्का पुऱ्याई जनताको हातमा शासन ल्याएर अर्धसामन्ती युगबाट मुक्ति प्राप्त गरे यसमा पनि द्वन्द्वात्मकताकै सिद्धान्त देख्न सकिन्छ । यी

परिवर्तनको लागि जुन आन्दोलन **नयाँ घर** का पात्रहरूले गरे यो त सहायक कारण मात्र हो, मुख्य कारण त समाजभित्रका विविधखाले अन्याय शोषणहरू हुन् । अर्थात् समाजमा आउने परिवर्तन र त्यसैको आन्तरिक गुणमा आधारित हुन्छ । द्वन्द्व बाह्य कारण त निमित्त मात्र हो  समाज विकासका चरणले हेर्ने हो भने **नयाँ घर** उपन्यासका पात्रहरू सुरुमा सामन्ती युगमा बाँचिरहेका छन् । उनीहरू यो युगबाट मुक्ति चाहन्छन् र आन्दोलनपश्चात् पुँजीवादी युगमा प्रवेश गर्दछन् । उपन्यासमा क्षितिज, सुन्दर थपलिया जस्ता पात्रहरूले एन.जी.ओ. आइ.एन.जी.ओ.को आधारमा घरव्यवहार चलाउनु, **स्खलन** उपन्यासको पात्रहरू पनि एन.जी.ओ.प्रति मोहित हुनुजस्ता घटनाले मान्छेमा पुँजीवादी चिन्तनको विकास भएको देखिन्छ । यता पुँजीवादबाट पनि असन्तुष्ट सूर्य, सिलसिलाजस्ता पात्रहरू समाजवादीको युगका निमित्त आन्दोलित छन् । उनीहरू एन.जी.ओप्रति विरोध गर्दछन् । यता **स्खलन** उपन्यासको पात्र अनिता पनि एन.जी.ओ.को व्यवहारप्रति असन्तुष्ट भई घृणा व्यक्त गर्छे । यसले के कुराको पुष्टि गर्छ भने समाज नित्य परिवर्तनशील छ । यसका लागि समाजमा हुने आन्तरिक भड्कावहरू नै काफी छन्, आन्दोलन त मात्र निमित्त हो ।

### ४.३.५ वर्गसङ्घर्ष

मार्क्सले समाजको वर्गविहीन अवस्थाको कल्पना गरेका छन् । समाजविकासको साम्यवादी चरणमा पुगेपछि समाजमा कुनै पनि किसिमको वर्ग नरहने र समाज शोषणरहित हुने आदर्श कल्पना गरेका छन् । आहुतिले उपन्यास लेख्दाको समय र आम नेपालीले भोगरिहेको समाज साम्यवादी चरणमा पुगिसकेको छैन त्यसैले यहाँ वर्गको कुरा आउँदछ र ती वर्गहरूमा सङ्घर्ष पनि चलि नै रहन्छ । नेपालमा पनि दुईओटा वर्गहरूका बीचमा सङ्घर्ष चलिरहेको देखिन्छ । आहुतिका उपन्यासहरूमा पनि यो वर्गसङ्घर्षले निरन्तरता पाएको छ । उनको **नयाँ घर** उपन्यासमा सामन्त र किसान दुई वर्ग देखापर्दछन् भने **स्खलन** उपन्यासमा पनि यो प्रवृत्ति देखा पर्छ । वर्ग सङ्घर्षले सर्वहारा वर्गको आधनायकत्वतर्फ लैजान्छ (शर्मा र लुइँटेल २०६१: १४५) । **नयाँ घर** उपन्यासले पञ्चायती व्यवस्थाको क्रुरताको चित्रण गरेको छ । यसमा शासक र उसका भरौटेहरू सामन्त वर्गको प्रतिनिधित्व गर्दछन् भने सूर्य, सिलसिला, हजुरबा,

लालसिंह, हरिमानजस्ता पात्रहरू किसान र मजदुर वर्गको प्रतिनिधित्व गर्दछन् । उपन्यासको आरम्भ खण्डदेखि नै यी दुई वर्गका बीचमा सङ्घर्ष देखाइएको छ । देशभ्रमणका क्रममा सूर्य चितवन पुगेको बेला त्यहाँ हरिमान बुढाप्रति रामप्रसादजस्ता सामन्तले गरेको शोषणका विरुद्धमा त्यहाँका हुँदा खाने किसान र मजदुरवर्गले सङ्घर्ष गरेका छन् र सफल पनि भएका छन् । यता आफ्नै गाउँको प्रधानपञ्चको कुकृत्यका विरोधमा सूर्यलगायतका साथीहरूले पनि सङ्घर्ष प्रारम्भ गरेका छन् । सुरुमा सकरात्मक उपलब्धि हात नलागे तापनि सर्वहारा वर्गको नै जित भएको छ । **नयाँ घर** उपन्यासमा वर्गसङ्घर्षको चरम रूप अन्त्यमा पञ्चायती शासन व्यवस्थाको विरुद्धमा जनताले चलाएको आन्दोलनमा देख्न सकिन्छ । शासक वर्ग आफ्नो अभीष्ट पूरा गर्न जस्तोसुकै कदम चाल्न पनि पछि पर्दैन । यसको फलस्वरूप २०४६ सालको आन्दोलनमा धेरै मान्छेहरू सहिद भए र उपन्यासमा पनि प्रकाशजस्ता सर्वहारा वर्गका मान्छेले ज्यान गुमाएका छन् । शासक र शासितबीच भएको वर्गसङ्घर्षले अन्ततः जनताले अधिनायकत्व प्राप्त गरे । यसरी मार्क्सवादी विचारलाई अँगालेर लेखिएका कृतिहरूमा शासकको पतन र शासितको उदय देखाइन्छ । आहुतिको **स्खलन** उपनयासका पात्रहरू बीचमा पनि वर्गसङ्घर्ष त छ तर त्यो त्यति सशक्त रूपमा देखापर्न सक्दैन । ग्रीष्मराजजस्ता नेताका विरोधमा राजाराम रम्तेल विद्रोह गर्दछ । भोग्यारूपमा घरमा रहेका श्रीमतीहरू पनि लोग्नेप्रति आक्रोशित त छन् तर विद्रोह भने गर्न सक्दैनन् । **स्खलन** उपन्यासमा ग्रीष्म र पी.पी. ओझा प्रवृत्तिका मान्छेहरूले शिक्षित वर्गकालाई समेत शोषण गरिरहेका छन् । वर्गसङ्घर्ष निरन्तर रहने प्रक्रिया हो । मार्क्सले भनेजस्तो वर्गविहीन अवस्थासम्म नपुगेसम्म यो रहिरहन्छ ।

### ४ ३.६ श्रम र सङ्घर्षको समर्थन

मार्क्सवादी लेखक र चिन्तकले आफ्नो लेखनमा श्रम र सङ्घर्षको समर्थन गर्दछन् । आहुति पनि मार्क्सवादी विचारबाट प्रेरित लेखक भएकाले उनका उपन्यासहरूमा पनि श्रम र सङ्घर्षको समर्थन नै गरेको देखिन्छ । उनका उपन्यासमा सूर्य, सिलसिला, हरिमान, किरणजस्ता पात्रहरूले श्रमिकको प्रतिनिधित्व गर्दछन् । सूर्यको बुबाको मृत्युपछि घरव्यवहार चलाउनका निम्ति नाति खेलाएर बस्ने उमेर

भएका हजुरबा ढुङ्गा फुटाउनेजस्तो कठोर श्रममूलक काममा गएको देखिन्छ । यता उपन्यासको नायक सूर्य र उसकी दिदी दालभातकै समस्या टार्न दिनरात तानमा बसेको देखिन्छ । हरिमान बुढाहरू पुर्ख्यौली पेसा र खेतबारीमा मेहनतका साथ श्रम गर्दछन् । कमलजस्ता पात्रहरू श्रम गरेर नै पेट भरिरहेका छन् । **स्खलन** उपन्यासमा पनि राजाराम रम्तेल, कान्छी सर्किनी लगायतका पात्रहरू श्रमिक नै छन् । यसरी श्रमका पक्षमा देखिने आहुतिको आफ्नो विशेषता पनि हो । आहुतिका उपन्यासहरूमा सङ्घर्षको पनि समर्थन गरिएको छ । उपन्यासका पात्रहरू सङ्घर्षशील छन् र सङ्घर्षकै कारण उनीहरूले सफलता पनि पाएका छन् । सूर्य निम्नवित्तीय परिवारमा जन्मेर सङ्घर्ष गरेर नै सर्वहारा वर्गको नेतृत्व वर्ग सफल भएको छ । सिलसिला बाबुदेखि लोग्नेसम्मका पात्रहरूसँग सङ्घर्ष गरेर नै आफ्नो स्वअस्तितत्वको पहिचान दिन सफल भएकी छे । लोग्नेले कुनै पनि कुराको आवश्यकता हुन नदिने आश्वासन दिए पनि सौतासँग आफ्नो अस्तित्व नरहने निर्णय गरी लोग्नेविरुद्ध कदम चाल्न पुग्छे । लालसिंह आफूजन्मदादेखि नै सङ्घर्षरत छ । जन्माएर मन्दिरमा कसैले फालिदिएपछि भारतका विभिन्न प्रदेश प्रान्तमा तथा नेपालमा पनि सङ्घर्षमय जीवन नै बिताइरहेको छ । **स्खलन** उपन्यासमा कान्छी सर्किनी जीवनको प्रारम्भदेखि नै सङ्घर्ष गरेर बाँचिरहेकी छ । यसरी मार्क्सवादी विचारबाट प्रेरित लेखकको लेखनमा श्रम र सङ्घर्षको समर्थन प्राप्त गर्न सकिन्छ ।

### ४.३.७ महिलामाथि शोषणविरुद्धको चेतना

मार्क्सवादी लेखकहरू महिलामाथि हुने हिंसाप्रति सचेत देखिन्छन् । उनीहरू महिला र पुरुषका बीचमा फरक देख्दैनन् । उत्पादनदेखि हरेक कुरामा महिलाको समाज स्वामित्वको कुरा गर्दछन् । परम्परागत रूपमा दिइदै आएको महिलाको स्थानको परिवर्तनको चाहना मार्क्सवादी राख्दछन् । आहुतिले उपन्यास लेखेका बेलामा र अहिले पनि नेपाली समाजमा महिलालाई दोस्रो दर्जाका रूपमा हेर्ने गरिन्छ , आहुतिका उपन्यासले यो प्रवृत्तिको विरोध गर्दछ र महिललाई पनि स्वअस्तित्व र आत्मनिर्णयको अधिकार प्रदान गर्दछ । **नयाँ घर** उपन्यासमा सूर्यकी आमा, दिदी, सिलसिलाकी आमा परम्परागत नारीहरूको प्रतिनिधि गर्दछन् । उनीहरू आफ्नो सर्वस्व पुरुषहरूलाई

ठान्छन् । त्यही समाजमा सिलसिला जस्ती पात्रले आमूल परिवर्तनको कदम बिहे गर्ने कुरादेखि नै प्रारम्भ गर्छे । आफैले मन पराएको केटोसँग सिलसिलाको बिहे भए तापनि लोग्नेले अर्की केटीलाई माया गरको थाहा पाएपछि आफ्नो अस्तित्वको रक्षाखातिर लोग्नेसँग विद्रोह गरेर हिँड्छे । स्वतन्त्र राजनीतिक जीवन बिताइरहेकी अवस्थामा सङ्गठनकै नेता क्षितिजसँग पुनर्विवाह गरे तापनि आफ्नो इच्छा र आकङ्क्षाविरुद्ध क्षितिजको घरव्यवहार र एन.जी.ओ सम्हाल्न पर्ने  भएपछि त्यहाँबाट पनि विद्रोह गरी सामान्य जीवन बिताउन थाल्छे । **स्खलन** उपन्यासका नारी पात्र **नयाँ घर**का नारीपात्रका तुलनामा कम क्रान्तिकारी छन् । कान्छी सर्किनी, अनिता र अनुराधा खुलेर पुरुषवादी समाजको विरोध गर्न सक्दैनन् । सुरूमा खुवै क्रान्तिकारी देखिएका अनिता र अनुराधा बिहेपश्चात् लोग्नेको विरुद्धमा आवाज उठाउँदैनन् बरु नबोलेर बस्छन् । केहीसीप नचलेपछि अनुराधा भने लोग्नेको विरुद्धमा आवाज उठाउन थालेकी छ । आहुतिले आफ्ना उपन्यासमा महिलालाई विशेष स्थान दिदै आत्मनिर्णयको अधिकारसमेत प्रदान गरेका छन् ।

### ४.३.८ परम्परागत धार्मिक कुसंस्कार र अन्धविश्वासविरुद्ध चेतना

मार्क्सवादी लेखकहरू परम्परागत अन्धविश्वासको विरोधमा लेख्छन् । समाजको विकाससँगसँगै परम्परागत मूल्य र मान्यताहरूमा पनि परिवर्तन हुन आवश्यक छ । आहुति हुर्केको समाज पनि रुढिग्रस्त समाज नै हो । उनले आफ्ना उपन्यासमा अन्धविश्वासप्रति वितृष्णा देखाएका छन् । **नयाँ घर** उपन्यासमा धामीझाँक्रीको प्रयोग तथा आगो खेलाउँदा ओच्छ्यानमा मुतिनेजस्ता परम्परागत रुढिहरूलाई समेटेका छन् । दिदी बिरामी हुँदा उपन्यासमा डाक्टरको सट्टामा बाहुन धामीको प्रयोग गरेका छन् । धामी आफूले पनि विविध प्रकारको रोग फुकेरै निको पारेको डिङ हाक्छ । यता प्रधानपञ्च खिलराजको लठैत छोराबाट बलत्कृत भई मानसिक विक्षिप्तता भएकी रेणुको उपचारमा पनि धामीको प्रयोग गरिएको छ । धामीले भए नभएको मसान डाकेर फकाउने प्रयास गर्छ । यी र यस्ता घटनाप्रति आम अशिक्षित जनता सचेत बन्न सकेका छैनन् तर सूर्यबहादुर, सिलसिला भने यो धामीको नाटकप्रति वाक्क छन् र विश्वासमेत गर्दैनन् । परिस्थिति प्रतिकूल भएका कारण रेणूको ज्यान बच्न सक्दैन ।

आहुतिको **नयाँ घर** उपन्यासमा प्रययुक्त समजको केही पात्रहरूमा मात्र अन्धविश्वासप्रति चेतना विकास भएको पाउन सकिन्छ ।

### ४.३.९ साम्राज्यवाद तथा विस्तारवादविरोधी चेतना

आफ्नो प्रभुत्व विश्वभर फैलाउन केही साम्राज्यवादी र विस्तारवादी मुलुकहरू धर्म, गरिबीनिवारण आदिजस्ता प्याकेजहरू लिएर अल्पविकसित राष्ट्रहरूमा प्रवेश गर्दछन् र विस्तारै ती राष्ट्रहरूलाई आफ्नो उपनिवेशको रूपमा स्वीकार्न तयार हुन्छन् । मार्क्सवादी विचारबाट प्रेरित लेखकहरू यसको खुलेर विरोध गर्दछन् । आहुतिको दुबै उपन्यासमा पुँजीवादप्रति वितृष्णा देखाइएको छ । नेपालमा अहिले विभिन्न नामबाट साम्राज्यावादी शक्तिहरू प्रवेश गरिरहेका छन् ।

आाहुतिको **नयाँ घर** उपन्यासमा एन.जी.ओ. चलाएर पुँजीवादी चिन्तन र विस्तारवादी समर्थन गरेको पात्रप्रति विरोध देखाइएको छ । आफूलाई वामपन्थी नेता भन्न रुचाउने अनि पत्नीलाई एन.जी.ओ. चलाएर घर धान्न लगाउने क्षितिज, सुन्दर थपलियाजस्ता पात्रको विरोध उपन्यासमा गरिएको छ । **स्खलन** उपन्यासमा पनि अनिताले एन.जी.ओ. मा काम गर्न नसकेर छोडिदिएकी छ । **नयाँ घर**की सिलसिलाले क्षितिजको पुँजीवादी मोहकै कारण सम्बन्धविच्छेद गरेर एकल जीवन बिताउने निर्णय गरेकी छ । यसबाट के कुरा प्रस्ट हुन्छ भने आहुतिका उपन्यासका पात्रहरूमा विस्तारवादी  नीति र पुँजीवादी चिन्तनले राष्ट्र बिग्रन्छ त्यसैले सतर्क भएर ती प्रवृत्तिको विरोध गरेका छन् ।

### ४.३.१० प्रेम, विवाह र यौनसम्बन्धी नवीन चेतना

परम्परागत मान्यता भिन्न मार्क्सवादीहरू प्रेम, विवाह र यौनका सम्बन्धमा फरक धारणा राख्दछन् । यिनीहरू फ्रायडको जस्तो हरपक्षलाई यौनसँग जोड्दैनन् । आहुतिको उपन्यासमा प्रेमविवाहलाई प्राथमिकता दिइएको छ । त्यसैले सूर्य बिन्तीदेवीलाई आत्मिक प्रेम गर्छ, सिलसिला रामकृष्णलाई पनि आत्मिक प्रेम गर्छे, शान्ति कुनै मधेसी मूलको केटोलाई प्रेम गर्छे, अनिता पनि ग्रीष्मराजलाई प्रेम गर्छे तर भौतिक सुख र पुँजीवादी चिन्तनका कारण सबैको प्रेमले सार्थकता प्राप्त गर्न सकेको

छैन । अतः यसबाट के पुष्टि हुन्छ भने उपन्यानसकार आहुति पुँजीवादी र भौतिक सुविधाविहीन आत्मिक प्रेममा विश्वास गर्छन् । रामकृष्ण महर्जनले अर्की केटी मन पराएपछि सिलसिलातिर बढेको उसलाई सिलसिला भन्छे -

*पर्ख ! तिमी अब मलाई नछोऊ, आफ्नो हैसियतमा बस कुनै प्रेम बाँकी छैन अब । प्रेमविहीन स्पर्श वेश्यावृत्ति हो, म वेश्या होइन* (पृ. २०१) । यसबाट पनि आत्मिक प्रेमबिनाको स्पर्श केबल वेश्यावृत्ति हुने कुराको पुष्टि हुन्छ । पूर्वप्रेमिका बिन्तीदेवीले सूर्यलाई विवाह गर्ने सल्लाह दिँदा सूर्य भन्छ -

*म पेट र यौनभन्दा अलिमथि उठेर जीवन बाँच्न चाहन्छु, कृपया तिमी मबाट थप घृणाको पात्र बन्ने कोशिस नगर । रछ्यानबाट कुनै फोहरी कुकुरले मलाई रछ्यानको फोहरमा लुट्पुटिन नबोलाओस् यही चाहन्छु* (पृ. ३४५) ।

यसरी सूर्यका माध्यमबाट आहुति आफ्नो आत्मिक प्रेमप्रतिको आस्था प्रकट गर्दछन् ।

### ४.२.११ **निष्कर्ष**

आहुतिका उपन्यासहरूमा समाजलाई मार्क्सवादी दृष्टिबाट हेरिएको पाउन छ । उपन्यासमा समकालीन समाजका यथार्थ घटनाहरूको वर्णन गरिएको छ । **नयाँ घर**मा २०३६-२०४८ सालसम्मका राजनैतिक घटनाहरू प्रस्तुत गरिएको छ । खासगरी निरङ्कुश तानाशाहविरुद्ध जनताले गरेको आन्दोलनलाई यसले अँगालेको छ । यस उपन्यासमा सामन्त तथा शोषक वर्गले गरिब किसान र मजदुरहरूलाई हदसम्म शोषण गरेका छन् । यसका विरुद्धमा आन्दोलित भई जनताले सफलता हासिल पनि गरेका छन् । यसमा गरिबीको चित्रण साह्रै दयनीय ढङ्गबाट गरिएको छ । उपन्यासका पात्रहरू सर्वहारा मुक्तिको निम्ति जुनसुकै मूल्य चुकाउन तयार देखिन्छन् । यसभित्र साम्राज्यवादी राज्यसंरचनाको विरोध, जातीय उत्पीडनको विरोध, महिलामाथि हुने शोषणको विरोध गरिएको छ । **नयाँ घर** भित्र वर्गसङ्घर्षको कुरा छ । यो उपन्यासले शोषित र पददलितका पक्षमा विजय देखाएको छ । *वर्ग दुश्मनहरूको निम्ति यो सबैभन्दा हानिकारक रचना बन्न सकोस्* (आहुति, २०६२: भूमिका) भन्दै आफ्नो लेखन शोषक वर्गप्रतिको प्रहार हो भन्ने उनको आत्मस्वीकार

रहेको छ । सर्वहारा वर्गका मान्छेहरूले यदि आन्दोलनको नेतृत्व नगर्ने हो भने राष्ट्रले कहिल्यै मुक्तिको सास फेर्न पाउने छैन भन्ने दृष्टिकोण **नयाँ घर**मा पाउन सकिन्छ । **नयाँ घर** उपन्यासमा सम्भाषणको अधिक प्रयोग भएकाले संरचनाशिल्प पक्ष केही खुकुलो देखिन्छ । यसका कतिपय ठाउँमा अनावश्यक वर्णन देखिन्छ । उपन्यासमा सपनाको पनि ठाउँठाउँमा उल्लेख छ । हप्तासम्म होस खुल्न नसक्ने गरी घाइते भएको एउटा योद्धा सूर्यले झण्डा चुमेको जस्ता घटनाहरू उपन्यासमा अतिशय कल्पना भन्दा अरू केही लाग्दैन । क्रान्तिकारी गीत, कविता र अन्तर्राष्ट्रिय कम्युनिस्ट गीतको प्रयोगले उपन्यासलाई काव्यात्मक बनाएको छ ।

**स्खलन** उपन्यासमा नेतृत्व वर्गको असक्षमताले सम्पूर्ण समाज हरक्षेत्रबाट धराशयी बन्दै जान्छ भन्ने तथ्य ग्रीष्मराज र पी.पी. ओझाको चरित्रबाट स्पष्ट हुन्छ । यसमा नेपाली वामपन्थी नेताहरूमा देखिएको स्खलित प्रवृत्तिको चित्रण छ । आफू क्रान्तिकारी भनाउन मन पराउने र श्रीमतीलाई समान्य भोग्यावस्तु ठानने पुँजीवादी पुरुषचिन्तनको विरोध गरेका छन् । **नयाँ घर** उपन्यासको तुलनामा **स्खलन**का चरित्रहरू कम विद्रोही देखापर्दछन् । **नयाँ घर** कै क्षितिज, सुन्दर थपलिया प्रवृत्तिको नायक ग्रीष्मराजलाई प्रमुख भूमिका दिएर **नयाँ घर** को उत्तरभागका रूपमा **स्खलन** उपन्यास आएको देखिन्छ । खराव चरित्रलाई उभ्याएर असल कुरा देखाउन खोज्नु **स्खलन** उपन्यासको प्रयोगधर्मी विशेषता हो । आफू दलित समुदायको भएर पनि उपन्यासमा दलित समुदायका पात्रलाई प्रमुख भूमिका प्रदान गर्न नसक्नु उपन्यासकारको सीमाका रूपमा देखापर्दछ । केही सीमाहरू रहँदारहदै पनि आहुतिका उपन्यासहरू जीवनदर्शन र भावपक्षबाट उत्कृष्ट देखा पर्दछन् ।

परिच्छेद- पाँच

# शोधनिष्कर्ष

**आहुतिको उपन्यासकारिता** शीर्षकमा गरिएको प्रस्तुत शोधकार्यको निष्कर्ष निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

१. दलित समुदायको गरिब परिवारमा जन्मेका आहुतिका उपन्यासहरूमा उनी बाँचेको पर्यावरण, उनले भोगेको गरिबी तथा छुवाछुतको असीम पीडा, सर्वहारावर्गको मुक्तिका निम्ति गरिएको आन्दोलन, समाजमा उनले देखेका विविधखाले असमानता, सत्तामोही काम्युनिस्टको स्खलित चरित्र आदिजस्ता घटनाहरूको प्रत्यक्ष उल्लेख पाइएकाले आहुतिको जीवन र उपन्यासलेखनको बीच गहिरो अन्तर्सम्बन्ध छ ।

२. उनका दुईवटा प्रकाशित मौलिक उपन्यासहरूमध्ये **नयाँ घर**को संरचना विशाल काय छ भने **स्खलन** लघुकायको उपन्यास हो ।

३. सूर्यको जीवनवृत्तका घटनाहरूलाई मुख्य आधार बनाई लेखिएको **नयाँ घर**मा यथार्थमूलक स्रोतको कथानक छ । **स्खलन** उपन्यासमा वर्णित कथानकको स्रोत पनि समकालीन यथार्थ नै रहेको छ । दुबै उपन्यास द्वन्द्वका प्रयोगले सफल देखिन्छन् । **नयाँ घर**को कथानक आदि, मध्य र अन्त्यका श्रृङ्खलामा संरचित छ । आहुतिका दुबै उपन्यासमा वृत्तकारीय ढाँचाको प्रयोग छ ।

४. आहुतिको **नयाँ घर** उपन्यासमा बहुल पात्रको प्रयोग गरिएको छ । यस उपन्यासको प्रमुख पुरुषपात्र सूर्य हो भने प्रमुख नारीपात्र सिलसिला हो । किरण, लालसिंह, बिन्तीदेवी, शान्ति, प्रकाश आदि यसका सहायक पात्रहरू हुन् । **स्खलन** उपन्यास चरित्रप्रधान उपन्यास हो । यसको नायक खराब प्रवृत्तिको छ । ग्रीष्मराज प्रमुख पुरुष पात्र हो र अनिता प्रमुख नारी पात्र हो । यी दुबै उपन्यासमा पात्रको चित्रण स्वाभाविक ढङ्गले गरिएको छ ।

५. आहुतिका दुबै उपन्यासमा राजनीतिक परिवेशको चित्रण छ । **नयाँ घर**ले २०३६-२०४८ सम्मका घटनाहरूलाई आफ्नो विषयवस्तु बनाएको छ । यसमा

काठमाडौँका विभिन्न ठाउँहरू चितवन, मकवानपुर आदि स्थानलाई मुख्य स्थानिक परिवेशका रूपमा चित्रण गरिएको छ । **स्खलन** उपन्यास प्रजातन्त्र प्राप्तिपश्चात् डेढ दशक यताको समयावधिको घटनालाई समेटेर लेखिएको छ । यस उपन्यासले पनि काठमाडौँको सेरोफेरोलाई नै आफ्नो पर्यावरण बनाएको छ । दुबै उपन्यासमा काठमाडौँ र यस आसपासका बासिन्दाहरूको सामाजिक, सांस्कृतिकस्थितिको चित्रण गरिएको छ ।

६. **नयाँ घर** उपन्यास सूर्य आफैले अनुभव गरेका घटनाहरू भएको तथा उपन्यासका कथावस्तु उसैले वर्णन गरेकाले यसमा केन्द्रीय आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ । यस्तै **स्खलन** उपन्यासको सुरुदेखि अन्त्यसम्म नै ग्रीष्मराज प्रमुख पात्र र समाख्यातासमेत रहेकाले यसमा पनि केन्द्रीय आन्तरिक दृष्टिबिन्दुको नै प्रयोग भएको पाइन्छ ।

७. **नयाँ घर** उपन्यासले मुख्यगरी २०३६-२०४८ का बीचमा नेपालको राजनीतिमा देखिएको उथलपुथल, गरिब, किसान, दलित, नारीले भोग्नुपरेको पीडाको यथार्थ वर्णन गर्दै सर्वहारामात्र कम्युनिस्ट आन्दोलनको नेता हुनसक्छ भन्ने कुरालाई देखाएको छ । यसैगरी **स्खलन** उपन्यासले प्रजातन्त्रको प्राप्तिपश्चात् कम्युनिस्ट पार्टी र तिनका नेतामा आएको सैद्धान्तिक **स्खलन**को चित्रण गरिएको छ ।

८. आहुतिका उपन्यासहरूमा प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, सामाजिक सबैखाले बिम्बहरूको यथोचित प्रयोग गरिएको छ । बिम्बप्रतीकका दृष्टिले उनका उपन्यास सबल नै देखापर्दछ ।

९. आहुतिका उपन्यासहरूमा राजनीतिक शब्दावलीको प्रयोग अधिक मात्रामा गरिएको छ । उनको **नयाँ घर** उपन्यासमा लामालामा सम्भाषणहरूको प्रयोग भएको छ । कतिपय स्थानमा अनावश्यक वर्णनसमेत भएकाले उपन्यासको शिल्पपक्ष फितलो देखिन्छ । **स्खलन** उपन्यासको भाषा **नयाँ घर**को तुलनामा परिष्कृत र स्वभाविक रहेको देखिन्छ । पात्रअनुकूलको संवाद तथा तत्सम् तद्भव, आगन्तुक, अनुकारात्मक, झर्रा शब्दहरूको यथोचित प्रयोग छ भने उखान र टुक्काहरूको प्रयोग पनि सन्दर्भअनुरूप नै भएको देखिन्छ । वाक्यसंरचनाका दृष्टिले सरल र जटिल दुबै प्रकृतिका वाक्यको प्रयोग गरिएको छ ।

१०. आहुतिको **नयाँ घर** उपन्यासमा सूर्यका जीवनघटनाहरूलाई परिच्छेदमा विभाजन गरेर परिच्छेदैपिच्छे फरकफरक घटना, काल, र क्रियाको प्रस्तुतीकरण गरिएको हुँदा गतिले तीव्रता पाएको छ र गतिको उतारचढावसँगै लयको सिर्जना पनि भएको छ । **स्खलन** उपन्यासमा वर्णनको सङ्क्षिप्तता र दृश्यात्मकताको प्रयोगले गतिमा आरोहअवरोह देखिन्छ भने बिम्बात्मक भाषा, आलङ्कारिक प्रस्तुति तथा यथोचित व्यङ्ग्यले लयमा जीवन्तता प्रकट गरेको छ ।

११. आहुतिका उपन्यासहरूको शीर्षक र कथ्यका बीचमा पूर्णतः तालमेल देखिन्छ गरिब, किसान, मजदुर, दलित, शोषित सबैले मुक्तिको अनुभव गरेपछि निर्माण हुने सर्वहारामयी समाज र राज्यलाई **नयाँ घर** का रूपमा लिइएको **नयाँ घर** उपन्यासको शीर्षक र विषयवस्तुका बीचमा सामञ्जस्यता रहेको छ । साम्यवाद र सर्वहाराकरणको लक्ष्य लिएर हिडेका नेपाली वामपन्थीहरू संशोधनवादी तथा निम्न पुँजीवादी चिन्तनप्रति उन्मुख हुनु सबैभन्दा ठूलो **स्खलन** हो । यस्तै विशेषताका चरित्रहरूको चित्रण **स्खलन** उपन्यासले गरेकोले यसको शीर्षक सार्थक छ ।

१२. समाजपरक समालोचनाको गैरमार्क्सवादी धाराअनुरूप आहुतिका उपन्यासहरूमा क्षण, जाति, र युगको सिद्धान्तलाई सही ढङ्गले सदुपयोग गरिएको छ । आहुति आफू दलित हुनुको प्रभाव उनका दुबै उपन्यासमा परेको छ । दुबैमा दलित समुदायका पात्रहरूको प्रयोग गरिएको छ । उपन्यासकारको रीतिरिवाज, संस्कृति, चालचलन र उपन्यासमा वर्णित संस्कृति, रीतिरिवाज हिन्दूधर्मअनुकूल नै देखिन्छ । उपन्यासकार आहुतिले भोगेका समय २०३६ देखि पछाडिको समयलाई उपन्यासमा समेटिएको छ । खासगरी उनका उपन्यासमा जनमतसङ्ग्रहदेखि पछाडि नेपालमा वामपन्थी पार्टीहरूका बीच भएको टुटपुटको समयावधिलाई समेटिएको छ । नेपाल लेखकको परिवेशमा हुर्किनुको प्रभाव नेपालका विभिन्न भू-भागहरू उपन्यासका परिवेशका रूपमा उपस्थित छन् ।

१३. आमनेपालीले भोगेको घटनाहरूको वर्णन आहुतिका उपन्यासहरूमा रहेको छ । कम्युनिस्ट राजनीतिकै सेरोफेरोमा अडेर उपन्यासहरूको लेखनकार्य गरेकाले वामपन्थीहरूका लागि उनका उपन्यास बढी प्रभावकारी हुन्छ साथै नेपाली समाजका यथार्थ घटनाहरूलाई उपन्यासमा समेटिएकाले अन्य वर्गका

पाठकहरूलाई पनि यिनका उपन्यासहरू उपयोगी छन् । आहुतिका उपन्यासहरूले सुधारवादी स्वर उराल्दै अग्रगमनतर्फ बढिरहेकाले भूत, वर्तमान र भविष्यसम्म पनि कालजयी रहने कुरामा दुई मत छैन ।

१४. आहुति मार्क्सवादी चिन्तनबाट प्रभावित लेखक हुन् । उनका उपन्यासहरूमा शोषकशोषितको समस्या, वर्गसङ्घर्ष, थिचोमिचोको विरोध, द्वन्द्वात्मकता, श्रम र सङ्घर्षको समर्थन, नारीवादी स्वर, साम्राज्यवाद र विस्तारवादविरोधी नीति, परम्परागत अन्धविश्वास र मूल्य मान्यता विरुद्ध चेतना, मानवतावाद, प्रेम र विवाहसम्बन्धी नवीन चेतना, साङ्गठनिक संलग्नताजस्ता विशेषताहरू पाउन सकिन्छ ।

यो शोधकार्य उपन्यासकार आहुतिको उपन्यासकारितामा केन्द्रित रहेको छ । भविष्यमा उनका औपन्यासिक कृतिहरूका विविध पक्षहरूलाई केलाएर शोध गर्न चाहने इच्छुक व्यक्तिहरूले निम्नलिखित शीर्षकमा शोध गर्न सक्नेछन् :

१. आहुतिका उपन्यासहरूमा प्रगतिवाद

२. पात्रप्रयोगका दृष्टिले आहुतिका उपन्यासहरू

३. **नयाँ घर** उपन्यासको कृतिपरक अध्ययन

४. **स्खलन** उपन्यासको कृतिपरक अध्ययन

५. आहुतिका उपन्यासहरूको समाजशास्त्रीय विश्लेषण

## परिशिष्ट १

# आहुतिसित प्राप्त व्यक्तिगत जानकारी

### १. सामान्य परिचय

| | |
|---|---|
| औपचारिक नाम : | विश्वभक्त दुलाल |
| न्वारनको नाम : | रामभक्त दुलाल |
| बाबुको नाम : | राधाकृष्ण दुलाल |
| आमाको नाम : | कान्छी दुलाल |
| बाजेको नाम : | हर्षबहादुर दुलाल |
| जन्म मिति : | २०२३ चैत्र १ (नागरिकतामा २०२४ चैत्र १) |
| जन्मस्थान : | काठमाडौं जिल्ला, नयाँ नैकाप गा.वि.स., झोलेटोल, वार्ड नं. ९ |
| वर्ण : | गहुँगोरो |
| उचाइ : | ५ फिट ४ इन्च |
| जाति : | पर्वते-खस |
| जात : | सार्की |
| समुदाय : | दलित |
| मातृभाषा : | नेपाली |
| मुख्य उपनाम : | आहुति |
| अन्य उपनाम : | आकाश, अमलेख, अभिलेख, अरुणकुमार सिंह, आयुष्मान श्रेष्ठ, अमर सिन्धुलीय, आशा लामा |

### २. पारिवारिक इतिहास

काठमाडौंको काँठे गाउँ जहाँ चर्को जातीय भेदभाव थियो । त्यस गाउँमा घरबारबिहीन अवस्थामा रहेको मेरो परिवारमा मेरो जन्म भएको थियो । मेरो जन्म हुदा बुबाको मृत्यु भएको केवल एक महिना बितेको थियो । मेरो बाल्यकाल परम्परागत पेसामा जीवन धान्ने हजुरबा, आमा, दुई दिदी र दुई दाजु रहेको परिवारको

आश्रयमा हुर्कियो । कहालीलाग्दो गरिबीबीच पनि मेरो हजुरबामा शिक्षाप्रति जागरुकता थियो । शिक्षाबाट बञ्चित गरिएको जातमा हुर्किएर पनि उहाँले आफ्नो जमानाको कुनै जोगीसँग लेखपढ गर्न सिक्न भ्याउनु भएको थियो । हजुरबाको शिक्षाको महत्त्व बुझ्न सक्ने त्यस चेतनाले नै भयङ्कर अप्ठ्याराबीच पनि मेरो विद्यालय यात्रा जारी हुन सम्भव भयो । उहाँले मेरा दाजु दिदीहरूलाई पनि स्कुल पठाउनु भएको थियो तर ४ कक्षाभन्दा माथि धान्न सक्नु भएन । हजुरबाको शिक्षाप्रतिको जागरुकता कतिसम्म भने उहाँले मेरो बुवालाई राणाकालमै विभिन्न उपाय लगाएर दलितका निम्ति निषेधित भानु माध्यमिक विद्यालयमा १० कक्षा सम्म पढाउन भ्याउनु भएको रहेछ । केही बुझ्ने भएदेखि परिवारको आर्थिक समस्यासँग प्रत्यक्ष संलग्नता मेरो बाध्यता थियो । परिवारको आर्थिक समस्यासँग आमाको काखदेखि नै जानकार रहेकाले शायद मलाई आफ्नो आवश्यकताबारे कहिल्यै अभिभावकसँग नभन्ने बनाइदियो, एक प्रकारको अन्तरमुखी बनाइदियो । स्कुलमा फिस नतिरेकोले परीक्षाकोठाबाट निकालिएर घर फर्किएपछि पनि एक्लै रोएर बस्ने तर परिवारमा नभन्ने स्थिति बारम्बार दोहोरियो ।

परिवारको सबैभन्दा कान्छो परिवारका सदस्यको तुलनामा सबैभन्दा बढी सुविधा मैले प्राप्त गर्न पाएँ तर १२-१३ वर्षको उमेर पुगेपछि परिवारको भरणपोषणका निम्ति प्रत्यक्ष श्रममा भाग लिन भने म बाध्य भएँ । घरेलु ज्यासलमा हजुरबा र दिदीहरूसँगै छालाका जुत्ता बनाउन सहयोग गर्नु र तयार जुत्तालाई काठमाडौँका पसलहरूमा, सडकहरूमा बेच्न लैजानु अनि त्यसबाट प्राप्त आम्दानीले घर खर्चको जोहो गर्न चिन्तित हुनु मेरो किशोरावस्थाका दिनचर्या थिए ।

छाला जुत्ताको कामले स्थिति नतङ्ग्रिएपछि ढाका बुन्ने तानमा राती २ बजेदेखि उठेर खप्नु र साँझ १० बजेसम्म तानमैं बस्नु एस्.एल्.सी. परीक्षा दिने दिनसम्म जारी रह्यो । एकातिर कक्षाको प्रथम विद्यार्थी हुनु र अर्कातिर परिवारको भरणपोषणमा पनि भाग लिनै पर्ने त्यस कहालीलाग्दो परिस्थितिबाट कसरी उम्किएर अघि बढेँ ? यो विषयमा सोच्दा पनि आज मलाई अचम्म लाग्छ । स्कुलको पढाइ जारी राख्न मेरो परिवार विशेषतः मेरी ठूली दिदीले खेलेको भूमिकालाई म कहिल्यै बिर्सन सक्तिनँ । उहाँ रोगी भएकाले अविवाहित रहनु भएको थियो । उहाँ छालाको जुत्ता बनाउने

अत्यन्त राम्रो कालिगढ हुनुहुन्थ्यो । उहाँले आफूले टिपनटापन गरी जोगाएको रकम मेरो आवश्यकताका निम्ति खर्च गर्नुहुन्थ्यो । विशेषतः स्कुलको फिसको अड्चनलाई उहाँले हल गर्नुहुन्थ्यो । मेरो परिवारका तीन सदस्य हजुरबा, आमा र ठूलीदिदी यी तीन पात्र सबैभन्दा महत्त्वपूर्ण छन् । उहाँहरूको समग्र जीवन प्रक्रियाले मेरो जीवन र समग्र स्वभाव निर्धारित हुन मुख्य मूभिका खेलेको छ भनी म लख काट्छु ।

मेरो हजुरबा बैद्धिक रूपमा क्षमतावान, सीपका धनी, स्वाभिमानी र घमण्डी हुनुहुन्थ्यो । उहाँमा रहेको सामन्तवाद सबैभन्दा बढी महिलाहरूको आचरणसम्बन्धी विषयमा व्यक्त हुन्थ्यो । उहाँको एउटा विशेषता के थियो भने आफ्नो शरणमा कोही आएको छ भने त्यस व्यक्तिले गल्ती नै गरेको भए पनि त्यस व्यक्तिलाई जोगाउन लागि पर्नु हुन्थ्यो । त्यो प्रवृत्ति वास्तवमा उहाँमा रहेको सामन्तवादी प्रवृत्तिको सबैभन्दा खराव पक्ष थियो जुन पक्षसँग मेरी आमा कहिल्यै सहमत हुनु भएन । मेरो आमा आमआमाहरू जस्तै बच्चाहरूप्रति समर्पित हुनुहुन्थ्यो । कलिलै उमेरमा भोग्नुपरेको विधुवापनलाई सायद छल्न उहाँ अति गम्भीर बन्नु भएको थियो । उहाँ रुँदा पनि अरूले नदेख्ने गरी रुनुहन्थ्यो । उहाँ मतभिन्नताहरूबीच प्रायः मौन हुनुहुन्थ्यो तर अति भएपछि दृढतापूर्वक अन्यायका विरुद्ध बोल्ने र जुध्ने गर्नुहुन्थ्यो । मेरो आमाको धैर्यता र अति भएपछि जुध्ने स्वभावले उहाँमा न्याय/अन्याय छुट्याउन सक्ने पर्याप्त क्षमता थियो भन्ने म बुझ्दछु । आफ्नो पित्तसम्बन्धी रोगका कारण अविवाहित रहनु भएकी मेरी ठूली दिदी भने गीत सङ्गीतमा रुचि राख्ने, गम्भीर, भावुक र कुटनैतिक क्षमता भएकी हुनुहुन्थ्यो । आफ्नो अविवाहितपन र आफ्नो इच्छाबीचको द्वन्द्वले हुनुपर्छ, उहाँको स्वभावमा कठोरतासमेत पर्याप्त मात्रामा विकसित भएको थियो ।

मेरो आफ्नो स्वभावमा म मेरो हजुरबा, आमा र ठूलीदिदीको स्वभाव कुनै न कुनै रूपमा मिश्रित छ अर्थात् मेरो स्वभावको निर्माणमा तिनले मुख्य भूमिका खेलेका छन् भन्ने मलाई लाग्दछ । मेरो पारिवारिक वातावरण विशेष प्रकारले प्रजातान्त्रिक बन्न पुगेको थियो । बुढो हजुरबाबाहेक हामीले आदेश मान्नुपर्ने अरू कोही थिएन । त्यस स्थितिले गर्दा हजुरबालाई छाडेर अरू सबै समान थिए आमालाई आदेशकर्ताका रूपमा कसैले लिदैनथे,आमामा पनि त्यो स्वभाव थिएन । म कान्छोले पनि दाइ दिदी

सबैलाई "तँ तँ, म म" गर्ने वातावरण स्वाभाविक थियो । यसरी घरबाहिर छुवाछुत भेदभाव र गरिबीका कारण भोग्नुपर्ने अमानवीय दमन पीडा र घरभित्र भने अस्वभाविक ढङ्गले विकसित समानतामा आधारित प्रजातान्त्रिक वातावरण, त्यसप्रकारको विरोधाभाष अर्थात् अन्तरविरोधले मेरो जीवनलाई गम्भीर प्रभाव पारेको छ भन्ने मलाई लाग्दछ ।

समग्रमा हेर्दा मेरो पारिवारिक पृष्ठभूमि जस्तो थियो, त्यहाँबाट सहज रूपमा यहाँसम्म आइपुग्नु आफैमा नेपाली समाजको सापेक्षतामा अपवादमय परिघटना हो भन्ने म ठान्दछु । अपवादहरू नियमका पर्खालहरूलाई भत्काएर जन्मिन्छन् र नयाँ नियम निर्माणका खुड्किला बन्न पुग्छन् भन्ने तर्कलाई नियाल्दा र आजको ०६२/६३ को परिवर्तनपछि उभिएर हेर्दा नेपाली समाजको परिवर्तनको प्रक्रियासँगै आफ्नो जीवनलाई गाँसेर बुझ्नुपर्छ भन्ने ठान्छु ।

### ३. शिक्षादीक्षा

दलित भएकै कारण पानी खान नदिने, सिसाकलम खोसिइने, शिक्षकद्वारा भेदभाव गरिने आदिजस्ता घटनाहरूको शृङ्खलाबीचबाट गुज्रिदै कक्षा ४ पूरा गरियो स्थानीय विधा मन्दिर मा.विद्यालयबाट । कक्षा ४ को परीक्षाफल प्रकाशित हुँदा दिनेश शर्मा नामका बाहिरबाट त्यसै वर्ष आएका शिक्षकबाट थाहा भयो कि परीक्षाफल प्रकाशित गर्दा पनि जातभातलाई त्यस स्कुलमा हेक्का राखिन्थ्यो । ती डेढो आँखा भएका शिक्षकले कक्षा ४ मा मलाई बल्लतल्ल तेस्रो बनाइदिएको खवर सुनाउँदै भनेथे - "तिमी पहिला भएका थियौ तर सार्की भएकाले पहिला बनाउन दिएनन् मैले कराएर तेस्रोसम्म बनाइदिएको छु । के गर्छौ ? तिम्रो गाउँ यस्तै रहेछ ।"

राजा वीरेन्द्रले जन्मदिनमा निःशुल्क पढाउने घोषणा गर्न थालिसकेका थिए तर मेरो स्कुलमा निःशुल्क पढाउने कुनै छाँट थिएन । कक्षा ४ सम्म म सधैं नै चैत्र बैशाखमा भर्ना हुन्थें किनभने भर्ना गर्ने रकम जुटाउन सजिलो थिएन । त्यतिबेला फागुनदेखि पढाइ सुरु हुन्थ्यो । कक्षा ६ देखि भने शुल्कको "भूत" बाट म मुक्त भएँ किनभने कक्षाको प्रथम विद्यार्थीलाई स्कुलले शुल्क मिनाहा गर्ने घोषणा गर्‍यो ।

वि.सं. २०४० मा एस्.एल्.सी. सकेपछि दुई वर्षे सिभिल ओभरसियर पढ्न काठमाडौंको पुल्चोक क्याम्पसमा भर्ना भएँ । त्यही साल तत्कालीन **सर्वहारावादी**

**श्रमिक सङ्गठन नेपाल** नामक भूमिगत कम्युनिस्ट पार्टीको सम्पर्कमा पुगेँ । त्यतिबेला पार्टी राजनीतिले यति प्रभावित गऱ्यो कि मैले पढाइ बीचैमा छाडेर पार्टीको पूर्णकालीन कार्यकर्ताका रूपमा राजनीतिमा हाम्फालेँ । त्यसपछि पढ्ने उद्देश्यले म कहिल्यै क्याम्पस जीवनमा फर्किन चाहिन । २०४६ को परिवर्तनपछि एकजना मित्रलाई पुनः पढाइमा फर्काउन मैले ती साथीसँगै आई.ए.को प्राइभेट परीक्षा दिएँ । पुनः पढाइमा फर्किएपछि ती मित्र पढाइतिर अघि बढ्नुभयो तर म भने त्यतातिर थप लागिन यसरी औपचारिक रूपमा भन्दा मैले आई.ए. सम्मको प्रमाणपत्र लिएको छु तर व्यावहारिक रूपमा म आफूलाई १० कक्षासम्म अध्ययन गरेको व्यक्ति ठान्छु किनभने आई.ए. मेरो चाहनाले पढेर पास गरेकै हैन ।

### ४. राजनीतिक संलग्नता

"कम्युनिस्टले धनीगरिब, जातभात एक समान बनाउँछ" त्यतिबेलाको चीन सचित्र नामक चिनियाँ पत्रिका किताबको गाता हाल्न ल्याइदिँदा हजुरबाले पत्रिकामा माओत्सेतुङको फोटो देखाउँदै भन्नुहन्थ्यो । जातीय उत्पीडन र गरिबी बीच हुर्किएको मेरा मस्तिष्कमा हजुरबाले छरेको त्यही उज्यालेले नै कम्युनिस्ट राजनीतिप्रति आकर्षणको मलिलो धरातल मभित्र तयार पारेको हुनुपर्छ । तर मेरो गाउँमा त्यतिबेला चिनिने कम्युनिस्ट कोही थिएन, जो थिए उनीहरू रुसमा पढ्न गएर उतै घरबास गरेका रहेछन् । त्यसैले पञ्च तथा पञ्चायतीविरोधी कांग्रेस कार्यकर्ताहरूसँग किशोरावस्थामा सङ्गत बढी भयो । मेरो गाउँमा २०३६ को जनमत सङ्ग्रहको प्रचार गर्न गणेशमान सिंह आउँदा भीडको टाङमुनिबाट छिर्दै गणेशमानलाई छुन पुगेको अनुभवले अहिले पनि मनमनै रोमाञ्चित बनाउँछ । विद्यालय जीवन सक्दा २०४० मा **सर्वहारावादी श्रमिक संगठन, नेपाल** नामको तत्कालीन कम्युनिस्ट पार्टीको सम्पर्कमा पुगेपछि भने म सम्पूर्णतः राजनीतिमा हाम्फाले र त्यसपछि सङ्गठित राजनीतिक जीवनबाट कहिल्यै मुख फर्काउने दिन आजसम्म आएको छैन । वि.सं. २०४६ को परिवर्तनपश्चात् म त्यतिबेला संलग्न रहेको पार्टीसहित एकता भई बनेको ने.क.पा. ( एकता केन्द्र) को २०४७ मा सम्पन्न राष्ट्रिय एकता महाधिवेशनबाट म केन्द्रीय सल्लाहकार समितिको सदस्यमा निर्वाचित भएँ र त्यस पार्टीको २०५४ मा सम्पन्न

विशेष राष्ट्रिय सम्मेलनद्वारा केन्द्रीय सदस्यमा निर्वाचित हुन पुगेँ । यसरी कम्युनिस्ट आन्दोलनमा आजपर्यन्त निरन्तर क्रियाशील छु ।

## ५. दलित मुक्ति आन्दोलनमा भूमिका

राजनीतिक आन्दोलनमा सुरुमा लाग्दा दलित जातीय आन्दोलन पनि उठाउनु पर्छ भन्ने चेतना ममा विकास भएको थिएन । मूल राजनीतिक आन्दोलनले नै सबै काम भैहाल्छ भन्ने सोचिन्थ्यो । तर २०४६/४७ सम्म पुग्दा पार्टीजीवनमा समेत टड्कारो रूपमा जातीय भेदभाव अनुभूति भएपछि २०४७ देखि म दलित मुक्ति आन्दोलनमा समेत प्रत्यक्ष रूपमा सहभागी हुन थालेँ । २०४७ सालमा तत्कालीन 'नेपाल राष्ट्रिय दलित जनविकास परिषद' को केन्द्रीय सदस्य निर्वाचित भएँ । २०४९ मा 'नेपाल राष्ट्रिय जनकिवास परिषद' 'नेपाल उत्पीडित जातीय उत्थान मञ्च' बीच एकता भई बनेको एकीकृत दलित मोर्चा सँगठन 'नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज' को संस्थापक महासचिव र 'संयुक्त गणतान्त्रिक दलित मोर्चा, नेपाल' को केन्द्रीय सदस्यका रूपमा क्रियाशील रहेको छु ।

## ६. साहित्यिक सांस्कृतिक जीवन

मेरो गाउँमा नेवार जातिको परम्परागत संस्कृतिअनुरूप डबली नाटकहरू चाडपर्वमा देखाइन्थ्यो; त्यो आधुनिक विषयमा समेत देखाउने चलन सुरु भएको थियो । तर दलितहरू नाटकमा खेल्न पाउँदैनथे । कथंकथाचित दलितले खेल्दा विरोध हुन्थ्यो । त्यसप्रकारको सामाजिक स्थितिका कारणले आफ्नो नाटक खेल्ने लालसालाई पूरा गर्न १३ वर्षको उमेरमा कक्षाकै सहपाठी गैरदलित साथीहरूसँग मिले 'ईर्ष्या' नामक नाटक लेखियो र देखाइयो । बच्चा भएका कारणले म दलितको प्रवेशलाई सामाजिक रूपमा विरोध हुन पाएन, बरु सबैले प्रशंसा नै गर्न पुगे । त्यसपछि हरेक वर्ष हाम्रै टोलीले गाउँको डवली नाटकको परम्परा धान्नै पर्ने स्थिति सिर्जना भयो; मैले नाटक लेख्नैपर्ने परिस्थिति खडा हुन पुग्यो । वास्तवमा साहित्य सिर्जनाको यात्रा यसरी सुरु हुन पुग्यो । जीवनमा गद्य विधा त लेख्छु भन्ने लाग्थ्यो तर कविता लेख्छु भन्ने लाग्दैनथ्यो । आज सोँच्दा लाग्छ, मेरो समुदायले कहिल्यै भोग्न नपाएको संस्कृत

छन्दको आतंकले नै कविता सिर्जनाप्राप्त त्यतिबेला मेरो त्यस्तो विचार बन्ने गर्थ्यो । जब छन्दमुक्त कविताको अस्तित्व मैले चाल पाएँ, कविता मेरो एउटा प्रिय विधा बन्न पुग्यो ।

वि.सं.२०४३ देखि २०४७ सम्म 'रोदन सांस्कृतिक परिवार' नामक वामपन्थी गीत नृत्यसम्बन्धी समूहको अध्यक्षका रूपमा क्रियाशील रहेँ । २०४७ देखि राष्ट्रिय स्तरको अखिल नेपाल जनसांस्कृतिक सङ्घको केन्द्रीय सदस्यका रूपमा क्रियाशील भएँ । २०५२ देखि २०५६ सम्म इन्द्रेणी सांस्कृतिक समाजको केन्द्रीय सदस्यमा जिम्मेवारी सम्हालेँ । प्रगतिशील लेखक सङ्घको केन्द्रीय सदस्यका रूपमा २०५२ र २०६३ मा दुईपटक निर्वाचित भई क्रियाशील छु । प्रगतिशील सांस्कृतिक सङ्गठन, नेपालको केन्द्रीय सचिवका रूपमा क्रियाशील छु । २०४५-२०५१ सम्म काठमाडौँ 'प्रतिभा प्रवाह' नामक साहित्यिक अभियानको सञ्चालक सदस्यका रूपमा भूमिका पूरा गरेँ ।

### ७. कम्युनिस्ट आन्दोलनमा संलग्नता र सिर्जनकर्म

कम्युनिस्ट पार्टी र आन्दोलन एउटा विचारधाराको आन्दोलन हो । कतिपयले भनेको सुन्दछु -पार्टीमा सङ्गठित भएपछि सिर्जनकर्म कुण्ठित हुनपुग्दछ । मैले त्यस्तो कहिल्यै महसुस गरिन । कम्युनिस्ट आन्दोलनमा प्रवेशपश्चात् वास्तवमा आलोचनात्मक दृष्टिबिन्दु र समाज एवं विषयलाई ग्रहण गर्ने अपार सम्भावना तथा क्षमता मलाई प्राप्त भयो । निश्चितै रूपमा कहिलेकाहीँ आफू सङ्गठित भएको पार्टीको नीति र आफ्नो विवेकका बीचमा अन्तरविरोध पैदा हुन्छन्, त्यो स्वाभाविक नै हो,यस्तो बेलामा आफू समर्पित विचारधारा र आफ्नो विवेकको संश्लेषित निष्कर्षका आधारमा चल्ने साहस भने गर्नैपर्दछ । म त्यसै गर्ने प्रयत्नमा सधैँ रहन्छु । विचारधारा र विवेकलाई संश्लेषण गरी चल्ने बिधि नै त्यस्तो अचुक हतियार हो भन्ने मलाई लाग्दछ जसले सधैँभरि स्रष्टालाई अराजकतावादका विरुद्ध, निम्न मध्यमवर्गीय अहम् र व्यक्तिवादका विरुद्ध उभिने प्रथा सङ्गठित क्रान्तिकारी स्रष्टा बन्न दृढ बनाउँछ । महान् स्रष्टा महाकमजोरीसहितको हुन्छ भन्ने परम्परागत मान्यतालाई भत्काउने उपाय अरू के छ ? विचारधारालाई आत्मसात् गरी चल्नु र विवेकलाई इमानदारीसाथ प्रयोग गर्नु । हामीले यो विधिलाई अपनाउँनै पर्छ ।

**८. पेसागत संलग्नता**

राजनीति र साहित्यकर्म नै आजसम्मको मेरो पेसा हो पहिलेदेखि राजनीतिमा प्रवेश गरेँ ।

**९. प्रेरणाका बारेमा**

हुन त साहित्य रचनामा प्रवेशसम्बन्धी विषय उठ्दा कसबाट प्रेरणा प्राप्त भयो भन्ने प्रश्न प्रायः उठ्ने गर्दछ तर म भने प्रेरणाको सिद्धान्तमाथि विश्वास गर्दिंन । नदी कुनै प्रेरणाले बग्दैन बरू वस्तुगत समग्र परिस्थितिले ऊ बग्न बाध्य हुन्छ । त्यसकारण समग्र वातावरण नै मुख्य कुरा हो भन्ने कुरालाई म मान्दछु ।

**१०. राजनीति र साहित्यबीचको सम्बन्ध**

मलाई लाग्दछ साहित्य मानव जातिको आकांक्षाको संसार हो । जसमा पूरा भएका, पूरा नभएका र इच्छ्याइएका आकाङ्क्षाहरू घनीभूत रूपमा अभिव्यक्त हुने गर्दछन् । राजनीति चाँहि मानव जातिको आकांक्षालाई पूरा गर्न अघि बढ्दा अनिवार्य रूपमा अपनाउनु पर्ने साधन हो । यसले गर्दा साहित्य कला र राजनीति एकअर्कासँग अन्योन्याश्रित रूपमा सम्बन्धित हुन्छन् नै । जसरी राजनीतिविनाको साहित्यको कल्पना गर्न सकिन्न, त्यसरी नै कलाविहीन राजनीतिको पनि कल्पना गर्न सकिन्न । तर साहित्य, कला र राजनीति एउटै चाहिँ होइनन्, हुनै सक्दैनन् । मानव जातिले विकास गरेका सापेक्षित स्वायत्तता सहितको फरक फरक बौद्धिक शाखाहरू भएकाले यी बीच तात्त्विक भिन्नता पनि विद्यमान हुन्छन् । राजनीतिमा विषयवस्तुलाई मूलतः सापट, सीधा, कठोर र आक्रामक ढङ्गले प्रस्तुत गरिन्छ । मलाई लाग्छ राजनीति मानवीय भौतिक सञ्चयतिर मूलतः केन्द्रित रहन्छ,; साहित्य-कला भने मूलतः मानवीय विवेकको उन्नतितिर प्रतिबद्ध रहन्छ । भौतिक शक्तिको सञ्चयन र मानवीय विवेकको उन्नयन दुबैको लक्ष्य मानवीय आकाङ्क्षाको परिपूर्ति गर्ने नै हुने भएकाले राजनीति र साहित्य-कला आफ्ना बौद्धिक शाखागत विशिष्टतासहित एकअर्कामा परिपूरक बन्न पुग्छन् । आकाङ्क्षाहरू वर्गीय समाजमा वर्गीय नै हुने

भएकाले स्वाभाविक रूपमा राजनीति र साहित्य पनि वर्गीय रूप धारण गर्न बाध्य हुन्छन् ।

### ११. विधागत संलग्नता

नाटकबाट साहित्यकार्य सुरु गरियो । त्यसपछि कवितालाई पनि आफ्नो कार्यभित्र गाँसियो । कथा पनि लेखियो । त्यसपछि उपन्यासमा पाइला राखियो । निबन्धात्मक लेखन पनि गर्नपर्ने भयो । पछिल्लो अवस्थामा सिनेमाको पटकथा लेखनलाई पनि स्पर्श गर्न थालेको छु । तर आनन्द भने उपन्यास र कविता सिर्जनामा नै अहिलेसम्म बढी पाउने गरेको छु ।

### १२. कृति र व्यक्तिगत अनुभवबीचको सम्बन्ध

कलाकारको कृतिमा स्वाभाविक रूपमा कलाकारको व्यक्तिगत दृष्टिकोण, अनुभव र अनुभूति व्यक्त हुन्छन् । आफूले नभोगेका तर अन्य स्रोतबाट प्राप्त सूचनालाई समेत आफूभित्र अप्रत्यक्ष अनुभव गर्ने शृङ्खला पूरा गरेपछि मात्र कलाकारले त्यसलाई अभिव्यक्त गर्न सक्छ । यस कोणबाट हेर्दा मेरो रचना मेरो व्यक्तिगत दृष्टिकोण, अनुभव र अनुभूति छताछुल्ल हुने नै भए तर रचनाकार्यमा मुख्य चासोको विषय चाहिँ के हो भने व्यक्तिगत दृष्टिकोण, अनुभव र अनुभूतिलाई प्रतिनिधि दृष्टिकोण, प्रतिनिधिअनुभव र प्रतिनिधि अनुभूतिको स्तरमा सामान्यीकरण गर्ने प्रयत्न भएको छ कि छैन । त्यसो भएको छ भने रचना सफल हुन्छ त्यसो भएको छैन भने रचनालाई पाठकले बिरानो ठान्दछ र असफल हुन्छ । वास्तवमा कुनै रचनाको सफलता एउटा मुख्य यही नै हो । मलाई थाहा छैन, यो काममा म कति सफल छु तर त्यस दिशामा प्रयत्नशील छु, सबैले हुनैपर्छ ।

### १३. साहित्यकर्म र आफ्नो जीवनबीचको सम्बन्ध

साहित्यकर्म मेरो रुचिको बिषय हो तर म जस्तो समयमा किशोरावस्थामा पुगें र मेरो सामाजिक परिस्थिति जस्तो रह्यो, त्यसले अनिवार्य रूपमा राजनीतिलाई मैले आफ्नो दायित्वको विषय बनाउनै पऱ्यो । राजनीति दायित्व पूरा गर्ने सिलसिलामा मैले साहित्यकर्म पूर्ण रूपमा गर्न नपाएको महसुस भइरहन्छ तर व्यक्तिवादी महत्वाकाङ्क्षाबाट माथि उठ्ने प्रयत्न गर्दा राजनीतिक यात्राको आनन्दमय क्षणमा पनि

म साहित्यकर्मकै जस्तो सुखानुभूति गरी चित्त बुझाउने  गर्दछु । सामन्यतया प्रतिभाहरू विधागत एकनिष्ठतामा घोत्लिन पाऊन, पाउनुपर्छ, घोत्लिनु पर्छ भन्ने मान्यता नै म राख्दछु; यो कुरा नै ठीक हो । राजनीतिको बिप्ल्याँटोपन जनताको पक्षमा सप्ल्याटो भइदिए चुर्लुम्म साहित्यकर्ममा डुब्छु भन्ने लालसा अझै हृदयमा मरिसकेको छैन तर गायकले पनि राज्यसँगको भिडन्तमा ढुङ्गा हान्नैपर्ने राजनीतिक बिप्ल्याँटो परिस्थितिका बीच विनम्र गोरु झै भएर राजनीतिमा दायित्व पूरा गर्नै पर्ने बोध हुँदा इतिहासमा गुमनाम सहिदहरूलाई सम्झेर हृदयलाई थुम्थुम्याउने गर्छु । यही अन्तरविरोधका बीच  आफ्नो जीवनलाई साहित्यकर्म र राजनीतिक कार्यका बीच सक्रियतापूर्वक तैरिरहेको पाउँदछु ।

**१५. आफ्नो साहित्यिक व्यक्तित्वबारेको धारणा**

म आफूलाई प्रगतिवादी विचारधाराद्वारा निर्देशित धेरै सम्भावना भएको तर सम्भावनालाई पक्रिन नसकिरहेको सिकारु प्रतिबद्ध साहित्यकार मान्दछु र यथार्थ पनि त्यही हो ।

**१६. दर्शनका बारेमा**

दर्शनशास्त्र मानवीय तथा भौतिक समस्याहरूको उत्तर खोज्ने क्रममा जन्मिएको हो । त्यसैले मानव जीवनका समानतामुखी आकांक्षाको सेवा गर्नुपर्दछ । त्यस्तो दर्शनशास्त्र भौतिकवादी द्वन्द्ववादबाहेक अरू छदैछैन । यस दर्शनशास्त्रको आँखाबाट हेर्दा मानव जीवन आफैमा सार्वभौम, गतिशील तथा प्रगतिउन्मुख छ । भौतिकवादी द्वन्द्ववादको विश्लेषणबाट विश्लेषण गरियो भने मात्र महानतम मानव जीवनको सही व्याख्या गर्न र त्यसको अग्रगामी यात्रालाई बुझ्न सकिन्छ भन्ने मलाई लाग्दछ ।

**१७. सम्मान र पुरस्कार**

स्रष्टा प्रकाशनद्वारा प्रदान गरिने 'कृष्णमणि सिर्जनशील साहित्य पुरस्कार' **'तपस्वीका गीतहरू'** कवितासङ्ग्रहका लागि वि.सं २०५० मा मलाई प्रदान गरिएको थियो ।

**१८. प्रकाशित कृतिहरू**

१. तपस्वीका गीतहरू (कवितासङ्ग्रह, २०४९)

२. **नयाँ घर** (उपन्यास, २०५०)

३. **स्खलन** (उपन्यास, २०५९)

४.**हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न** (समाजशास्त्रीय राजनीतिक रचना, २०६०)

५. **धुवाँ, आगो र मानिस** (अनूदित उपन्यास, २०६१)

६. **सामना** (निर्माणाधीन टेलिशृङ्खला)

**१९. प्रकाशोन्मुख कृतिहरू**

१. 'नयाँ दिशा र एक प्रेमकथा' (उपन्यास)

२. 'गहुँगोरो अफ्रिका' (कवितासङ्ग्रह)

३. 'नाटक सङ्ग्रह' (एकाङ्कीसङ्ग्रह)

४. नारीसम्बन्धी लेखसङ्ग्रह

५.दलित आन्दोलनसम्बन्धी लेखसङ्ग्रह

६. 'क्रान्तिकारीको मृत्यु' (अनूदित कवितासङ्ग्रह)

७. 'प्रेम, विवाह र घर परिवारबारे' रचनासङ्ग्रह

८. 'दलन' टेलिशृङ्खला

# सन्दर्भसामग्रीसूची


अधिकारी, डी.पी. (२०६०), **'सिर्जना एक : मूल्याङ्कन अनेक',** जनएकता, वर्ष ८ अंक, ३४, पृ. ४ ।

अधिकारी, रविलाल (२०५६), **प्रगतिवादी नेपाली समालोचना,** पोखरा : लेकाली प्रकाशन ।

आहुति (२०४९), **तपस्वीका गीतहरू,** काठमाडौं : प्रगति पुस्तक सदन ।

__________(२०५०), **नयाँ घर,** बुटवल : विश्व नेपाली पुस्तक सदन ।

__________(२०५९), **स्खलन**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

__________ (२०६१), **धुवाँ, आगो र मानिस,** ललितपुर : सहस्राब्दी प्रकाशन प्रा.लि.।

गौतम, देवीप्रसाद (२०४९), **प्रगतिवाद : परम्परा र मान्यता**, काठमाडौं : मुना गौतम ।

गौतम, कृष्ण (२०५९), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, ललितपुर :साझा प्रकाशन ।

चैतन्य, (२०६२), 'नयाँ घर : एक नयाँ आयाम', **नयाँ घर,** लेखक आहुति, बुटवल : विश्व नेपाली पुस्तक सदन ।

जोशी, कुमारबहादुर (२०५७), **पाश्चात्य साहित्यका प्रमुखवाद**, ललितपुर : साझा प्रकाशन ।

ढकाल, नारायण (२०६०), 'सिर्जना एक : मूल्याङ्कन अनेक', **जनएकता,** वर्ष ८ अंक, ३४, पृ. ४ ।

त्रिपाठी, वासुदेव (२०५८), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा** भाग २, ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०६०), 'सिर्जना एक : मूल्याङ्कन अनेक', **जनएकता,** वर्ष ८ अंक, ३४, पृ. ४ ।

पारिजात, (२०४९), 'हत्केलाका फोकाहरू, एक जोडा आँखाहरू आहुतिका कविताहरू', **तपस्वीका गीतहरू,** लेखक आहुति, काठमाडौं : प्रगति पुस्तक सदन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार,** चौथो सं.ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०५३), **कलासाहित्य भूमिका र मूल्याङ्कन**, काठमाडौं : चिन्तन प्रकाशन प्रा.लि. ।

पौडेल, गोपीन्द्र (२०५९), **सौन्दर्यबोध र समीक्षा विविध**, काठमाडौं : उर्मिला पौडेल ।

बन्धु, चूडामणि (२०५०), **भाषाविज्ञान,** छैठौं सं. ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०४८), 'प्रगतिवादी उपन्यासका मूल प्रवृति', अप्रकाशित विद्यावारिधी शोधग्रन्थ, त्रि.वि. ।

__________(२०५६), **उपन्यासको सौन्दर्यशास्त्र**, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), **उपन्यास-सिद्धान्त र नेपाली उपन्यास,** दोस्रो सं, ललितपुर साझा प्रकाशन ।

भट्टराई, घटराज (२०५६), **नेपाली लेखक कोश**, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

भट्टराई, डिजन (२०६३), 'साहित्य समाज परिवर्तनको हतियार', परिवर्तन, वर्ष १, अङ्क १, पृ.२२ ।

भट्टराई, रमेशप्रसाद (२०६२), 'दलित परिप्रेक्ष्य : प्रगतिवादी नेपाली आख्यानका सन्दर्भमा', **प्रलेस,** वर्ष १०, पूर्णाङ्क १४, पृ. ९९– १०५ ।

भण्डारी, जगदीशचन्द्र (२०५५), **प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण**, काठमाडौं : मुन्नी भण्डार ।

______________ (२०६०), 'सिर्जना एक : मूल्याङ्कन अनेक', **जनएकता,** वर्ष ८ अंक, ३४, पृ. ४ ।

भण्डारी, ध्रुवबहादुर (२०६१), 'आहुतिको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि-चन्द्र क्याम्पस, घण्टाघर ।

शर्मा, मोहनराज (२०५९), **शैलीविज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

__________ र खगेन्द्रप्रसाद लुइटेल (२०६२), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सङग्रौला, खगेन्द्र (२०५९), 'स्खलनको आवरण भूमिका', **स्खलन** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

सिंह, मोहनविक्रम (२०६२), 'एउटा नयाँ र साहसिलो प्रयोग' **नयाँ घर,** लेखक आहुति, बुटवल : विश्व नेपाली पुस्तक सदन ।

सुवेदी, राजेन्द्र (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वारणसी : भूमिका प्रकाशन ।

__________(२०६२), 'प्रगतिशील नेपाली उपन्यास : परम्परा र प्रवृत्ति', **प्रलेस,** वर्ष १०, पूर्णाङ्क १४, पृ. ३३ ।

श्रेष्ठ, दयाराम (२०६०), **नेपाली कथा भाग ४,** ललितपुर : साझा प्रकाशन ।